# “गलैचा उद्योगका श्रमिकहरुको सामाजिक, आर्थिक स्थिति”

## भक्तपुर जिल्ला, गठ्ठाघरका गलैचा उद्योगमा कार्यरत श्रमिकहरुको  एक नमुना अध्ययन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत समाजसाशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पुरा गर्नको लागी वीरेन्द्रनगर वहुमुखी क्याम्पस, सुर्खेत समाजशास्त्र/मानवशास्त्र विभागमा प्रस्तुत

# शोध पत्र


**शोधकर्ता**

रुपलाल ऐडी

क्याम्पस रोल्नः ५१

परीक्षा रो.नं.४८७८

रजिष्ट्रेशन नं. : ६८९६१ -८८


२०६६

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा समाजिकशास्त्र संकाय
# समाजशास्त्र / मानवशास्त्र विभाग
# वीरेन्द्रनगर वहुमुखी क्याम्पस, सुर्खेत

## *सिफारिस पत्र*

त्रिभुवन विश्वविद्यालय मानिविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको उपाधि प्राप्तिको आंशिक आवश्यकता पुरागर्नको लागि रुपलाल ऐडीले **"गलैचा उद्योगका श्रमिकहरुको सामाजिक, आर्थिक स्थिति"** भक्तपुर जिल्ला, गट्ठाघरका गलैचा उद्योगमा कार्यरत श्रमिकहरुको एक नमुना अध्ययन वारेमा गरिएको समाजशास्त्रिय अध्ययन शिर्षकको प्रस्तुत शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । लगनशिलता तथा परिश्रम पूर्वक तयार पार्नु भएको यस शोध पत्रवाट म पुर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कन लागि विभाग समक्ष सिफारिस गर्दछु ।

...........................................

**बच्चु कैलाश पाण्डे**

सहायक प्राध्यापक

समाजशास्त्र/मानवशास्त्र विभाग

वीरेन्द्रनगर वहुमुखी क्याम्पस, सुर्खेत

मिति : २०६६/०५/०४

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा समाजिकशास्त्र संकाय
# समाजशास्त्र / मानवशास्त्र विभाग
# वीरेन्द्रनगर वहुमुखी क्याम्पस, सुर्खेत

## *स्वीकृति पत्र*

त्रिभुवन विश्वविद्यालय मानिविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पुरा गर्नको लागि रुपलाल ऐडीले तयार पार्नु भएको यस शोध पत्र उपयुक्त ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

१.श्री केशरसिं राना ..........................................

क्याम्पस प्रमुख

२. श्री कृष्ण बहादुर रेग्मी ..........................................

विभागिय प्रमुख

२. श्री बच्चु कैलाश पाण्डे ..............................................

शोध निर्देशक

३.

वाह्य परीक्षक ...........................................

मिति : २०६६/०५/

# *कृतज्ञता ज्ञापन*

प्रथमत : शोध प्रस्तुत स्वीकृत गरी प्रस्तुत शोधपत्र लेखनमा सुअवसर प्रदान गर्नु हुने समाजशास्त्र/ मानवशास्त्र विभागका विभागीय प्रमुख श्री कृष्ण बहादुर रेग्मी प्रति आभारी छु । प्रस्तुत गलैचा उधोगका श्रमिकहरुको सामाजिक, आर्थिक अवस्था ( भक्तपुर जिल्ला गट्ठाघरका गलैचा उधोगमा कार्यरत श्रमिकहरुको एक नमूना अध्ययन ) विषयक शोधपत्र समाजशास्त्र विषयका सहायक प्राध्यापक श्री बच्चु कैलाश पाण्डे ज्यू को कुशल निर्देशनमा र विभागका अन्य गुरुहरुको सहयोगमा तयार पारिएको हो । अति व्यस्तताको समेत प्रवाह नगरी सदभावपूर्ण तवरले प्राप्त भएको उहांहरुको अमूल्य निर्देशन र सहयोग प्रति म सदैब आभारी रहनेछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सर-सल्लाह दिदै हौसला दिनु हुने क्याम्पस प्रमुख श्री केशरसि राना तथा क्याम्पसका कर्मचारी श्री नारायण प्रसाद कडेल र पुस्तकालय प्रमुख प्रति आभार व्यक्त गर्दछु ।

विभिन्न आर्थिक र व्यवहारिक समस्याहरु संग जुझदै मेरो अध्ययनलाई यस स्थितीमा ल्याउन बल पुऱ्याउनु हुने पुज्जनिय बुबा श्री कमारो ऐडी, आमा श्री सुनकली ऐडी, श्रीमती सुमित्रा ऐडी र छोराहरु दिवस र तुषार ऐडी प्रति सदैव ऋणी रहनेछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सहयोग गरिदिनु हुने भक्तपुर गट्ठाघरका गलैचा उद्योगका श्रमिक दाजुभाई दिदीबाहिनी प्रति आवश्यक जानकारी दिएर यो शोधपत्रलाई सार्थक बनाई दिनु भएकोमा आभारी छु । धन्यवाद ।

**शोधकर्ता**

रुपलाल ऐडी

# विषय-सुची


| क.स. | विषय | पृष्ठ नं. |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| विषय सुची | | iv-vii |
| परिशिष्टाङ्क | | viii |
| **अध्याय एक** | | **१-८** |
| १.१ | अध्ययनको पृष्ठभुमी | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको उद्देश्य | ६ |
| १.४ | अध्ययनको महत्व | ७ |
| १.५ | अध्ययनको संगठन | ८ |
| **अध्यय दुई** | | **९-१६** |
| २. | पूर्व साहित्य समिक्षा | ९-१६ |
| **अध्यय तिन** | | **१७-२१** |
| ३. | अनुसन्धान विधि | १७ |
| ३.१ | अध्ययन क्षेत्रको छनौटको औचित्य | १७ |
| ३.२ | अध्ययन क्षेत्रको ढाँचा | १७ |
| ३.३ | तथ्याङ्क प्रकृति र श्रोतहरु | १७ |
| ३.३.१ प्राथमिक श्रोत | | १८ |
| ३.३.२ द्धितिय श्रोत | | १८ |
| ३.४ | समग्रता एवं नमूना छनौट विधि | १८ |
| | ३.४.१ नमुना क्षेत्रमा परेका श्रमिकहरुको जनसांख्यिक विवरण | १८ |

३.५ तथ्याङ्क संकलन विधि २०
३.६ तथ्याङ्कको विश्वशनियता र प्रमाणिकता २०
क. विश्वशनियता २०
ख. प्रमाणिकरण २०
३.७ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतिकरण २०
३.८ अध्ययनको सीमा २१
**अध्याय चार** २२-२२
४. अध्ययन क्षेत्रको परिचय
४.१ भौगोलिक अवस्थिति
४.२ जातजाति
४.३ व्यवसाय
४.४ अध्ययनमा परेका गलैचा उद्योगको सामान्य परिचय
४.४.१ लक्ष्मी कार्पेट इण्डष्ट्रिज
४.४.२ जु.जु. कार्पेट उद्योग
४.४.३ जगत कार्पेट
४.४.४ आर.के कार्पेट उद्योग
४.४.५ खुशि कार्पेट फ्याक्ट्री

**अध्याय पाँच** २३-५५
५. तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण
५.१ सामाजिक स्थिति
५.१.१ लिङ्गगत आधारमा उत्तरदाताको जनशाख्यिक विवरण
५.१.२ उमेरको आधारमा उत्तरदाताको विवरण
५.१.३ शैक्षिक स्थिति
५.१.४ वैवाहिक स्थितिको आधारमा उत्तरदाताको वर्गिकरण
५.१.५ जिल्लागत आधारमा उत्तरदाताको वर्गिकरण
५.१.६ क्षत्रीय आधारमा उत्तरदाताको वर्गिकरण
५.१.७ जातिगत आधारमा उत्तरदाताको वर्गिकरण

५.१.८ परिवारको आकार

५.१.९ घर परिवार सदस्य विवरण

५.१.१० भाषा

५.१.११ धर्म

५.१.१२ भोजन

५.१.१३ भेष भुषा

५.१.१४ चाँड पर्व

५.१.१५ सामाजिक सांस्कृतिक प्रभाव

५.१.१६ स्वास्थ्य स्थिति

५.२ आर्थिक स्थिति

५.२.१ श्रमिकहरुले गर्नु पर्ने कामको विवरण

५.२.२ मजदुरहरुको पारिश्रमिक विवरण

५.२.३ कामको आधारमा उत्तरदाताको विवरण

५.२.४ गलैचा वजार अवस्था र मजदुर संख्या

५.२.५ उत्तरदाताको गलैचा उद्योग कामको अतिरिक्त अन्य पेशा

५.२.६ काम गर्ने समयको विवरण

५.२.७ मजदुरहरुको आश्रित परिवारको विवरण

५.२.८ उत्तरदाताहरुको परिवारिक खाद्यान्न प्रयाप्तता

५.२.९ प्रयोग गरिने ईन्धन शर् v

५.२.१० भौतिक सामाग्री विवरण

५.२.११ श्रमिकहरुको मासिक आम्दानी विवरण

५.२.१२ आम्दानीको वाँकी खर्च विवरण

५.२.१३ स्वास्थ्य परिक्षण तथा शिक्षण शुल्कको आर्थिक दायित्व

५.३ श्रमिकहरुको काम प्रतिको धारणा

५.३.१ गलैचा उद्योगमा काम गर्दा श्रमिकहरुको नैराश्यता विवरण

५.३.२ श्रमिकहरुको आफ्नो वर्तमान कार्य प्रतिको सन्तुष्टि

५.३.३ श्रमिकहरुको आफ्नो हक हितको लागि अन्य संगठन संगको संलग्नता

५.३.४ श्रमिकहरुका समस्या, माग तथा पछौटेपनका कारण

**अध्याय ६** **५६-६२**

६. सारांश, उपहंसहार तथा सुझाव

६.१ सारांश

६.२ उपसंहार

६.३ सुझावहरु

**परिशिष्टाङ्क**

क. सन्दर्भ ग्रन्थ सुची

ख. श्रमिकहरुको अन्तवार्ता लागि प्रयोग गरिएका प्रश्नावलीहरु

ग. गलैचा उद्योग मालिकलाई शोधिने प्रश्नावलीहरु

घ. गलैचा उद्योग सम्वन्धि विशेष जानकारी हाँसिल गरेका व्यक्तिलाई सोधिने प्रश्नावलीहरु

# अध्याय - एक

## १.१ अध्ययनको पृष्ठभुमी

नेपाल विश्वमानचित्रमा अनुपम हिमश्रृंखलाको फेदीमा अवस्थित देश हो । जहाँ प्राकृतिक सौन्दर्यको खानि छ । अझ नेपाल क्षेत्रको आधारमा हिमाल, पहाड, तराई तिन क्षेत्रमा विभाजन छ । नेपाल २६$^{\circ}$२२' देखि ३०$^{\circ}$ २७' उत्तरी अक्षांश र ८०$^{\circ}$ ४०' देखि ८८$^{\circ}$ १२' पुर्वी देशान्तरमा अवस्थित छ । नेपालको जम्मा क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. र यसले विश्वको कुल क्षेफलको ०.०३ प्रतिशत हुन आउँछ भने एसिया महादेशको क्षेत्रफल अनुसार ०.३ प्रतिशत हुन्छ । नेपालको सरदर लम्वाई ८८५ कि.मि. र चौडाई न्यूनतम १४५ कि.मि. अधिकतम २४१ कि.मि. छ । नेपाललाई पुर्व, पश्चिम तथा दक्षिण तिरवाट भारतको भु-भागले ढाकेको छ भने उत्तर तिर वाट चिनको स्वशाशित भुमिले ढाकेको छ ।

नेपाल वहुसांस्कृतिक, वहुधर्मी देश भएता पनि हिन्दु अधिराज्य भनेर चिनिन्छ । यहाँका जनताहरु चारजात तथा छत्तिस वर्णमा विभक्त छन् । जुन समय, परिस्थिति अनुसार अन्य विकसित, मूलुक झै विभिन्न पेशा व्यवसायहरु अवलम्वन गरेको देश हो । हुनत नेपालीहरु कृषि वाट वर्ष भरी खान लगाउन पुऱ्याउन असमर्थ छन् वा गरिवीको रेखा मुनी छन् । त्यसैले नेपालीहरुले विभिन्न पेशा अंगालेका छन् र विभिन्न जातजाती उच्च देखि निम्न कामदारका रुपमा श्रम गरिरहेका छन् ।

सन् २००१ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २,३१,५१,४२३ रहेको यसमा कृषिमा आश्रित जनसंख्या लगभग ८१.१ प्रतिशत पर्दछन् । नेपाल आफैमा कृषि प्रधान देश भएतापनि, जनसंख्या वृद्धि, भुक्षय, पानीको अभाव, नयाँ प्रविधिको अभाव, कृषि सम्वन्धि ज्ञानको अभावका कारण सवैलाई वार्षिक खान लगाउन नपुग्ने अवस्थामा छ । जसले गर्दा नेपाली जनताहरु रोजगारीको लागि विदेश जाने र साह्रै गाह्रो तथा खतरनाक काम गर्ने तथा स्वदेशमै पनि विशेषत वेरोजगारहरु गाउँ छोडेर शहर तिर छिर्ने प्रवृति टड्कारो छ । यसरी धेरै जस्तो जनता कृषिमा निर्भर रहेतापनि तिनिहरुको ग्राहस्थ उत्पादन कुल उत्पादनको दुई तिहाई मात्र रहेको छ । कृषिवाट निकाशि र निर्यात प्रवर्दनको लागि कच्चा पर्दाथ तयार गरि आयात प्रतिस्थापनमा मद्दत पुग्ने भएता पनि कृषि क्षेत्रमा आएको ह्रासका कारण आर्थिक वृद्धि पनि मन्द गतिमा छ ।

कृषि क्षेत्रमा थोरै लगानी नयाँ प्रविधिको प्रयोगको अभाव र त्यसवाट उत्पादन समेत कम हुने भएकाले आर्थिक पक्ष पनि सवल वन्न सकेको छैन । जनताको समस्या समाधान केवल कृषि क्षेत्र वाट मात्र आर्थिक उपार्जन गर्न नसकीने अवस्थामा यहा ठूला उद्योगहरु पनि नयां प्रविधिको अभावमा कच्चा पदार्थको अभावका कारण र दक्ष मानव जनशक्तिको अभावका कारण अगाडी वढ्न नसक्नेहुनाले कृषि वाटनै उत्पादीत कच्चा पदार्थ र निम्न प्रविधिको उपयोगले साना तथा घरेलु उद्योग धन्दा वाटनै रोजगारी प्रदान गर्ने आर्थिक उपार्जन गर्ने विदेशी मुद्रा आर्जन गर्ने सम्भावना देखिन्छ । जसमा नेपालमा ठुला उद्योगले गर्ने काम साना उद्योगले गर्न नसकेता पनि उद्योग हुनका साथै ६६ प्रतिशत रोजगार समेत घरेलु उद्योगहरुले नै प्रदान गरेको छ ।(हरिवहादुर के.सी. २०६०)

नेपालवाट विदेश निकाशि हुने गलैचाहरुमा सन् १९७२/७३ मा नेपाली रुपैयाँ २४,७२,०००/- वरावर मुल्य पर्ने गलैचा निकाशी भएको छ । त्यस्तै १९९९/२००० तिरको समयमा वढेर ९,९६,५५,६०,०००/- नेपाली रुपैयाँ मूल्य वरावरको निकाशी भएको पाईन्छ । नेपाली गलैचाले युरोप तथा अमेरीकी वजारमा धेरै राम्रो वजार पाएको छ । यसरी हेर्ने हो भने गलैचा र उन विकाश वोर्ड धुम्वाराहीका अनुसार सन् २१ जुलाई २००३ सम्ममा जम्मा ४७ वटा देशहरुमा नेपाली गलैचा निर्यात भएको पाईन्छ । A Members Of Directory का अनुसार सवभन्दा वढी निर्यातित दश वटा देशहरु निम्न प्रकारका छन्।

**टप दशमा परेका देशहरु निम्न प्रकार छन्**

| | नेपाली रुपैया मूल्य '००० |
|---|---|
| जर्मनी | ७०,७७,२८७ |
| यू.एस.ए. | १९,२९,८४१ |
| वेल्जीयम | ४,४९,२३५ |
| स्विजरल्याण्ड | २,९५,१३३ |
| अष्ट्रिया | २,२६,८९९ |
| यू.के. | २,०८,३९५ |
| नेदरल्याण्ड | १,१८,७५३ |

| | |
|---|---|
| स्पेन | ९७,०५९ |
| जापान | ५२,२९४ |
| टर्की | ४८,४०३ |

Source:- A Members Of Directory २०६०

उन कटिङ्ग र रंगाई वाहेक सवै धागो कात्ने, धूलाई गर्ने, कटीङ्ग गर्ने आदिमा श्रमिकहरुको हात रहने र नेपालको विभिन्न जातजातीले त्यसमा श्रम गर्ने हुदा यस क्षेत्रको अनुसन्धान हुन जरुरी छ । फेरी यसमा प्रभावकारी भुमिका रहने हुदा श्रमिकहरुको वास्तविक आर्थिक, सामाजिक अध्ययन हुनु अनिवार्य जस्तै छ ।

**ऐतिहासिक पृष्टभुमी :-**

विशेषतः देश भित्र तथा विदेश तिर ख्याति प्राप्त गरेको गलैचाहरुको नेपालमा गरिने डिजाईनको आफ्नै विशेषता छ । गलैचा वुनाई सानो ईकाईमा भएतापनि यसले नेपालमा भने पौराणिक काल देखिको आफ्नो इतिहास वोकेको छ । शिकारी युगवाट अगाडी वढ्ने क्रममा यस समयमा विभिन्न थरिका मान्छेहरु आ-आफ्नो गुजाराका लागि कृषि तथा घरेलु व्यवसायमा संलग्न रहेको पाइन्छन् । प्रशिद्ध अर्थशास्त्री कौटिल्य र चिनियाँ यात्री हुयन साङ्गको विश्लेषण वाट नेपालको घरेलु गलैचा चिनको तिव्वत सम्म निर्यात भएको पाइन्छ । (राजभण्डारीः २०४२)

(CCI Member's Directory) २०६० का अनुसार नेपालको राजधानीमा वुन्ने कला धेरै पुरानो हो । विशेषत यो देशको हिमाली क्षेत्रतिरको जिल्लाहरुमा घरेलु उनवाट त्यसवेला आफ्नै परम्मराका राडी, पाखी, वक्खु, घरेलु दरि वुनिन्थे र यिनीहरुको वजार भनेको स्थानिय वजारनै हुन्थे।

६० को दशकतिर आएर निर्याततित गलैचाको आगमन भयो जुन तिव्वतियन शरणार्थीवाट भएको हो जुन वेला स्विस सहयोग वाट आर्थिक तथा प्राविधिक सहयोग वाटनै नेपालमा गलैचा उद्योगको विकास भयो । जुन सहयोग तिव्वतीयन शरणार्थीलाई गरिएको थियो । यसरी १९६४ वाट विदेश भुमिमा पहुँच वढाउन सफल भयो । पहिले वाणिज्य अंग यूरोपको स्विजरल्याण्ड हुन पुग्यो नेपालको महत्पुर्ण उत्पादन गलैचाले कमर्सीयल उत्पादनको रुप लियो ।

६०-१५० किनारा वनाइएका वा गाठो पारीएका तथा हातले वुनेको नेपाली-तिव्वतियन गलैचा धेरै राम्रो श्रेणीका हुन्थे र यि गलैचाहरु उच्च स्तरको भेडाको रौं वाट वनाइएका हुन्थे ।

सि.सि.आइ.ए. अझ अगाडी थप्दछ - वुद्धिष्टहरु धेरैजसो पुरानो संस्कृति नेपाली-तिव्वतियन कार्पेटको डिजाईनमा थिए तर अहिलेको समयमा नेपालमा आधुनिक रंग भएका र मसिनो धर्सो, छेउ भएको ठूलो प्रकृतिका र कम्तीमा ०.२५ स्क्वायर मिटर साईज भएका पाईन्छन् ।

उपत्यका भित्र वि.स. १९९० देखि घरेलु उद्योगको सुरुवात भएको पाईन्छ  यसै समय देखिनै गलैचा उद्योगको स्थापना भएको हो । उपत्यका भित्रको भक्तपुर क्षेत्र पनि यसै समय देखि स्विस सहयोग पछिनै गलैचालाई आयश्रोतको वाटो वनाएको पाइन्छ । यस उद्योगवाट धेरै कामदारहरुले श्रम लगाउन पाए भने अन्य शरणर्थी पनि जिविकोपार्जनको लागि काम पाए । अन्यमा विस्तार तथा प्रभाव पर्दै जाँदा आज भोली गलैचा उत्पादन गर्ने क्षेत्रहरुमा भक्तपुरको मध्यपुर ठिमी न.पा. अन्तरगत वडा नं. १५ को गट्ठाघर पनि मुख्य मानिन्छ । यसरी विभिन्न जाती, भाषा तथा संस्कृति वोकेको मान्छेहरु आफ्नो श्रम गलैचा उद्योगको लागी प्रयोग गरिरहेका छन् ।

वर्तमानमा आएर ९५ प्रतिशत गलैचा उत्पादन उपत्यका भित्र तयार पारिन्छ भने केवल ५ प्रतिशत गलैचा मात्र उपत्यका भन्दा वाहिरका जिल्लाहरुमा उत्पादन गर्ने गरिन्छ  (हरिवाहादुर के.सी. २०६०)।

सन् १९५० तिर चिनवाट शरणर्थीका रुपमा आएका तिव्वतका करिव १५०० शरणर्थिले नेपालमा विभिन्न गलैचा वुन्ने गरेको गलैचाहरु सुन्दर मनमोहक भएका कारण नेपालको धेरै जस्तो क्षेत्रमा तिव्वतीयन गलैचाले प्रभाव पारेको थियो । काठमाण्डौमा भने सन् १९६१ देखि गलैचा वुन्ने काम प्रारम्भ भयो । उपत्यकामा खासगरी वौद्धलाई (१९६८) प्रमुख क्षेत्र मानियो । यसरी स्वयम्भु, ढोरपाटन, पोखराका विभिन्न ठाउँमा पनि गलैचा कारखाना स्थापना गरियो ।

आजभोली उपत्यकाका धेरै जस्तो ठाउमा गलैचा उत्पादन हुने गरेको पाईन्छ । भक्तपुरमा मात्र करिव ८४ वटा गलैचा उद्योगहरु वर्तमानमा कार्यरत छन् ।

उपत्यका भित्रको तिनवटा जिल्ला मध्ये भक्तपुर जिल्ला विक्रम सम्वत् २०५५ सम्ममा ८१ वटा कार्पेट उद्योगहरु संलग्न देखिन्छ । जसमा गलैचा उत्पादक ७१, उनी धागो कताई ९ वटा, उन कतीङ्ग तर्फ ३ वटा, उन डाइङ्ग तर्फ २ वटा र निर्यातक उद्योग ५ वटा रहेका छन् भने त्यही समयमा ति उद्योगमा काम गर्ने पुरुष, महिला श्रमिकहरु जम्मा ३ हजार १४ रहेका छन् भने उनीहरुको शैक्षिक हैसियत हेर्नु पर्दा शिक्षित श्रमिकहरु जम्मा ९१, अर्ध शिक्षित जम्मा २३६९ र अशिक्षित श्रमिकहरुमा ५५४ रहेका छन् । यी उद्योगहरुमा महिला श्रमिकहरु १३५१ र पुरुष श्रमिकहरु १६६३ छन् । स्थलगत तथ्याङ्क संकलन प्रतिवेदन २०५६ (केन्द्रीय गलैचा उद्योग संघ)।

## १.२ समस्याको कथन :-

भक्तपुर जिल्लाको गलैचा उद्योगमा काम गर्ने श्रमिकहरु के कति र कस्तो अवस्थामा काम गरिरहेका छन् भन्ने वास्तविक तथ्याङ्क नपाईने भएकोले यस विषयमा अध्ययन गरिएको हो । यसको भपरपर्दो सरकारी तथा गैह्र सरकारी तथ्याङ्क त्यसमा पनि शोषित पिडित महिला, पुरुषवाट वेला वखत समाचारमा आउने गरेकाले पुष्टि हुन्छ । यस अवस्थामा तथ्याङ्क नपाएतापनि वर्तमान दिनहरुमा वढ्दै गईरहेको वेरोजगारी समस्या समाधानमा अग्र भुमिका खेल्न सफल यस उद्योगमा काम गर्ने श्रमिकहरुको आर्थिक, समाजिक वास्ताविक अवस्था र त्यसवाट उत्पन्न हुने समस्या त्यसको गुणात्मक पक्षलाई के-कसरी अगाडी लैजान सकिन्छ भन्ने कुरा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा चासोको विषयका रुपमा आएको छ ।

श्रमिकहरुले कार्य गर्दा भौतिक सुविधा सम्वन्धमा अध्यारोकोठामा कम्तिमा ५-२० जना सम्मले काम गर्नु पर्ने गरेको पाइन्छ । समय-समयमा स्वास्थ्य परिक्षण नगरिने, शिक्षा क्षेत्रवाट वञ्चित रहने तथा महिलाहरुलाई पनि कडा परिश्रमयूक्त काममा लगाईने हुनाले श्रमिकहरुको गरिवी तथा पछौटेपनको वास्तविक अध्ययन अनुसन्धान गरि उक्त अवस्थाको विश्लेषणात्मक तरिकावाट समाधानको उपाय खोज्नु समस्याको मूख्य पक्ष हो ।

प्रशिद्ध समाज शास्त्रि एवं अर्थशास्त्रि कार्लमाक्सले समाजलाई दुई वर्गमा विभाजन गरेको छन् जुन आर्थिक रुपमा पूँजिपती वर्ग र सर्वाहारा वर्ग हुन् उनका

अनुसार पूंजिपति वर्गले जहिले पनि सर्वहारा वर्ग माथि दमन शोषण तथा शाशन गरेका हुन्छन् । आजको पुंजिपति यूगमा पुँजिपतिहरुनै कारखानाको मालिक हुन्छन्  अझ नेपाल जस्तो अर्धसामन्ती यूग रहेको देशमा त मजदुहरुको जिविका पूँजिपति वर्गले दिएको काम वापत सानो ज्याला मात्र हुन्छ । यि वर्ग आर्थिक आधारमा अलग-गलग ध्रुवमा विभक्त छन् । श्रमिक वर्गमा जव-जव चेतना जाग्न थाल्छ  अनी यी दुई वर्ग विच द्वन्द संघर्ष शुरु हुन्छ किनभने श्रम र यसको मूल्यको वारेमा श्रमिकहरुलाई ज्ञान हुदै जान्छ । उनिहरु आफ्ना अधिकार सहित संघर्षमा उत्रिन्छन् । कार्लमाक्सको वाद, प्रतिवाद, सम्वादको सिदान्त वमोजीम सामाजिक, आर्थिक द्धन्द सुरु भएर अन्तिम अवस्थामा श्रमिकवर्गको अवस्यम्भावी विजय सुनिस्चित देखिन्छ ।

अध्ययन समस्याको रुपमा निम्न प्रश्नहरुलाई प्रयोग गरिएका छन् ।

१. अध्ययन क्षेत्रमा श्रमिकहरुको सामाजिक, सांस्कृतिक अवस्था कस्तो छ ?

२. श्रमिकहरुको आर्थिक अवस्था कस्तो छ ?

३. पुरुष तथा महिलाको शैक्षिक, आर्थिक तथा कामको ग्यारेन्टी कस्तो छ ?

४. महिलामाथि हुने आर्थिक, समाजिक शोषणको अन्त्य कसरी गर्न सकिन्छ ?

५. गलैचा उद्योगको महत्व कसरी वढाउन सकिन्छ ?

६. गलैचा उद्योगमा काम गर्ने श्रमिकहरुको भविष्य कसरी सुरक्षित पार्न सकिन्छ ?

७. गलैचा उद्योगलाई समय सापेक्ष कसरी प्रभावकारी तथा सम्मान जनक उद्योगका रुपमा स्थापना गर्न सकिन्छ ।

## १.३ अधययनको उद्देश्य :-

गलैचा उद्योगमा कामगर्ने श्रमिकहरुको आर्थिक, समाजिक अवस्थाको विश्लेशण गर्नु यसको उद्देश्य हो । त्यसैले भक्तपुर जिल्लाको गट्टाघर स्थित गलैचा उद्योगमा काम गर्ने पुरुष तथा महिला श्रमिकहरुको आर्थिक तथा सामाजिक अवस्थाको विशलेषण गर्ने निम्न प्रकारका उद्देश्य रहेका छन् ।

१. अध्ययन क्षेत्रका श्रमिकहरुको सामाजिक आर्थिक अवस्थाको अध्ययन गर्ने

२. अध्ययन क्षेत्रका श्रमिकहरुको पेशा प्रतिको धारणा पत्ता लगाउने

३. श्रमिकहरुको समस्या पहिचान गर्ने तथा समस्याका उपायहरु प्रस्तुत गर्ने

४. श्रमिकहरुको शैक्षिक अवस्थाबारे अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

कुनै पनि देश चाहे विकसित होउन यात विकाशशिल राष्ट्रलाई विकासको अग्र स्थानमा राख्न केवल कृषि कार्यले मात्र पुग्दैन ति देशहरुमा औद्योगिक विकास हुन जरुरी छ । त्यस्तै नेपाल जस्तै विकाशील देशलाई मजवूत तथा किकासको वाटोमा डोऱ्याउन पनि उद्योगहरुको विकास हुन जरुरी छ । त्यसमा पनि स्वदेशी कच्चा पदार्थवाट संचालित उद्योगहरुले विशेषत देशलाई फाईदा पुऱ्याउँछ । जसले गर्दा अन्य देशमा पनि निकासी गर्दा सस्तो भरपर्दो वन्न जाने भएकाले नै श्रोत र साधन परिचालन गर्ने क्रममा नेपालको गलैचा उद्योगले विशेष स्थान ओगटेको तथा विशेष निकाशीमा लगभग ६० प्रतिशत गलैचाले नै ओगटेको छ । त्यसैले यसको महत्व र यस्ता उद्योगहरुमा काम गर्ने श्रमिक पुरुष, महिलाहरुको अध्ययन अनुसंधान हुन जरुरी देखिएको साथै विकसित देशहरुमा पनि श्रमिकहरुको आर्थिक, सामाजिक स्थितिमा सचेत देखिएका छन् । कुनै पनि देशको उद्योगमा काम गर्ने श्रमिकहरुको स्थान अग्र रहने गर्दछ । त्यसकालागि औद्योगिक क्षेत्रमा उनीहरुको भौतिक, सामाजिक पक्षलाई पनि मजवूत पादै लैजानु पर्ने हुन्छ । यसका लागि उद्योग क्षेत्रको निरिक्षण, परिक्षण, वर्गिकरण र सामान्यिकरण हुन आवश्यक छ । व्यवहारमा निरिक्षण, परिक्षण, वर्गिकरण, समान्यिकरण गर्न आवश्यक हुन आएको छ र उपरोक्त तरिका नअपनाईएमा विषय, वस्तुले कुनै वास्तविक उवलव्धी दिन सक्दैन, व्यवहारमा पनि लागू गर्न सकिदैन ।

वास्तविक अध्ययनले विषय, वस्तुलाई पुर्णता दिने र फलतः मजदूरहरुको सामाजिक संगठन, शैक्षिक स्थिति, आर्थिक अवस्था र सांस्कृतिक अवस्था पहिचान गरी उनीहरुको कामको आवस्थाको जानकारी लिई सकारात्मक पक्षवाट यसलाई लागू गर्नु मुख्य विषय हुन आउँछ ।

अर्को तिर हेर्ने हो भने, गलैचा उद्योगको श्रमिक, परुष तथा महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक स्थितिको प्रभावकारी रुपमा अध्ययन, अनुसंन्धान हुन नसक्नुले पनि यस अध्ययनको महत्व छ ।

## १.५ अध्ययनको संगठन

भक्तपुर जिल्लाको गट्ठाघर स्थित गलैचा उद्योगमा काम गर्ने श्रमिक पुरुष, महिलाहरुको सामाजिक, आर्थिक अवस्थाको समाजशास्त्रीय हिसावले अध्ययन गर्ने शोध तयार गर्दा यस शोधपत्रलाई व्यवस्थित वनाउन विषय, वस्तुलाई विभिन्न ६ वटा परिच्छेदमा जुन निम्न प्रकारमा विभाजन गरिएको छ।

**अध्याय** एकमा अध्ययनको परिचय ऐतिहासिक पृष्टभुमी पर्दछ । यस अन्तर्गत परिचय, ऐतिहासिक पृष्ठभुमि, अध्ययन समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको संगठन राखिएको छ।

**अध्याय** दुईमा पूर्व साहित्य समिक्षा छ।

**अध्याय** तिनमा विधि पर्दछ । यस अन्तर्गत अध्ययन क्षेत्र छनोट, अनुसन्धान विधि, तथ्याङ्कको श्रोत र प्रकृति, नमुना छनोट, तथ्याङ्क संकलन विधि, तथ्याङ्क वैद्यता, औजारहरुको छनौट, प्रश्नावली अवलोकन अन्तरवार्ता, तथ्याङ्क प्रस्तुति एंवम् विश्लेशण, अध्ययनको सिमा छ।

**अध्याय** चारमा अध्ययनको क्षेत्रको परिचय राखिएको छ । यस अन्तर्गत भौगोलिक अवस्थिति, जात जाति, व्यवसाय अध्ययनमा परेका गलैचा उद्योगको सामान्य परिचय पर्दछन्।

**अध्याय** पाचँमा सामाजिक, आर्थिक अवस्था रहेका छन् । यस अन्तर्गत सामाजिक स्थिति, नमूना क्षेत्रमा परेका उत्तरदाताहरुको जनसांख्यिक विवरण, लिङ्गगत आधारमा उत्तरदाताहरुको जनसांख्यिक विवरण, उमेरको आधारमा उत्तरदाताहरुको वर्गिकरण, वैवाहिक स्थितिको आधारमा उत्तरदाताहरुको वर्गिकरण, स्थाई वसोवास जिल्लागत आधारमा उत्तरदाताहरुको विवरण, क्षेत्रीय अधारमा विवरण, जातिगत अधारमा उत्तरदाताहरुको वर्गिकरण, परिवारको आकार, घर परिवारको सदस्य विवरण, चाड-पर्व, भेष-भुषा, धर्म, सामाजिक तथा सांस्कृतिक प्रभाव, शैक्षिक स्थिति, आर्थिक अवस्था, महिलाहरुको, उत्तरदाताहरुको पारिश्रमिक, कामको विवरण, गलैचा वजार, श्रमिक सम्वन्ध, उद्योगपति र श्रमिक सम्वन्ध खाद्यान्न प्रयाप्तता, काम गर्ने समय, उत्तरदाताको आश्रित पारिवारीक वितरण प्रयोग गरिने ईन्धन शक्ति, भौतिक शक्ति, आम्दानीको वांकी खर्च विवरण, स्वास्थ्य परिक्षण र शिक्षण शुल्कको आर्थिक दायित्व, श्रमिक समस्या माग तथा पछौटेपनका कारणहरु राखिएका छन्।

**अध्याय ६** मा सारांश, उपसंहार एंव सुझावहरु छन्।

# अध्याय - दुई

## पूर्व साहित्य समिक्षा

गलैचा उद्योग उपत्यका भित्र एक हजार भन्दा वढी संख्यामा रहेका छन् भने भक्तपुर जिल्लामा कम्तिमा पनि ८० को संख्यामा रहेको पाइन्छ । यस गलैचा उद्योग तिर विशेषगरी उपत्यका र वाहिरका मानिसहरु संलग्न रहेको पाइन्छ  जसमा काठमाण्डौ, भक्तपुर, ललितपुर, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रे आदि क्षेत्रवाट विभिन्न जात जाति मानिसहरु संलग्न हुदै आएका छन् । देशको अर्थतन्त्र तथा महत्वकासाथ यसमा निरिक्षण, परिक्षण, वर्गिकरण र सामान्यिकरणमा आधारीत लेख तथ्यहरु पाईदैन यदी पाईहाले पनि खास अपूरा नै पाईन्छन् ।

खासमा भन्नुपर्दा पूर्व साहित्य समिक्षा शिर्षक अन्तरगत हाल सम्म यस विषयमा प्रकाशित लेख, रचना, साहित्य, अनुसन्धान दृष्टिहरुको समिक्षा गरिएको छ । गलैचा उद्योगका श्रमिक पुरुष तथा महिलाहरुको आर्थिक सामाजिक अवस्थाको वारेमा वास्तविक अध्ययन वाट प्रकाशित कुनै पनि तथ्यलाई समावेश गरिएको छ ।

पुर्व साहित्य समिक्षा यस व्यवसायका श्रमिकसंग सम्वन्ध राख्ने विभिन्न श्रम सम्वन्धि नियमावलि समाजशास्त्रीका लेखहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित कुराहरु तथा व्यक्तिहरुका विचाहरु प्रस्तुत गरिएका छन् ।

गलैचा धुलाईको वारेमा खासगरि गलैचा धुलाई सानो ईकाइमा गरिदै आएको यसमा मुख्य रुपले काम गर्ने कामदारहरु सिमा क्षेत्रका भारतीयहरुवाट गरिदै आएको हुँदा धुलाई तथा फिनिसिङ्ग क्षेत्रमा वढी प्रभावकारीता ल्याउन स्थानिय कामदाहरुलाई तालिम दिलाई ज्याला मजदुरीमा उनिहरुको प्रतिस्पर्धामा लैजानु जरुरी छ । (श्रेण्ठ १९८१)

तिव्वतियन वुद्धिष्टहरु  विशेषत : हातले वुनीएको राढि पाखीवाट विकशित रुप नै गलैचा हो । जुन अहिले नेपालको मूख्य निर्यात गरिने वस्तुका रुपमा रहेको छ । नेपाल जस्तो विकाशोन्मुख देशवाट खासगरि मुख्य गरेर दश देशहरुमा निर्यात गरिन्छन् । जुन देशहरु निम्न प्रकारका छन् ।

- जर्मनी
- यू.एस.ए
- वेल्जीयम

- यू.के
- नेदरल्याण्ड
- स्पेन
- जापान
- टर्की आदी देशहरु छन् ।

(Country wise carpet exports from Nepal Top Ten contries 1999-2000) (केन्द्रिय गलैचा उद्योग संघ)

नेपालमा गलैंचा उद्योग ठुलो रोजगारी प्रदान गर्ने उद्योग अर्न्तगत पर्दछ जुन अशिक्षित धेरै नपढेका तथा अन्य ठाउँमा काम गर्न नसक्ने ठुलो समुहमा आवद्ध भएर काम गरिन्छ । यस उद्योगमा लैङ्गीक भिन्नता पनि छैन यसले विशेषत : महिला श्रमिक वढी प्रयोग गर्दछ र देशको कानुन भन्दा वाहिरको स्वास्थ्य र शिक्षामा पनि विशेष पहल गर्दछ । (केन्द्रिय गलैंचा उद्योग संघ, 26 Dec. 2000)

यसै सम्वन्धमा आम श्रमिक वर्गहरुको हितको लागी विभिन्न नियम उपनियम वनेका छन् । जसमा कुनैपनि देशको समग्र आर्थिक विकाशमा श्रमिक वर्गको महत्वपुर्ण भुमिका रहन्छ । स्वास्थ्य एवं शान्तिपुर्ण औद्योगिक सम्वन्ध विकाशका लागी श्रमिकलाई दिइने ज्याला, सुविधा एवं कार्य अवस्था न्यायपुर्ण एवं उचित हुनु अनिवार्य हुन आउँछ र यसै कुरालाई मध्यनजर राखि ट्रेड युनियनवाद तथा श्रमिक हित लाई सन् १९४८ को मानवअधिकारको विश्व व्यापी घोषणापत्रमा समेत सहमति गरीएको छ । उक्त घोषणाको दफा २३ को (४) मा भनिएको छ,- हरेकलाई उसको/उनको चाहानालाई आफ्नो चाहानालाई रक्षा गर्न ट्रेड युनीयन खोल्ने एवं त्यसमा संलग्न हुने अधिकार रहनेछ । श्रमिकको सामुहिक सौदावाजी गर्ने तथा संगठित हुने अधिकारको रक्षा गर्न अन्तराष्ट्रिय श्रम संगठनले विभिन्न सम्मती पारित गरेका छन् । जसमा आई. एल. ओ. सम्मति नं. ८७ र ९८ प्रमुख रहेका छन् । यस्तो राष्ट्रिय तथा अन्तराष्ट्रिय वचनवद्धताको कारण विभिन्न देशले यस्ता समतिको अनुमोदन गर्ने तथा उक्त अधिकारलाई सुरक्षित गर्न एवं वढवा दिने कार्यहरु शुरु गरेका छन् । नेपालमा पनि यस्ता अधिकारको सुरक्षा गर्ने एवं मजदुर हितलाई अघि वढाउने कार्यहरु २०४६ साल पछिका सरकाहरु द्धारा विभिन्न समयमा हुदै आएको छ (नारायण भट्टराई २०५०) । यसरि हेर्दा विभीन्न समय सापेक्ष सन्धि संम्झौताहरु भईरहेको देखिन्छन् ।

नेपालमा महिलाहरु पछि परेको र उनीहरुलाई कामको ग्यारेन्टी नरहेको र घरयासी काममा नै उनिहरुको समय वित्ने गर्दछ । पछि उद्योग धन्दा तिर पनि उनिहरुको समय धेरै प्रयोग गरेको देखिन्छ ।

महिलालाई काममा लगाउने समय :

१. महिला कामदार वा कर्मचारी लाई ऐनको दफा ४८ को खण्ड (क) मा उल्लेखित प्रतिष्ठानमा वाहेक अन्य कुनै पनि प्रतिष्ठानमा विहान ६ वजेदेखि साँझ ६ वजे सम्मको समय वाहेक अन्य समय काममा लगाउँदा त्यस्तो महिला कामदार वा कर्मचारि र व्यवस्थापकको आपसी सहमतिद्धारा लगाउन सकीने छ ।

२. उपनियम (१) वमोजीम महिला कामदार वा कर्मचारीलाई काममा लगाउँदा व्यवस्थापकले निजको सुरक्षाको उपयुक्त व्यवस्था गर्नुपर्ने छ ।

३. उपनियम (१) वमोजीम कुनै महिला कामदार वा कर्मचारीलाई प्रतिष्ठानको काममा लगाएको व्यहोराको सुचना सो प्रतिष्ठानको व्यवस्थापकले सम्वन्धित श्रम कार्यालयलाई यथासिघ्र जानकारी दिनुपर्ने ।(श्रम नियमावली २०५०)

सन् १९९६ मा २१.७ मा प्रतिशत कामदार मात्र ज्यालादारीमा रोजगारकीय कृषि क्षेत्रमा १२.२ प्रतिशत र गैर कृषि क्षेत्रमा ९.५ प्रतिशत थिए भने ग्रामिण क्षेत्रमा २१ प्रतिशत र सहरी क्षेत्रमा ४३ प्रतिशत ज्यालादारी रोजगारी थिए ।

न्युनतम ज्याला सम्वन्धि कानुनको पालना प्रभावकारी रुपमा नभएको हुदा ज्यालादारी कामदारहरु अनिश्चितता, जोखिम र दुःख वातावरणमा काम गर्छन् । श्रम वाजारमा ज्याला वृद्धिको प्रणाली प्रोत्साहन प्रणाली र सामाजिक सुरक्षाको व्यवस्था आज सम्म शुरु गरिएको छैन । वास्तवमा भन्ने हो भने विध्यमान ज्यालादारी कामदाहरुको आवश्यक न्युनतम क्यालोरी पुरा गर्न समेत अप्रत्याप्त छ यसको अलवा सन् १९६८ देखि आर्थिक संरचना समायोजन कार्यक्रमले सर्त अनुरुप ज्यालादारमा वृद्धि नभएको र विगत दशकको औषत १०.६ प्रतिशतको मुद्रा सिफिर्तिको कारण वास्तविक ज्याला दर यात वढेन या कम हुदै गऱ्यो ।

विगत केही वर्षमा भएका व्यापार र औद्योगिक क्षेत्रको परिवर्तनले महिलाहरुलाई औद्योगिक अंग खासगरी कार्पेट उद्योगमा ज्याला कमाउने काममा अवसर वढेको छ । (नेपालमा मानविय विकाश १९९८)

औद्योगीक स्तरमा पनि नेपाल गलैचा उद्योगले फड्को मारेको देखीन्छ । जसमा समग्र उद्योगलाई नियालेर हेर्दा विश्व अर्थतन्त्रमा नेपाल अति कम विकसित देशको सुचिमा पर्छ । नेपालहरुको प्रति व्याक्ति आय २२० अमेरीकी डलर छ । कुलग्राहस्थ उत्पादन उद्योगको योगदान १० प्रतिशत मात्र छ । संख्याको हिसावले करिव ९० प्रतिशत उद्योगहरु साना तथा घरेलु उद्योगमा पर्दछन् भने रोजगारको श्रृजनाको हिसावले ७६ प्रतिशत र मूल्य अभिवृद्धिमा ५० प्रतिशत योगदान गरेका छन् । यि तथ्य बाट नेपाल औधोगिकरणको प्रारम्भिक चरणमै भएको र ठूला उद्योगको विकास नभएको कुरा प्रष्ट छ । कुनै पनि देशको आर्थिक विकासका लागि औद्योगिक विकास हुनु जरुरी छ । औद्योगिक विकासले कुल ग्राहस्थ उत्पादन देशको राजस्व परिचालन ,रोजगार श्रृजना , गरिवि निवारण , मानविय विकास जस्ता उपलव्धि हासिल गर्न अत्यन्त महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । यिनै उपलव्धी हासिल गर्न अत्यन्त महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । यिनै उपलव्धि हासिल गर्न सरकारले औद्योगिक नीति बनाई लागु गरेको छ । जुन निम्न प्रकारका छन् ।

१. निजि क्षेत्रलाई औद्योगिक विकासमा अगुवा भुमिका खेल्न वातावरण बनाउन सरकारले सहजकर्ता, नियमित सुचना प्रवाह तथा अनुगमनकर्ताको भुमिका निर्वाह गर्ने ।
२. तुलनात्मक लाभ एंव प्रतिस्र्धात्मक उद्योग क्षेत्रहरुको पहिचान गरि आवश्यक पूर्वाधार र सहयोग जुटाई औधोगिक उत्पादन वृद्धि गर्न ।
३. भौतिक सम्पतिको संरक्षण गरी व्यवसायी प्रयोजनमा वृद्धि गर्न ।
४. कृषि र जन्य जन्तु स्थानिय स्रोतमा अधारित लघु तथा साना उद्योग स्थापना पूर्वाधारको दिगो विकास तथा उद्यमशिलता एंव शिप विकासलाई जोड दिईने ।
५. दिर्घकालिन औद्यौगिक योजनाको आधारमा कार्यक्रम तथा कार्ययोजना तयार गरि लागु गर्न ।
६. औद्योगिक पूजिको आधार वृद्धि गर्न वैदेशिक पूजि लगानिलाई वृद्धि गरिने ।(मोहन राउत-२०६०)

यि व्यवस्थाहरु भएर पनि वढ्दो जनसंख्याका आधारमा सरकारी पक्षवाट उपलब्ध हुनु पर्ने सुविधाहरु समन्वयात्मक ढङ्गवाट परिचालन हुनु पर्ने विविध उपायहरु हुदाँहुदै पनि परिचालन गर्ने प्रयत्न समेत नगरी राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड उद्योगलाई आक्षेप लगाउनु उपयुक्त होईन । उद्योग स्थापना गर्न स्वीकृत दिए पछि सो को लागी आवाश्यक पुर्वाधारहरुको समुचित व्यवस्था हुनु पर्दछ (नक्षत्र साप्ताहिक-२०५२) ।

नेपाली गलैंचा उद्योगले समुद्रवाट निकासी भाग मध्य ५४ प्रतिशत भाग ओगट्ने र गत १० वर्ष देखि यसले निकासी व्यापारमा महत्वपुर्ण स्थान ओगट्न थालेको छ ।

विदेशी मुद्रा आर्जनको आधा भन्दा वढी भाग यसैले लिएको छ । सन् १९६५ भन्दा पहिले त्यती राम्रो थिएन । अहिले गलैंचा उद्योगनै सवभन्दा वढी रोजगार दिने उद्योगमा पर्दछ । यस उद्योगवाट प्रत्यक्ष वा अप्रत्यक्ष गरी २ लाख ५० हजार भन्दा वढी व्यक्तिले रोजगारी पाएका छन् ।

उसले कृषि क्षेत्रवाट उद्योग क्षेत्रमा स्थानान्तरण हुन मद्धत पुगेको छ । यो उद्योग वातावरणिय पक्षवाट पनि राम्रो छ । किनकी यसले प्रदुषण गर्दैन । गलैंचा उद्योगले गर्दा नेपाली महिला पुरुषहरुले रोजगारी पाएका छन् र विभिन्न यौन दुराचार जस्ता सामाजीक विकृतिवाट पनि नेपाली महिलाहरु टाढा हुन सकेका छन् । साथै कृषि क्षेत्रमा वाहेक कार्पेट उद्योगमा २ लाख ५० हजार, सरकारी सेवामा १ लाख ८० हजार, गारमेन्टमा २५ हजार र अन्य उद्योगहरुमा १ लाख मानिसहरु संलग्न रहेको पाईन्छ (नेपाली तिव्यतियन कार्पेट- १९९२) ।

सवै भन्ने गर्छन्की नेपालको गलैचा व्यापारमा ठूलो संकट आएको छ । विदेशी मूद्रा उल्लेखिनिय रुपमा आर्जन गर्ने गलैचा उद्योगमा कम्तीमा २ लाख नेपाली रोजगारमा छन् । निर्यातित गलैचाको पनि वजारमा मूल्य घटेको छ । गोदाममा धेरै जस्तो थन्कीएर वसेका छन् । धेरै कारखानामा गलैचा वुन्ने काम घट्दो रुपमा भएको छ । गलैचा तथा उन विकास समिती गठन गरी त्यसमा वाणिज्य राज्य मन्त्री अध्यक्ष रहने त्यस समितिले गलैचा व्यवसायीहरुलाई गलैचा निकासीको विभिन्न प्रकृयामा सहयोग पुऱ्याउनका साथै खासगरी गुण नियन्त्रक, मजदुरहरुको कानुनी समस्या, वातावरण समस्या, वजार विकास र विधिकरणको, गोष्ठी आदिको आयोजना गरी सघाउ पुऱ्याउने उद्देश्यले यसको गठन भएको हो (एलकम नेपाल, १९९५) ।

गलैचा व्यापारले नेपाललाई ठूलो सघाउ पुऱ्याएको देखिन्छ तर अहिले सवै गलैचा उद्योगमा संकट आएको कुरा वताउछन् । जसमा २०५८/०५९ मा समष्टिगत आर्थिक वृद्धिदर ०.८ प्रतिशत मात्र वृद्धि भएको, पहिलो पटक देशको आयात घटेको प्रमुख निर्यात योग्य वस्तु गलैचाको २३.१ प्रतिशतले ह्रास आएवाट अर्थतन्त्र कति चुनैति पुर्ण छ भन्ने देखिन्छ ।

गलैचा उद्योगको विकासका लागी हालै युरोपमा पनि गलैचाको मूल्य सतही निर्धारण का लागि श्री ५ को सरकारले निर्यात व्यापारमा महत्पूर्ण स्थान ओगट्न सफल गलैचाको सतहि मूल्य (फ्लोर मूल्य) युरोपेली मुद्रा युरोमा तोकेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको जानकारी अनुसार हाल सम्म अमेरीकी डलर मात्र गलैचाको सतही मूल्य तोकेको थियो ( ने.उ.वा. महासंघ समाचार २०५९) ।

प्रशिद्ध समाजाशास्त्री कार्लमार्क्सका अनुसार समाजमा २ किसिमका वर्ग हुन्छ । पुँजिपति वर्ग र श्रमिक वर्ग । पुँजिपति वर्ग जसको उत्पादनको साधनका एकाधिकार रहेको हुन्छ भने श्रमिक वर्गसंग पुँजी अथवा जिवन निर्वाहको लागि कुनै साधन हुदैन । वाच्नको लागि एउटै वाटो खुल्ला रहको हुन्छ त्यो हो उनीहरुको श्रम । श्रमिक वर्गले, पूँजीपति वर्गको मिल कारखानामा गई आफ्नो श्रम वेच्चदछन् । आफ्नो श्रमवाट अधिकतम उत्पादन गरी त्यसको सट्टा ज्याला प्रााप्त गर्दछन् । सोही ज्यालावाट आफ्नो र आफ्नो परिवारको पालन पोषण गर्दछन् तर श्रमिकहरुले वेतन कति हुने त्यसको श्रमिकवर्गको अवस्था राम्ररी थाहा पाएको कारण श्रमिकको कमजोरपनको फाइदा उठाई आफ्नो स्वार्थ पुरा गर्दछन् । पुँजीपति वर्गलाई यो थाहा हुन्छ कि श्रमिकहरुले भविष्यको लागि कुनै रकम संचित गर्न सक्दैनन् र तुरुन्तै आफ्नो संगठन वलियो पार्न पनि सक्दैनन् । पुँजिपति वर्गसंग आफ्नो वेतनको वारेमा सम्भौता गर्न पनि सक्दैनन् । फलस्वरुप पूँजीपति वर्गले श्रमिक वर्गलाई वढी समय श्रम गर्न लगाउछन् । त्यसको वदलामा नाम मात्रको ज्याला दिन्छन् । तसर्थ श्रमिक आफ्नो मेहेनतवाट जति ज्याला पाउनुपर्ने हो सो पाउदैनन् । कम ज्याला श्रमिकलाईं लिई वढी फाईदा मालिकले लिन्छन् (मुखर्जी,१९९८) ।

नौ वर्ष अगाडि पानामा वाट अडीयो भिजियलले वाल मजदुर सम्वन्धी गलैचा कारखानामा वाल श्रमिकहरु धेरै लगाईएको भनि ठूलो हंगामा मच्चीयो त्यस विचमा गलैचा वजार पनि तहस नहस वन्यो र गलैचा उद्योगमा वाल मजदुरलाई हटाउने अभियान संचालन

भयो । जसले गर्दा वाल श्रमिकहरु धेरै कम छन्  (वलराम सापकोटा, सदस्य, केन्द्रीय गलैचा उद्योग संघ २०६१) ।

वालवालिकालाई श्रमिकको रुपमा लिन मिल्दैन भन्दै कपिल प्रसाद वजगाई अगाडी थप्नुहुन्छ - श्रमिकका वारेमा उद्योगमा सवै खाले श्रमिकलाई समान व्यवहार गरीनु पर्दछ र निरन्तर तालिमको व्यवस्था गरिनु पर्दछ । यहाको मान्यता अनुसार गलैचा उद्योगको लागी छुट्टै श्रम ऐन चाहिन्छ । गलैचा उद्योगका सम्वन्धमा उहां भन्नु हुन्छ माग र आपूर्ति विच तालमेल मिल्न नसकेकोले र अर्डर बमोजीम निर्यात गरिनुपर्ने हुनाले गलैंचा उद्योगले श्रमिकहरुलाई स्थाई गर्न नसकेको हो । यदि गलैंचाहरु स्टोर रहने हो भने उद्योगपतिको पुँजी निश्क्रिय हुन गई उद्योग डुब्ने अवस्थामा पुग्ने हुनाले श्रमिकहरुलाई टाईम ओर्कमा लगाईन्छ । उहाँका अनुसार वि.सं. २०५९/०६० गलैंचा निर्यात जम्मा ५ अरव ३१ करोड वरावर भएको छ (कपिल प्रसाद वजगाँई, महासचिव,केन्द्रिय गलैचा उद्योग महासंघ २०६१) ।

नेपालमा गलैचा वुनाइको क्षेत्रमा मानव श्रमको आवश्यकता वृद्धिमा खासगरि गलैंचा वुनाईमा तान र चर्खा वाहेक अन्य उपकरणको प्रयोग नहुने भएकोले सवै कामहरु मानव श्रमवाट सम्पन्न गरिनु पर्ने हुदाँ प्रशस्त मात्रामा पुरुष तथा महिला कामदारहरु यस क्षेत्रमा आई रोजगारीका अवसरहरु प्राप्त गर्न थाले ।

अधिंकाश उद्योगहरु काम गर्ने ठाँउ तथा त्यँहाको वातावरण स्वास्थ्यका दृष्टिकोणले अनुपयुक्त रहेको तथा कामदार वर्गको नियमित स्वास्थ्य परिक्षण हुनु त परै जाओस् विरामी परेका वेला औषधी उपचारको सुविधा समेत उपलब्ध हुदैन । कुनै उद्योगहरुमा यस प्रकारका सुविधा उपलब्ध हुने गरेका भए तापनि सामान्य औपचारिकता मात्र पुरा गरिएको पाईन्छ ( रावल, २०५२) ।

श्रम गर्न नसकेपछि रोजगारीवाट अवकास दिईन्छ । कामदारहरुले श्रम ऐन कानुन अर्न्तगत न्याय पाउन नसकेको र उनिहरुले आफ्ना समस्याहरुका वारेमा आफैं वोल्न र व्यवहारमा उर्तान सकिरहेको पाईदैंन । व्यवसायमा अन्य स्वास्थ्य र सुरक्षाको अनुभुति गर्न नपाएको देखिन्छ । मजदुरहरुको चिसो भुइँ, झ्याल ढोका थुनिएको अँध्यारो कोठामा काम गनुपर्ने अवस्था छ । यसमा खास गरि कार्पेट उद्योगमा प्रत्यक्ष रुपमा सात लाख मजदुरहरु कार्यरत रहेको पाईएको छ (कान्तिपुर दैनिक २०५५ जेठ १३) ।

ललितपुर कुम्भेश्वर र सानो ठिमि प्राविधिक स्कुलवाट धातुका सामाग्री काष्ठ कला, छाला, ढाका, वुनाई तथा गलैंचा वुनाई सम्वन्धि २, ३ वर्षे तालिम प्रदान गरिदैं आएको पाईएको छ । तर कार्पेट र जुट उद्योगमा के कति कामदारहरु काम गर्छन् भन्ने वास्तविक तथ्याङ्क भने पाईदैंन (यु. एन. डि. पि. १९९६) ।

ईमाइल दुर्खिमका अनुसार सभ्यताको विकाशसंगै कामको विविधतामा विस्तार भयो । सामाजिक उत्पादन कार्यमा श्रम विभाजनको आवाश्यकता महशुस हुन गयो । फलस्वरुप कामको विशेषीकरणले गर्दा प्रत्येक व्यक्तिले विशेष प्रकारको काम गनुपर्ने अवस्था सिर्जना हुन गयो । जसले गर्दा श्रम विभाजन प्रकृयावाट कामलाई छिटो छरितो वनाउन सघाउ पुऱ्यायो ।

आर्थिक कार्य अत्यन्त सीमित हुनाको कारण प्राचीन युगमा स्त्री पुरुषको काम छुट्टाछुट्टै विभाजन भएको थियो तर आधुनिक युगमा, प्राचीनसमाजको जस्तो नभै सामाजीक स्थितिमा परिवर्तन आयो । जसले गर्दा आधुनिक समाजमा विभिन्न कार्यमा संलग्न देखिए ।

नेपालमा जम्मा ८५ लाख ४२ हजार श्रम सम्वन्धी विभिन्न काममा संलग्न रहेका छन् भने ती मध्ये ५१ लाख २ हजार पुरुष र ३४ लाख २२ हजार महिला रहेको पाईएको छ (वैद्य - १९९२) ।

गलैंचा कारखानामा काम गर्ने मजदुरहरुको इतिहाँसलाई सरसर्ति अवलोकन गर्दा सन् १९५९ भन्दा अगाडि व्यापारिक उत्पादन धेरै नगरिने कारणले धेरै मात्रामा मजदुरहरु त्यसमा संलग्न थिएनन् । तिव्वतियन शरणार्थीहरु नेपाल प्रवेश गरेपिछि गलैंचा व्यवसायमा व्यापारिक तवरले पनि अगाडि बढ्न थालेको पाईन्छ । सन् १९७२ मा स्थानिय क्षेत्रमा पसल राखी गलैचा विक्रि गर्न थालियो । त्यसपछि यस व्यवसायमा विभिन्न जातजातिका मानिसहरु संलग्न हुन थाले (श्रेष्ठ १९८१) ।

# अध्याय - तिन

## अनुसन्धान विधि

कुनै पनि सामाजिक अनुसन्धानको एउटा निश्चित उद्धेश्य हुन्छ । उक्त उद्धेश्य सफल पार्न योजनावद्ध शोध कार्यको सुरुवात गर्नु पर्दछ उक्त शोध कार्य वैज्ञानिक पद्धतिमा आधारित हुन पर्दछ । यसमा ऐतिहासिक पद्धति तथा वैज्ञानिक पद्धति अवलम्वन गरी अनुसन्धान गरेर निचोड गरेर निकाल्नु पर्दछ । यो समाजशास्त्रिय अध्ययन अनुसन्धान भएकोले अध्ययन क्षेत्रको औचित्य, तथ्याङ्क संकलनको प्रकृति र श्रोत अध्ययनको सिमा तथा तथ्याङ्क प्रस्तुति एवं विश्लेषण जस्ता कुराहरु समावेश गरिएका छन् । खास गरि वर्णनात्मक पद्धति अवल्म्वन गर्नुका साथै सम्भावना रहित नमुना जाँचको तरिका अपनाईएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

उपत्यका भित्र गलैंचा उद्योगको क्षेत्र धेरै भएको र भक्तपुर जिल्ला पनि उपत्यका भित्र पर्ने तिन वटा मध्य एक जिल्ला हो । भक्तपुर जिल्ला भित्र पनि गलैंचा उद्योगको क्षेत्र धेरै भएकोले समय, श्रोत, साधनको वाबजुद पुरै जिल्लाको अध्ययन, अनुसन्धान गर्न नसकिने हुन्छ । त्यसैले भक्तपुर जिल्ला अर्न्तगत मध्यपुर ठिमि नगरपालिका वडा नं. १५ गट्टाघर भित्र अवस्थित गलैंचा उद्योगहरु मध्य जम्मा पाँच वटा उद्योगलाई नमुनाको रुपमा लिई अध्ययन गर्नु परेको हो ।

उद्योग क्षेत्रमा मेरो आफ्नो अनुभव तथा समाजशास्त्रिय हिसावले गलैंचा उद्योगमा श्रम दिने पुरुष तथा महिला श्रमिकहरुको सामाजिक आर्थिक अवस्था वारे जानकारी लिन यस क्षेत्रवाट प्रभावकारि संकलन हुन सक्ने देखिएकोले यो क्षेत्र छनौट गरिएको छ ।

### ३.२ अनुसन्धानको ढाँचा

भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. १५ गट्टाघर स्थित गलैचा उद्योगमा काम गर्ने श्रमिकहरुको वर्तमानमा रहेको स्थिति बारेमा नै अध्ययन, अनुसन्धान केन्द्रित रहने र यि उद्देश्यलाई पुरा गर्नको लागि यस अध्ययनमा खासगरि वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

### ३.३ तथ्याङ्क प्रकृति र श्रोतहरु

तथ्याङ्कको संकलन सामाजिक अनुसन्धानमा महत्वपूर्ण मानिने खासगरि तथ्याङ्क विश्लेषणबाट नै समाजिक अनुसन्धान पुरा गरिने हुँदा तथ्याङ्क विना अनुसन्धान अधुरो हुन्छ ।

त्यसैले दुई किसिमका श्रोतबाट तथ्याङ्क प्राप्त गरिएको छ । यसै गरि गुणात्मक र संख्यात्मक तथ्याङ्क गरि दुई प्रकृतिलाई समावेश गरिएको छ ।

### ३.३.१ प्राथमिक श्रोत

प्राथमिक सुचना संकलन गर्न अध्ययन कर्ता स्वयं अध्ययन क्षेत्रमा गई संकलन गरिएको तथ्याङ्कहरु प्राथमिक तथ्याङ्कमा रहनेछ । जसमा अध्ययन क्षेत्रसंग सम्बन्धित विषयको जानकारी व्यक्ति, कारखाना मालिक, नमूना छनौटमा परेका कामदारहरु संग प्रत्यक्ष सम्पर्क राखी तालिका सुचीको विवेरण लेखि अर्न्तवार्ता तथा साधारण अवलोकनको तरिकाबाट संकलित तथ्याङ्कलाई अनुसन्धान विश्लेषणात्मक ढंगले उपयोग गरिएको छ ।

### ३.३.२ द्वितीय श्रोत

प्राथमिक श्रोतले मात्र शोध पत्रका लागि आवश्यकता पुरा गर्न नसकिने तथा अनुसन्धान काम पुरा नहुन सक्ने भएकोले सबै खाले तथ्याङ्कहरु प्राप्त गर्न नसकिने भएको कारण अन्य सम्बन्धित विषय संग आवश्यक सुचनाहरु प्राप्त गर्न विषयसंग सम्बन्धित शोधपत्र, किताब, पत्रपत्रिकाहरुको सहायता पनि लिइएको छ ।

## ३.४ समग्रता एवं नमूना छनौट विधी

भक्तपुर जिल्लामा जम्मा ८४ वटा गलैचा उद्योगहरुले गलैचा उत्तपादन गरिरहेका छन् जसमा यस अध्ययन अनुसन्धानका लागि ८४ उद्योग वाट उद्देश्य मुलक नमुना छनोट विधि अपनाई जम्मा गट्ठाघरको ५ वटा गलैचा उद्योग वाट दैविकिय नमुना छनौट अनुसार ५ जना पुरुष र ५ जना महिला पर्ने गरी जम्मा ५० जनालाई नमुनाको रुपमा लिई अध्ययन गरिएको छ । यि ५ वटा गलैचा कारखानामा काम गर्ने श्रमिकहरु जम्मा २४१ जना रहका छन् भने महिला ९६ तथा पुरुष १४४ जना रहेका छन् । अध्ययन क्षेत्रको सवै उद्योगहरुमा काम गर्ने सवै श्रमिकहरुको आर्थिक सामाजिक अवस्थाको विस्तृत अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन गर्न गाह्रो पर्ने भएकोले यो विधि अपनाईएको हो ।

### ३.४.१ नमूना क्षेत्रमा परेका श्रमिकहरुको जनसांख्यिक विवरण


भक्तपुर जिल्लाको मध्यपुर ठिमी १५ गट्ठाघरमा परेका उद्योगहरुको प्रत्यक्ष रुपले अवलोकन गरि सबै खाले साना ठुला उद्योगहरुको प्रतिनिधित्व हुनेगरी ५ वटा उद्योगहरु लाई संयुक्त संभिm छनौट गरिएको थियो जुन उद्योगबाट श्रमिकहरुको संख्यागत विवरण लिइएको हो । जसको विवरण तालिका नं. १ मा तल प्रस्तुत गरिएको छ ।

## तालिका नं. १

**नमूना छनौट परेका उद्योग तथा मजदूरको विवरण :-**

| क.स. | उद्योगको नाम | जम्मा मजदुर संख्या | नमूना संख्या |
|---|---|---|---|
| १. | लक्ष्मी कार्पेट इण्डष्ट्रिज | ९४ | १० |
| २. | जु.जु कार्पेट उद्योग | २९ | १० |
| ३. | जगत गलैचा उद्योग | ३९ | १० |
| ४. | आर.के. कार्पेट उद्योग | ५८ | १० |
| ५. | खुसि कार्पेट फ्याक्ट्री | २० | १० |
| | जम्मा | २४१ | ५० |

स्थलगत अध्ययन -२०६६ - गट्टाघर, भक्तपुर




स्थलगत अध्ययन - २०६६ गट्टाघर

अध्ययन अनुसन्धानको नमूना छनौटमा परेका ५ वटा गलैचा उद्योगहरुमा जम्मा २४१ जना मजदुरहरु छन् । जसमा नमूनालाई आधारका रुपमा १० - १० जनालाई अध्ययन नमूना रुपका लिएका छन् ।

**३.५ तथ्याङ्क संकलन विधि :-**

प्राप्त गर्न खोजेको वास्तविकता पनि त्यही तथ्याङ्कमा निर्भर पर्दछ । सोही तथ्याङ्क प्राप्त गर्नको लागि उचित खालको विधि प्रयोग गरिनु पर्दछ । शोधलाई तयार गर्ने क्रममा अध्ययन क्षेत्रको अनुभव लाई लेखवद्ध गरिएको छ ।

क) अवलोकन

ख) अर्न्तरवार्ता अनुसुची

ग) अर्न्तरवार्ता

घ) मुख्य जानकारी दाताहरु

**३.६ तथ्यहरुको विश्वशनियता र प्रमाणिकता**

**क) विश्वशनियता**

अनुसन्धान गर्नुपर्दा विश्वशनियताको महत्वपूर्ण स्थान रहन्छ । जसमा गलैचा उद्योगका श्रमिकहरुको अनुसन्धान गरी उनिहरुलाई सोधिएको प्रश्नहरुको तालिकालाई पुनः परिक्षण गरिएको छ । सबै प्रश्नावलि सकिए पछि भद्धा विषय बस्तुलाई पुनः परिक्षण गरिएको छ र प्रश्नावलिको अन्तिम रुप दिइएको छ ।

**ख) प्रमाणिकता**

नमूना विधि द्वारा यस अध्ययनमा प्रयोग गरिने हुनाले प्रमाणिक मानिएको छ । यस अध्ययनको मुख्य अ्ंग भक्तपुर को मध्यपुर ठिमी १५ अन्तरगत गट्टाघरका गलैचा उद्योगमा काम गर्ने श्रमिक, पुरुष तथा महिलाको सामाजिक, आर्थिक, शैक्षिक अवस्थामा केन्द्रित छ । कुनै पनि कुरा तर्क तथा समान्य ज्ञानको अधारमा नै सही प्रतीक हुन्छ भने त्यसलाई प्रमाणिक मानिन्छ ।

यो अध्ययनमा एउटा व्यक्ति, एउटा उद्योगलाई मात्र निर्भर नमानेर अध्ययन विषयसंग विशिष्ट ज्ञान राख्ने धेरै मानिससंग सम्बन्ध राखिनेछ । अनुसन्धानकर्ता स्वयं नै त्यस क्षेत्रमा गई अवलोकन गर्ने र बढी प्रभावकारी प्रमाणिकता बनाइएको छ ।

**३.७ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण**

गलैचा उद्योगको श्रमिकहरुको तथ्याङ्क संकलन गर्दा तथ्याङ्कहरु बढी मात्रामा वर्णानात्मक विधिबाट गरिएको छ जसमा उमेर, लिङ्ग, जातजाति, ज्याला परिवारिक स्थिति आदि बारे समेत उल्लेख गरिएको छ जसबाट श्रमिकहरुको आर्थिक, समाजिक अवस्थाको वास्तविक पुष्ट्याई

भएको छ । तथ्याङ्क प्रतिशतमा देखाइएको छ । जुन तथ्याङ्कसास्त्रीय विधि अनुसार यस सोध पत्रमा पनि चार्ट, रेखाचित्र, तालिका प्रयोग गरेर पष्ट रुपमा तथ्याङ्क प्रश्तुत गरिएको छ ।

### ३.८ अध्ययन सीमा

अनुसन्धान कार्य सदैव एउटा निश्चित परिधीभित्र रहेर गरिने कार्य भएको हुँदा अनुसन्धान कार्य मुल्य र मान्यता अवधारणा हुन्छन् । समय र साधनको अभावले अध्ययन अनुसन्धान दायरालाई सिमित बनाउने गरिन्छ । यस अध्ययनमा गलैचा उद्योगको सबै अंग विशाल छ त्यसलाई एकै पटक समेट्न नसक्ने भएका कारण केवल भक्तपुरको मध्यपुर ठिमी १५ गट्टाघरका पाँच गलैचा उद्योगमा काम गर्ने श्रमिक, पुरुष तथा महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक अध्ययनमा मात्र सिमित रहेको छ ।

मजदुरहरु विभिन्न समस्यामा अल्झने भएका कारण उनीहरुलाई सरल प्रश्न राख्नु पर्ने हुन्छ र उनीहरु विभिन्न भेष, भाषाका भएकाले राम्रो संग नेपालीमा उत्तर नआउन पनि सक्छ । समयको पनि ठुलो महत्व हुन्छ । यि विभिन्न बाधा व्यवधान रहने भएता पनि उनीहरुलाई सकभर प्रश्न सोध्ने स्पष्ट तरिकाले उत्तर दिई विश्वास धैर्यता अपनाइएको छ । यो अध्ययन सबै अंग ओगट्न सक्छ भने र यस्ले गलैचा उद्योग सबै संग नमिल्न सक्छ । यस अध्ययनमा समावेश श्रमिक तथा अन्य श्रमिकको अवस्था समानान्तर हुन पर्छ भन्न सकिदैन ।

विभिन्न समयमा भाव, पत्र पत्रिकाको अभाव तथा तथ्याङ्कको अभावका कारण भएता पनि यसमा नमूना छनौट विधिबाट अवलोकन, निरिक्षण, प्रश्नावलि आदिका कारण त्यहाँका श्रमिकहरुको सामाजिक, आर्थिक, शैक्षिक स्थिति स्पष्ट झल्काइएको छ ।

## अध्याय - चार

### ४. अध्ययन क्षेत्रको परिचय

अध्ययनका लागि छनौट गरिएको भक्तपुर जिल्ला उपत्यका भित्रको तिन जिल्ला मध्ये एक हो । यस जिल्लाको पूर्व काभ्रे पश्चिम तर्फ काठमाडौ उत्तर तर्फ काठमाडौ, काभ्रे तथा दक्षिण क्षेत्रमा ललितपुर पर्दछन् । विशेषत उपत्यका भित्र गलैचा उद्योगहरु धेरै छन् र त्यो जिल्ला पनि गलैचा उद्योगको लागि महत्वपूर्ण नै छ । जस अन्तरगत मध्यपुर ठिमी नगरपालिकाको वडा नं. १५ गट्ठाघर पनि गलैचा उद्योगको लागि मुख्य स्थान बनेको छ जुन क्षेत्रको सारगर्भित अध्ययन अनुसन्धान गरिएको छ ।

### ४.१ भौगोलिक अवस्थिती

यो क्षेत्र उपत्यका भित्रको भक्तपुर जिल्लामा पर्दछ जुन भक्तपुर जिल्ला २७.२६ देखि २७.४४ उत्तरी अक्षांश र ३५.२१ देखि ३५.३२ पूर्वी देशान्तर भित्र अवस्थित छ भने जम्मा जिल्लाको क्षेत्रफल १३८.४६ स्क्वायर कि.मी. छ । (CCI members of Directory)

ठण्डा समशितोष्ण हावा पानी, समशितोष्ण तथा अर्धउष्ण हावापानी पाईने यो क्षेत्रको तापक्रम मेक्सिमम ३२० सेल्सियस देखि २० सेल्सियसको बीचमा पर्दछ । गर्मीमा त्यति धेरै गर्मी नहुने र जाडोमा भने धेरै जाडो हुने गर्दछ । यो क्षेत्रको हावापानीमा प्रभाव पार्ने मुख्य तत्वहरु मध्य बिचमा खाल्डो तथा वरपर पहाड र विचमा ठुलो फराकिलो क्षेत्र दक्षिण तिर महाभारत पर्वत र हिउंदमा बहने हावाको दिशा आदि हुन् ।

### ४.२ जात जाति

भक्तपुर जिल्लाको जनसंख्या जम्मा २,२५,४६१ रहेको छ जसमा १,१४,७८९ (५०.९२) पुरुष तथा १,१०,६३३ (४९.०८) महिलाको रहेको छ भने मध्यपुर ठिमी नगरपालिकाको जनसंख्या ४७,७५१ रहेको छ जुन जनसंख्या वृद्धिदर २.७१ प्रतिशत छ । जुन अध्ययन क्षेत्रको जनसंख्या वृद्धिदर पनि २.७१ प्रतिशत कायम गर्न सकिन्छ । (Bhaktapur at a Glance BCCI, Directyory 2003)

यहाँ विभिन्न क्षेत्रबाट बसाई सराई गरेर आएका मानिसहरु पाइन्छन् । प्राचिन समयमा मानिसहरुले घुमन्ते जिवन विताउँदा पनि बसाई सराई गरेको देखिन्छ, त्यस्तै यहाँ पनि अहिले सम्म बसाई सराई भईरहेको देखिन्छ भने नेपालको विभिन्न क्षेत्रबाट मानिसहरु स्थानान्तरण हुँदै

यहाँ आएका पाइन्छ । यहाँको इतिहासमा नै विभिन्न ठाँउबाट बसाई सरेर आएका भेटीन्छन् । विभिन्न ठाउबाट बसाई सराई गरी आउने क्रममा विभिन्न जात जातिको मानिसहरु आएका छन् भने, त्यस्तै यहाँका मानिसहरु आफ्नो भाषा, संस्कृति, रिती-रिवाज पनि संगै मिलेर आउने भएको यहाँ विभिन्न थारु, नेपाली, नेवारी, गुरुङ्ग, शेर्पा, ब्राहम्ण, क्षेत्री, राजवंशी, हिन्दु, मगर, लिम्बु, भोटे आदिका भाषाभाषी तथा रहन सहन पाइन्छ । यसबाट प्रष्ट हुन्छ कि यहाँ विभिन्न जात जातिका मानिसहरु बसोबास गर्छन् ।

## ४.३ व्यवसाय

नेपालको राजधानी काठमाडौंको छिमेकी जिल्ला भएकोले पनि यो क्षेत्रमा आर्थिक सामाजिक, राजनैतिक, प्रशासनिक, शैक्षिक प्रभाव परेको छ । उद्योग व्यवसायको पनि प्रष्ट प्रभाव रहेको यो क्षेत्र हिन्दु, बौद्ध विभिन्न धर्म संस्कृतिको परम्परा नछुटिने गरि शहिष्णुताको भावनामा बाँधिएको छ । हाल यहाँ कृषि जस्तै अन्य व्यवसायमा पनि मानिसहरुको संगलग्नता रहेको छ । उद्योग, व्यापार, सामूदायिक सेवामा विभिन्न रोजगारी पाइने तिर संलग्नता अझ बढ्न थालेको छ ।

उद्योग व्यवसाय तिर खासगरी उनी गलैचा उत्पादन तथा विदेशी निकासी महत्वपूर्ण ठाउ ओगटेको छ । जुन व्यवसायबाट धनि, यहाँको संस्कृति र विदेश खरिदकर्ताहरुको आधुनिक, वैज्ञानिक, प्राविधिक सभ्यताको जम्काभेट भएर अन्य समाज परिष्कृत पारिमार्जित भएको छ । उनी गलैचा उत्पादन तथा निकासको स्थापना बाट नै यहाँ विशेष आर्थिक वाटाहरु अझ खुल्ने अवसर पाएका छन् ।

## ४.४ अध्ययनमा परेको गलैंचा उद्योगको सामान्य परिचय

### ४.४.१ लक्ष्मी कार्पेट इन्डष्ट्रिज

२०४८ सालमा स्थापना भएको, भक्तपुर गठ्ठाघर स्थित यस कारखानामा कम्तीमा १०० जना श्रमिक कार्यरत छन् भने ५५ वटा तान राखिएको छ । निजि लगनिमा गलैंचा उत्पादन गर्ने यस कारखानाको उत्पादन क्षमता ६०० वर्ग मिटर मासिक रहेको छ । करिव २ रोपनिको जग्गामा फैलिएको छ । जर्मन जस्तो देशमा निर्यात गरिने यस उद्योगको ऋण सहयोग वाणिज्य वैंङ्कको रहेको छ । उपत्यका भित्रकै सोरुमवाट कच्चा पर्दाथ उपलब्ध हुने यस ईन्डट्रिष्जको मासिक आय ६०,०००/- रहेको छ । मजदुर विशेषतः सिन्धुपाल्चोक, सुनसरि, हेटौंडा, सर्लाहीवाट आएका छन् ।

### ४.४.२ जु-जु कार्पेट उद्योग

२०५० सालमा स्थापनामा भएको भक्तपुर गठ्ठाघर स्थित यस उद्योगमा कम्तीमा ३० जना श्रमिकले रोजगारी पाएका छन् । जसमा १० सेट तान राखिएका छन् । निजी लगानीमा गलैचा उत्पादन गर्न यस कारखानाको उत्पादन क्षमता २०० स्क्वायर मिटर रहेको छ । २०० स्क्वायर फूटमा फैलिएको र स्थानीय बजारमै विक्री वितरण गरिने यस उद्योगको गलैचाबाट मासिक दस हजार र जम्मा मूल्याङ्कन १,५०,०००/- रहेको छ । कच्चा पदार्थ स्थानीय बजारबाट नै आपूर्ति गर्ने यस उद्योगको मजदुरहरु विशेषतः सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट, मकवानपुर, इलामबाट आउनेहरु छन् ।

### ४.४.३ जगत कार्पेट उद्योग

यस कार्पेट उद्योग २०४७ सालमा स्थापना भएको थियो । विस वटा तानमा ४० जना श्रमिकले काम गर्दछन् । करीब एक रोपनी जग्गामा फैलिएको यस उद्योगको उत्पादन क्षमता २०० स्क्वायर फूट रहेको छ । यस उद्योगले पनि कृषि विकाश बैंकबाट ऋण लिएको छ र यसको गलैचा विक्री स्थानीय बजारमाल नै हुने गरेको छ । यसको मासिक आय २० हजार, मूल्याङ्कन २ लाख छ भने कच्चा पदार्थ स्थानीय सोरुमबाट लिने गरेको छ । मुख्य गरेर हेटौडा, सर्लाहीका मजदुरहरु कार्यरत छन् । यो कारखाना व्यक्तिगत हो ।

### ४.४.४ आर. के. कार्पेट उद्योग

लगभग ६० जना मजदुर रहेको यस उद्योगको स्थापना २०५२ सालमा स्थापना भएको थियो । यसले आफ्नो उत्पादन विदेशमा निर्यात गर्ने गरेको छ जसबाट मासिक आय करिब २०,०००/- हुने गरेको छ । अन्य उद्योगले जस्तै यसले पनि कृषि विकाश बैंकबाट ऋण लिएको छ र यस उद्योगको जम्मा मूल्याङ्कन ४५ लाख रहेको छ । करिब छ आना क्षेत्रपफल जग्गामा फैलिएको यस उद्योगको उत्पादन क्षमता २८० देखि ३५० स्क्वायर फूट रहेको छ ।

### ४.४.५ खसि कार्पेट फ्याक्ट्री

२०६० सालमा स्थापना भएको यस खुसि कार्पेट उद्योगमा २० जना श्रमिकले काम गर्दछन् । एक रोपनी क्षेत्रफल ओगटेको यस उद्योगको उत्पादन क्षमता करिब १०० स्क्वायर फिट छ । यस उद्योगले आफ्नै लगानीमा १६ वटा तानमा गलैचा बुनिन्छ र स्थानीय बजारकै सोरुमबाट कच्चा पदार्थ किन्ने तथा स्थानीय बजारमा नै विक्री वितरण गर्ने गरेको छ । जम्मा मूल्याङ्कन ५ लाख रहेको यस उद्योगको मासिक आय १५ हजार र श्रमिकहरु सिन्धुली, रामेछाप, सिन्धुपाल्चोकका रहेका छन् ।

# अध्याय :- पाँच

## तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण

### ५. श्रमिकहरुको सामाजिक तथा आर्थिक अवस्था

### ५.१ सामाजिक स्थिति

समाजको बनोट खासगरी व्यक्ति-व्यक्ति मिलेर बनेको समूह बाट हुन्छ । व्यक्तिहरुको क्रमबद्ध समुह जसमा एक आपसमा अन्तर सम्बन्ध र अन्तरक्रिया हुन्छ । समाजको अवस्था बसाइ सराइ, जनसंख्या, सामाजिक पेशा, चालचलन, पेशा, धर्म, संस्कृति सामाजिक गतिशिलता जस्ता विषयले प्रमुख भूमिका रहन्छ । कुने पनि समाजमा विभिन्न भाषा, धर्म, ज्ञान भएका मानिसहरु एक सिमाभित्र समावेश भएको हुन्छन् र त्यो साझा फूलवारी नै समाज हो ।

हाम्रो देशको विभिन्न समाजहरु एकै ठाउँमा सहिष्णुताका साथ भिन्न-भिन्न जाती, भाषा, धर्म, संस्कार, चाड पर्व आदि बोकेका मानिसहरु पाइन्छन । यि भिन्न खाले अस्तित्व बोकेता पनि समष्टिमा एउटै छातामुनि बसेर समान अस्तित्वमा आफुलाई बाँधेका फूलहरु जस्तै छन् । यस्तै सुन्दर रुपी गलैचा कारखानामा काम गर्ने श्रमिकहरुको पनि छ । जुन विभिन्न जात, धर्म, संस्कृति, आर्थिक स्थिति भएका मानिसहरु एक आपसमा मिलेर बसेका र परिश्रम गरेका छन् । यहाँका श्रमिकहरुको रिति रिवाज र संस्कृतिले ठुलो महत्व ओगटेको छ ।

खासगरी यस क्षेत्रको गलैचा उद्योगमा उपत्यका नजिकका जिल्लाहरु बाट श्रम गर्न आएका देखिन्छन् तापनि सुदुर संस्कृति, भेषभूषा, भाषा बोकेका जिल्लाहरुबाट पनि यहाँ संग-संगै मिलेर बसेका छन् जसमा ललितपुर, सिन्धुपाल्चोक, काभ्रे, धनकुटा, खोटाङ्ग, मकवानपुर, सर्लाही, रामेछाप, इलाम, झापा, महोत्तरी जस्ता जिल्लाका व्यक्तिहरु उद्योगमा संलग्न छन् ।

#### ५.१.१ लिङ्गगत आधारमा उत्तरदाताको जनसांख्यिक विवरण

नमुनामा परेका पाँचवटा गलैचा उद्योगहरुबाट जम्मा ५० जना श्रमिकहरुलाई अध्ययनको लागि पूर्ण संख्या मानेको छ । ति श्रमिकहरुको जन्संख्या लिङ्गगत रुपमा हेर्ने खोज्दा निम्न लिङ्गगत आधार तालिका बाट देखाउन सकिन्छ ।

**तालिका नं. २**

लिङ्गगत आधारमा उत्तरदाताहरुको जनसंख्या विवरण :-

| क्र.स. | उद्योगको संकेत नम्बर | | | | | | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | | |
| १. | पुरुष | ५ | ५ | ५ | ५ | ५ | २५ | ५०% |
| २. | महिला | ५ | ५ | ५ | ५ | ५ | २५ | ५०% |
| | जम्मा | १० | १० | १० | १० | १० | ५० | १००% |

स्थलगत अध्ययन - २०६६

उपरोक्त माथिको तालिका हेर्दा मध्यपुर ठिमी नगरपालिका गट्ठाघर -१५को गलैचा उद्योगहरुमा पाँच वटा उद्योग नमूना छनौटमा परेका र ति पाँच उद्योगबाट प्रत्येक १० जनालाई नमूना मान्दा ति उद्योगहरुमा महिला र पुरुषको संख्यामा केहि तलमाथि परे पनि यसरी हेर्दा वराबर देखिएकाले यहाँ महिला पुरष कुनै भेदभाव नहोस भन्ने हेतुले प्रत्येक एक उद्योगबाट ५-५ का दरले नमूनामा लिँदा २५ महिला र २५ पुरुष परेका छन् जुन नमूना छनौट प्रतिशतको हिसाले ५० प्रतिशत महिला र ५० प्रतिशत पुरुष पर्दछन् ।

यसो हुनुमा गलैचा बुन्ने काम, उन काट्ने तथा धुलाईको चौडाई ठुलो बनाउँदा दुई तिन जनाको आवश्यकता एउटै गलैचा तयार पार्न हुने हुँदा कुनै कुनै लोग्ने स्वास्नी पनि एउटै तानमा कार्य गरिरहेको देखिएको छ ।

### ५.१.२ उमेरको आधारमा उत्तरदाताको वर्गीकरण

गलैचा उद्योगमा काम गर्दा कडा परिश्रम गर्नु पर्ने भएकाले तथा श्री ५को सरकारको ऐन नियमानुसार किशोर तथा नाबालकलाई त्यस्तो कडा परिश्रम युक्त काममा लगाउन नपाइने भएकाले पनि सबै श्रमिकहरु १६ वर्ष माथिका नै देखिएका छन् । जुन उमेरका आधारमा तालिकामा देखाउन सकिन्छ ।

## <u>तालिका नं. ३</u>

उमेरका आधारमा उत्तरदाताको वर्गीकरण :-

| क्र.स. | उमेर | उद्योगको संकेत नम्बर | | | | | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | |
| १. | १६ - १९ | १ | ३ | ३ | ३ | १ | ११ | २२% |
| २. | २० - २५ | २ | ५ | ६ | ६ | ४ | २३ | ४६% |
| ३. | २६ - ३५ | ६ | २ | १ | १ | ३ | १३ | २६% |
| ४. | ३६ - ४५ | १ | - | - | - | १ | २ | ४% |
| ५. | ४६ - ५५ | - | - | - | - | १ | १ | २% |
| | जम्मा | ११ | १२ | १३ | १४ | १५ | ५० | १००% |

स्थलगत अध्ययन - २०६६ गङ्गाघर

माथिको तालिका विश्लेषण गर्दा उमेरको आधारमा मजदुरहरुलाई हेर्ने हो भने सब भन्दा बढी श्रमिकहरुमा २० - २५ वर्ष उमेरका रहेका छन् । त्यस्तै दोस्रो स्थानमा २६ - ३५ वर्ष उमेरका र तेस्रो स्थानमा १६ - १९ वर्ष उमेरका रहेका छन् भने ५५ वर्ष भन्दा माथिको उमेर समुहमा कुनै पनि श्रमिक देखिएका छैनन् ।

### ५.१.३ शैक्षिक स्थिति

शिक्षाले मानिसलाई अन्य प्राणी भन्दा अलग रुपमा रुपान्तरित गरिदिएको हुन्छ । शिक्षाले कुनै पनि मानिस रचनात्मक काममा लाग्दछ । उसले आत्मिक ज्ञान पाउँछ, सिप वृद्धि गर्दछ । चाहे उनीहरु श्रमिक हुन् या त कुनै कार्यलयका हाकीम शिक्षाले नै आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा कुनै पनि समुदायलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्दछ । मानव मात्रको शैक्षिक स्तर नसुधारीएमा उनिहरुको स्तर माथि उठाउन सकिदैन ।

कुनै पनि श्रमिकको शैक्षिक अवस्था उनिहरुको पारिवारिक आर्थिक अवस्था संग सम्बन्ध राख्दछ । त्यस कारण गरिबीको आगमन कमजोर आर्थिक अवस्थाबाट गुज्रेको गलैचा उद्योगका श्रमिकहरुका लागि शिक्षा र जनचेतना एउटा “कागलाई बेल पाक्यो हर्ष न विश्मत” जस्तै भएको छ । आफूलाई पारिवारको गुजारा टार्न धौ-धौ हुने श्रमिकहरुलाई स्कुल फि समेत तिर्न कठिन हुने कारणले पनि उनीहरुको शिक्षा जरा मै तुहिने गरेको हुन्छ । विहान बेलूकाको छाक

टार्न समेत गाऱ्हो पर्ने श्रमिकहरुका लागि उच्च शिक्षा त अझ स्वर्गको ढोका खेल्नु जस्तै गाऱ्हो छ । यि यावत कुराहरुका आधारमा गलैचा उद्योगमा काम गर्ने श्रमिकहरुको साक्षरता दर निम्न प्रकारको छ ।

**तालिका नं. ४**

अध्ययन परेका उत्तरदाताको साक्षरता अवस्था

| क.स. | विवरण | श्रमिक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष साक्षरता | २४ जना | ४८% |
| २ | महिला साक्षरता | १९ जना | ३८% |
| ३ | निराक्षर | ७ जना | १४% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत सर्वेक्षण - २०६६, गङ्गाघर

उक्त तथ्याङ्क लाई विश्लेषण गर्दा १४% को निराक्षार अवस्था देखिन्छ भने पुरुष साक्षारता ४८% र महिला साक्षारता जम्मा ३८% मात्र छ । यि कुराहरु लाई अझ गहिरिएर हेर्ने हो भने रोग, भोक र जिवन गुजाराका कारणले शैक्षिक क्षेत्रमा श्रमिकहरुको कम पहुँच छ । अझ भन्ने हो भने महिलाको स्थित त साह्रै नाजुक छ तर रुढीगत समाजमा छोरीले पढेर केही गर्न सक्दैनन भन्ने भ्रम रहनु त्यसै माथि गरिवको कुचक्रमा फसेकाहरुले छोरीलाई भन्दा छोरा लाई सहारा ठान्नु र छोरालाई नै पढाउन खोज्नु पनि हो भने महिलाले नावालक देखिनै धेरै घर व्यवहार चुलोचौको गर्नु पर्ने भएका कारण पनि हो ।


हाम्रो जस्तो मुलुकमा सबैलाई साक्षार तुल्याउने हो भने माध्यमिक शिक्षामा सबैको पहुच पुग्ने गरि निशुल्क शिक्षा हुनु पर्दछ । जसले गर्दा उनिहरुले श्रम लगानी गर्ने गलैचा उद्योग क्षेत्रमा पनि सजिलो होस् । कक्षागत आधारमा श्रमिकहरुको योग्यता निम्न बमोजिम छ ।

**<u>तालिका नं. ५</u>**

अध्ययनमा परेको उत्तरदाताको कक्षागत विवरण :-

| क्र.सं. | कक्षागत | श्रमिक सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निराक्षार | ७ जना | १४% |
| २ | ०-३ | २० जना | ४०% |
| ३ | ४-५ | १६ जना | ३२% |
| ४ | ६-७ | ५ जना | १०% |
| ५ | ८-१० कक्षा | २ जना | ४% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत सर्वेक्षण - २०६६, गट्ठाघर




प्रस्तुत तालिका तथा चार्ट अनुसार गलैंचा उद्योगको श्रमिकहरुको शैक्षिक स्थित हेर्ने हो भने एकदम नाजुक अवस्थामा रहेको छ । जस अनुसार ५ कक्षा सम्म अध्ययन गर्ने मजदुरको संख्या ७२% रहनुवाट स्पष्ट हुन्छ । एकतिर पुरानो शिक्षा र अर्कोतिर पारिवारिक गरिविको कारण हुन्छ भने मुख्य रुपमा सरकारी नीति नियमहरु पनि यसमा जिम्मेवारी छन् ।

माध्यमिक स्तरको शिक्षा सम्म पनि निशुल्क गर्न नसक्नु अनि दुर दराजका मानिसलाई शिक्षा प्रति सचेत र सजग गराउन नसक्नु श्री ५ को सरकारको कमजोरी हो । यदि माध्यमिक स्तरको शिक्षा निशुल्क गराउन सक्ने हो भने पनि यस्ता गलैंचा उद्योगमा काम गर्ने श्रमिकहरु जसले नेपालको अर्थतन्त्रलाई धेरै हद सम्म टेवा पुऱ्याईरहेको छन् । उनिहरुको स्थितिमा २५ ले मात्र १० कक्षा सम्म पढनेवाट कम से कम २०% त वन्थ्यो कि ?

यदि कुनै पनि मानिसमा शिक्षा छैन भने त्यस्तो मान्छेलाई अनुत्पादक जनशक्ति मानिन्छ । तिनै अनुत्पादक जनशक्ति तागतका भरमा बाँच्ने हुन्छन् । नेपालमा गलैंचा उद्योगमा काम गर्ने जनशक्ति पनि उद्योगवाट वाहिरिएमा विभिन्न भारि बोक्ने, घरको काम गर्ने, खेति किसानी गर्ने काममा रहन्छन् । त्यसैले केवल निशुल्क प्रा.वि. स्तरको शिक्षा पनि काम लाग्ने बन्दैन । देशको सबै स्तरको जनता, किसान, मजदुर सबैको लागी मा.वि. स्तरको शिक्षा अनिवार्य छ । यसको साथै महिला शिक्षा पनि अनिवार्य हुन आउँछ । जुन घरमा महिला शिक्षा हुन्छ त्यो घर प्रभावशालि तथा सम्पन्न बन्दै जान्छ । शैक्षिक अवस्था शुध्रेमा अवश्य पनि आर्थिक अवस्था शुध्रन मद्धत पुग्दछ । जसले गर्दा सामाजिक पक्ष पनि अगाडि बढ्दछ ।

### ५.१.४. बैवाहिक स्थितीको आधारमा उत्तरदाताहरुको वर्गिकरण

भक्तपुर जिल्लाको मध्यपुर ठिमि नगरपालिका वडा नं. १५ गट्ठाघर स्थित गलैंचा कारखानाहरुको अध्ययन अनुसन्धान गर्ने क्रममा स्थलगत अध्ययन गर्दा श्रमिकहरु एकआपसमा माया प्रिति हुन गई प्रेम समेत हुने गरेको पाईन्छ । जेहोस् श्रमिकहरुको वैवाहिक स्थित निम्न तालिका वमोजिम देखिन्छ ।

**तालिका नं. ६**

उत्तरदाताहरुको वैवाहिक स्थिती

| क्र.सं. | विवरण | नमुना संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ३४ जना | ६८% |
| २ | अविवाहित | १६ जना | ३२% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन, २०६६ -गट्ठाघर

उपरोक्त माथिको तालिका अनुसार विवाहित श्रमिक ३४ छन् भने विवाह नगरेको श्रमिक १६ छन् । यि मध्य ३४ मा प्रेम गरेर विवाह गनेहरु छन्, कुनै अन्तरजातिय विवाह पनि छन् कसैको मागी विवाह पनि भएका छन् ।

### ५.१.५ जिल्लागत आधारमा उत्तरदाताहरुको वर्गिकरण


अध्ययन क्षेत्रमा नै श्रमिकहरुको वसाई सराई मानिए तापनि उनिहरुको स्थाई वासस्थान को वारेमा जानकारी लिने क्रममा कुन कुन जिल्लावाट काममा आएका छन् सो हेर्नु जरुरी हुन्छ । त्यसै कारण अनुसन्धानको क्रममा श्रमिकहरुको स्थिती निम्न जिल्लावाट निम्न पाईएको छ ।

**तालिका नं. ७**

**जिल्लागत आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क.सं | जिल्लागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सिन्धुपाल्चोक | १५ जना | ३०% |
| २. | मकवानपुर | १० जना | २०% |
| ३. | काभ्रे | ४ जना | ८% |
| ४. | सर्लाहि | ४ जना | ८% |
| ५. | महोत्तरि | ३ जना | ६% |
| ६. | ललितपुर | ३ जना | ६% |
| ७. | सिन्धुली | ५ जना | १०% |
| ८. | ईलाम | २ जना | ४% |
| ९. | रामेछाप | १ जना | २% |
| १०. | झापा | १ जना | २% |
| ११. | धनकुटा | १ जना | २% |
| १२. | खोटाङ | १ जना | २% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत सर्वेक्षण - २०६६ गट्टाघर




माथिको तालिका तथा चार्टबाट खासगरि उपत्यका वरिपरिको जिल्लाहरुवाट गलैंचा उद्योगमा काम गर्न आउनेको संख्या धेरै पाईन्छ त्यसमा पनि पहाडि भु-भाग वाट नै वढि पाईन्छ । जसको कारण बेरोजगार कृषि उत्पादनमा ह्रास तथा गरिविवाट पिल्सीएको नै हो ।

### ५.१.६ क्षेत्रिय आधारमा उत्तरदाताहरुको विवरण

नेपाल पहाडी, हिमाली, तराई गरि तिन वटा क्षेत्रमा विभाजीत छ भने नेपालमै छुट्टै अस्तित्व वोकेको राजधानि समेत पर्ने उपत्यका पनि पर्दछ । जुन क्षेत्रहरुवाट गलैंचा उद्योगमा श्रम गर्न आउने श्रमिकहरुको विवरण निम्न प्रकार छ ।

**तालिका नं. ८**

**क्षेत्रिय आधारमा उत्तरदाताहरुको विवरण**

| क्र.सं | क्षेत्रिय विवरण | श्रमिक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पहाड | २४ जना | ४८% |
| २ | हिमाल | १५ जना | ३०% |
| ३ | तराई | ८ जना | १६% |
| ४ | उपत्यका | ३ जना | ६% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर, भक्तपुर

यसरि क्षेत्रगत आधारमा हेर्दा रोजगारिको लागि गलैंचा उद्योगमा प्रवेश गर्ने पहाडी क्षेत्रवाट सवैभन्दा वढी ४८%, त्यस्तै हिमाली क्षेत्रवाट ३०%, तराई क्षेत्रवाट १६% र उपत्यका भित्र अन्य रोजगारि का अवसरहरु पनि भएका कारण केवल ६% देखिन आएको छ ।

**५.१.७ जातिगत आधारमा उत्तरदाताहरुको वर्गिकरण**

नमुना छनोटमा परेका श्रमिकहरु, उनिहरुको जातको आधारमा गरिएको अध्ययन अनुसार कुन जातको के कति श्रमिकहरु गलैंचा उद्योगमा संलग्न छन् भनि हेर्ने सन्दर्भमा विवरण लिंदा निम्न तालिका नं. ९ बमोजिम विवरण पाईएको छ ।

**<u>तालिका नं. ९</u>**

जातिगत आधारमा उत्तरदातहरुको वर्गिकरण

| क.सं | जातिगत विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्रि | १ जना | २% |
| २ | नेवार | ४ जना | ८% |
| ३ | व्राम्हण | १ जना | २% |
| ४ | लिम्बु | ७ जना | १४% |
| ५ | गुरुङ्ग मगर | २ जना | ४% |
| ६ | तामाङ्ग | १२ जना | २४% |
| ७ | लामा | २३ जना | ४६% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन - २०६६ - गट्ठाघर

यसरि अध्ययन गर्दा नमुना छनौटमा परेको श्रमिकहरु मध्ये सबैभन्दा वढी लामा २३ जना देखा परे भने त्यस पछि तामाङ्ग १२ जना रहेका छन् । जसको कारण वुभ्नु पर्दा उपत्यका वरिपरिको अंग भनेको धेरै जस्तो पहाडमा लामा तथा तामाङ्ग हरुको वस्ती वढी पाईन्छ भने उनिहरु आर्कोतिर वेरोजगार तथा गरिविको रेखामुनि रहेवाट गलैंचा उद्योगमा काम गर्नु आउनु नियती नै वन्न जान्छ ।

गलैचा उद्योगमा काम गर्ने श्रमिकहरुमा सबैभन्दा कम व्राम्हण तथा क्षेत्री समुदाय पाईएको छ जुन नमुना उद्योगमा व्राम्हण केवल २% र क्षेत्री २% ले मात्र श्रम गरीरहेका छन् ।

विशेषत लामा तमाङ्ग आदी जातिले गलैचा वुन्ने कार्यलाई परम्परागत रुपमा स्विकार्दै आएका छन् । जुन प्रारम्भमा तिव्वतको भोटेहरुवाट परेको दखिन्छ । हालको नेपालको गलैचाको पुरानो स्थाननै तिव्वत तथा हिमाली भागको लिउ जस्ता सामानहरुनै हुन् ।

### ५.१.८ परिवार आकार

परिवार तथा परिवारको आकार प्रकारले कुनै महत्वपुर्ण भुमिका खेलेको हुन्छ । परिवार नै मानिसहरुको पहिलो कार्य भएकाले मानिसले धेरै कुराहरु परिवार वाटनै सिक्छन् । गलैचा उद्योगको श्रमिकहरुको समाजिक, आर्थिक, शैक्षिक स्थिति थाहां पाउन पनि उनिहरुको परिवारको प्रकार थाहा पाउनु जरुरी देखिन्छ । जुन तल तालिकामा प्रष्ट पारिएको छ ।

तालिका नं. १०

उत्तरदाताको परिवारको प्रकार

| क.स. | परिवारको प्रकार | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक | ३६ जना | ७२% |
| २ | संयुक्त | १४ जना | २८% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत सर्वोक्षण -२०६६- गड्डाघर

यस तालिका अनुसार आधुनिक समयको छाप पर्ने क्रममा श्रमिकहरुमा पनि परेको देखिन्छ किन भने संयूक्त परिवार भन्दा पनि धेरै जसो श्रमिकहरु एकात्मक परिवारमा वस्ने गरेको पाईएको छ ।

### ५.१.९ घर परिवारको सदस्य विवरण

गलैचा उद्योगका श्रमिकहरु मध्य अध्ययनको नमूनामा परेका श्रमिकहरु उनिहरुको पारिवारिक प्रकार अनुसारनै परिवारको सदस्य सम्म पाईएको छ । जसमा एकात्मक परिवारमा वस्नेहरु मा १-६ जना सदस्य सम्म फेला परेका छन् । धेरै जसो श्रमिकहरु एकात्मक परिवारमा वस्न रुचाउने छन् कसै-कसैको छोराछोरी वढी दखिन्छन् जसले गर्दा पनि परिवार सदस्य संख्या वढी देखिन्छन् ।

### ५.१.१० भाषा :


नेपाल वहुभाषिक वहुजातीको देश र यहाँ वस्ने हरेक जनता भिन्न-भिन्न भाषामा छन् । यिनिहरु प्रत्येक जात-जाती संगै आफ्नो छुट्टै भाषा तथा वस्तुको सांकेतिक नाम हुन्छ । श्रमिकहरु उद्योग क्षेत्रमा विभिन्न भाषाका हुने हुँदा नेपाली नै प्रयोग गर्दछन् भने उलेख्य रुपमा पनि नेपाली भाषाको नै चलन चल्ती छ तर एकआपसमा कुरा गर्दा भने आ-आफ्नो भाषामा कुरा गर्दछन् । कुनै-कुनै नेपालीमै साधारण मानिस सम्म पहुच पुगेको अग्रेजी शव्दावलीले भने श्रमिकहरुलाई पनि छोएको देखिन्छ । गलैचा उद्योगमा श्रमिकहरुको भाषिक निम्न वमोजीम देखाउन सकिन्छ ।

**तालिका नं. ११**

उत्तरदाताको वोल्ने भाषाको तालिका

| क.स. | भषागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २ जना | ४% |
| २ | गुरुङ्ग, मगर | २ जना | ४% |
| ३ | लामा | २३ जना | ४६% |
| ४ | नेवारी | ४ जना | ८% |
| ५ | लिम्वु | ७ जना | १४% |
| ६ | तामाङ्ग | १२ जना | २४% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गङ्गाघर




माथिको तालिका तथा चार्ट अनुसार सवैभन्दा वढी लामाहरुको भाषानै अग्रपक्तिमा देखिन्छ त्यसपछी तमाङ्ग भाषा देखिन्छ भने नेपाली, गुरुङ्ग मगर भाषा केवल ४-५% मात्र प्रयोग गर्ने गरेको देखिन्छ ।

### ५.१.११ धर्म


धर्मले जीवनको आध्यात्मीक भावानात्मक पक्षलाई समेट्ने भएकोले परलौकिक जीवनको लक्ष प्राप्त गर्ने एक महत्वुपुर्ण पाटो मानिन्छ । यसभित्रको जिवन शैलिमा धर्मले निकै महत्वपूर्ण भुमिका खेलेको हुन्छ  र यो शक्ति शाली पनि मानिन्छ । विना धर्म समाजका मूल्य मान्यताहरुमा खलल पर्न जाने हुदा धर्मलाई मानव समुदायले आफै संग वोक्दछ । गलैचा उद्योगमा श्रमिकहरुको धर्म सम्वन्धि निम्न विवरण पाईएको छ ।

**तालिका नं. १२**

धार्मिक आधारमा अध्ययनमा परेका उत्तरदाताहरुको विवरण

| क्र.स. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १० जना | २०% |
| २ | वुद्ध | ३२ जना | ६४% |
| ३ | क्रिश्चियन | ५ जना | १०% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर




उपरोक्त माथिको तालिका तथा चार्ट अनुसार गलैचा उद्योगमा काम गर्ने श्रमिकहरुमा सवभन्दा वढी ६४% वुद्ध धर्म मान्ने श्रमिकहरु, त्यसैगरी हिन्दु २०%, क्रिश्चियन १०% अन्यमा किरात धर्म मान्नेहरु सवै भन्दा कम ६% देखिएका छन् ।

### ५.१.१२ भोजन

मानिसलाई भोजन (खाना) नभईनहुने तत्व हो । त्यसमा पनि कडा परिश्रमगर्ने श्रमिकहरुलाई भोजनले धेरै राहत प्रदान गर्दछ । गलैचा उद्योगमा काम गर्ने श्रमिकहरु भिन्न-भिन्न संस्कृतिको हुने हुनाले उनिहरुको भोजनमा पनि भिन्नता पाईनु स्वाभाविक नै हो ।

व्राम्हण, क्षेत्री दाल, भात, तरकारी, मस्यौरा विशेषत मन पराउछन् र कहिले काहि खसि, कुखुराको मासु पनि खान्छन् त्यस्तै गुरुङ्ग पनि सुगुरको मासु खादैनन् । लामा पुरेतहरु भने राँगाको मासु, कुखुरा फुल आदि खादैनन् त्यस्तै तमाङ्ग विशेषत जाँडमा रम्ने प्रवृति छ । समय सापेक्ष साधारणतया मनोरञ्जन गर्दा खेरी मासु नखाने भन्दा अरुले स्थानिय रक्सीको प्रयोग पनि गर्दछन् । महत्पूर्ण चार्ड पर्वहरुमा मिठाई, रोटी मासु आदिको प्रयोग पनि गरिएको पाईन्छ ।

आम्दानीको अधिकांश भाग खाद्य सामग्रीमा खर्च गुर्नपर्नेहुदा अन्य मानविय आवश्यकताका क्षेत्रमा शिक्षा, स्वास्थ्य आदिमा खर्च गर्न धेरै वाकी रहदैन । यस्तो स्थितिमा उपभोग्य खर्च परिवारका सदस्यहरु विच असमान रुपले वितरण हुन्छ । छोरी भन्दा छोरालाई

राम्रो संग खुवाइन्छ । पत्निले भन्दा पतिले ठूलो भाग पाउछ (नेपालमा मानविय विकास, १९९८ पेज नं. ७५)।

### ५.१.१३ भेषभुषा

गलैचा उद्योगमा श्रम लगाउने श्रमिकहरुको धेरै जस्तो आम्दानीको भाग लत्ता कपडामानै खर्च हुने पाईएको छ । विभिन्न विकट ठाउँ वाट उपत्यकामा छिरेकाहरुमध्ये गलैचा उद्योगका श्रमिकहरु पनि नयाँ तथा अधुनिक फेसन वाट टाठा रहन सकेका छैनन् । दिनको आठ घण्टा भन्दा वढी परिश्रम गरेर कमाएको पैशा फेसनेवल लुगाहरुमा खर्च गरेको पाईयो ।

श्रमिकहरु मध्य पुरुषले जिन्स पाईन्ट, सर्ट ह्रयाट, छालाको रेडिमेड जुत्ता प्रयोग गरेको दखिन्छ भने आईमाइ मान्छे वा केटोकेटी स्कट, पाईन्ट, सर्ट, कुर्ता सुरुवाल प्रयोग गरेका छन् । कुनै आईमाइले धोती, चोली, लुग्गी, सर्ट आदी प्रयोग गरेको देखिन्छ ।

जुन श्रमिकहरुले आफ्ना छोराछोरी स्कुल पढाउने गरेकाछन् उनिहरुको सवै स्कुल पोसाक पाईन्छन् तर फेशनमा चाख नराख्ने उमेर छिपिएका र परिवारिक गुजारा टार्न धौ-धौ पर्ने श्रमिकहरुले साधारणतया आ-आफ्नै पोशाक प्रयोग गरेको पाईन्छ । गहनाका सन्दर्भमा महिला श्रमिकहरुले औठिमा विभिन्न पत्थरको प्रयोग तथा सुन, चादीं आदिको प्रयोग गरेको भेटिन्छ ।

### ५.१.१४ चाडपर्व

धर्म संस्कृति अनुसार नेपालमा विभिन्न चाडपर्वहरु मनाईन्छन् । हिन्दुहरुको महान चाड दशै देखि वुद्ध धर्मालम्विको ल्होसार अनि किराँतको वर्पले गलैचा उद्योगमा काम गर्ने श्रमिकहरु लाई पनि उनिहरुको धर्म संस्कृति अनुसार राम्रो छाप छोडेको छ । चाडपर्वहरुमा विभिन्न स्वादिष्ट व्यञ्जन ग्रहण गर्ने र आनन्द लिने प्रचलन सवै थरि चाडमा पाईन्छ । चाडपर्व आफन्त संगको भेटघाट, मित्रताको सम्वन्ध अझ वलियो र प्रगाढ हुने देखिन्छ जसले गर्दा सम्पुर्ण श्रमिकहरुको आत्मिक सम्वन्ध कसिलो र प्रगाढ वनाउने गर्दछ ।

हिन्दु, वुद्ध, किराँत धर्मालम्विहरु दशै, तिहार देखि गुरुङ्गहरु प्रकृति पुजक हुन उनिहरुले ईश्वर मानेर पुजा गर्दछन् । क्रिश्चियनहरुले चर्चमा गएर प्रभु यशु सम्झेर प्रथना गर्ने अनि विभिन्न समयमा चाड स्वरुप मान्ने पनि गर्दछन् । लामाहरुले विभिन्न समयमा स्वयम्भु मन्दिरमा गएर पनि भत्तिभाव प्रस्तुत गर्दछन् । त्यस्तै तमाङ्गहरु पनि हिन्दु र वुद्ध दुवै धर्म मान्ने देखिन्छन् भने

नेवारहरु कोत समय-समयमा भोज भतेर खानपान चलिरहन्छ । यसरी हेर्दा भिन्न धर्म दृष्टिकोण देखिएतापनि श्रमिकहरु एकआपसमा सहिष्णुता र मित्रवत तरीकाले जीवन गुजारा गरिरहेका देखिन्छन् ।

### ५.१.१५ सामाजिक संस्कृति प्रभाव

सामाजिक संस्कृति वातावरण भनेर प्रचार हुने तथा लचिलो स्वभावको हुन्छ । यो प्राकृतिक वातावरण जस्तो कठोर हुदैन । यसले विविध समाजमा परिवर्तन ल्याउन सक्छ । जस्तो नेपाल सामाजिक सांस्कृतिक परिवर्तनमा गलैचा उद्योगले एक महत्वपुर्ण स्थान ओगट्न सफल रहेको छ । श्रमिकहरुको वसाई, सराईको तरिकाले पनि यस्ता महत्पुर्ण कदम चाल्छन् ।

एउटा गलैचा उद्योगमा पनि विभिन्न समाज तथा संस्कृतिका मान्छे श्रम गर्न आउछन् जसले गर्दा श्रमिकहरुमा एकापट्टि मित्रताले भिन्न-भिन्न समाजको संस्कृति ग्रहण गराउन उत्प्रेरणा जागृत गर्दछ । गलैचा उद्योगककै केटा केटीमा प्रेम वस्न गई कुनै श्रमिकले अन्तर जातिय विवाह गर्दछ भने उनिहरु दुई विच संस्कृतिको समीश्रण हुन जान्छ । एउटा नयाँ संस्कृति वन्न जान्छ । त्यस्तै लामा र क्षेत्री श्रमिकहरुमा एकै ठाउमा श्रम गर्ने हेतुले काम थाले पछि एकको संस्कृति अर्कोमा सर्न गएको पनि हामी देख्छौ ।

सामाजिक सांकृतिक प्रभाव उत्पादन क्षेत्रवाट अझ वढी पर्न जान्छ । तिव्वतियन (भोटे) लिऊ वाट निर्यात गलैाचाको रुपमा विकास हुनु तथा विदेशी वजारमा पनि नेपाली गलैचाको महत्व रहुन पनि सांस्कृतिक प्रभाव हो । सामाजिक नीति नियम पनि उद्योगहरुमा भर पर्दछ । यसरी गलैचा उद्योग क्षेत्रमा श्रमिकहरुमा उत्पादन व्यवस्था र रोजगार अनि भिन्न भिन्न धर्म जातको एकआपसमा मिलनले उनिहरुको सामाजिक सांस्कृतिक परिवर्तनमा निकै प्रभाव छोडेको छ ।

### ५.१.१६ स्वास्थ्य स्थिति

गलैचा कारखानामा श्रम दिने श्रमिकहरुको वारेमा वुझ्नुपर्दा धेरै जसो श्रमिकहरु विभिन्न रोगवाट ग्रसित देखिन्छन् । उनिहरु हैजा, आउँ, टि.वि. आदि रोगवाट वढी ग्रसित छन् । जुनसुकै विमार लागेको भएता पनि अन्धविश्वासमा रुमल्लिएका हुनाले कोहि धामीझाक्रिकहाँ कोहि घरमानै तथा आर्थिक अभावका कारण साधारण अस्पतालमा औषधोपचार गराईएको देखियो ।

गलैचा उद्योगमा श्रमिकहरुमा रोगको मुख्य कारणहरु वारे वुझ्ने हो भने फोहोर काम गर्ने ठाउँ, सवै श्रमिकले प्रयोग गर्ने दुर्गन्धित ट्वाईलेट, उनको धुँवा धुलो आदि भएका कारण पनि स्पष्ट नै छ । पिउने पानीको अभाव पनि अर्को पक्ष हो भने श्रमिकहरुमा रहेको आफ्नो स्वास्थ्य प्रति सचेतना पनि नभएको पाइन्छ । श्रमिकहरुको स्वास्थ्य स्थिति वारे तालिकावाट स्पष्ट देखाउन सकिन्छ ।

**तालिका नं. १३**

श्रमिकहरुको स्वास्थ्य स्थिति

| क्र.स. | विवरण | मजदुर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्पताल | २१ जना | ४२% |
| २ | धामिझांक्री | २३ जना | ४६% |
| ३ | आफ्नै घरमा | ६ जना | १२% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत विवरण - २०६६ गङ्गाघर

उपरोक्त माथिको विवरण हेर्दा अस्पतालमा स्वास्थ्य परिक्षण गराउन जानेको संख्या २१ छ भने धामिझांक्री कहाँ जानेको संख्या २३ छ । यसरी हेर्दा अझै पनि एक्काइसौ शताब्दीमा अस्पताल भन्दा धामिझांक्री कहाँ जानेको संख्या ४ प्रतिशतले बढी रहेको छ । जसबाट श्रमिकहरुको स्वास्थ्य स्थितिबारे प्रष्ट हुन्छ । त्यस्तै घरमै उपचार गराउने ६ जना रहेका छन् । नेपाली गलैचा उद्योगका श्रमिकहरुको थोरै मात्र अस्पताल गएका देखिन्छन । तिनीहरु पनि वरिपरिको सामाजिक वातावरण अस्पताल जाने भएर नै अस्पताल जानु परेको देखाउँछन् । अझै पनि विरामी हुने वित्तिकै तुरुन्त अस्पताल नगएर धेरै गली सके पछि मात्र जाने चलन रहिआएको छ ।

## ५.२ आर्थिक अवस्था

मानिसको जिवनयापनमा अभिन्न अङ्ग मानिने अर्थ तथा आर्थिक अवस्थाले जिवन भोगाईमा ठूलो भुमिका खेलेको हुन्छ । कुनै पनि मानव मात्रामा उसको उपभोग सेवाहरुको लेखाजोखा, उपभोक्ता संगको क्षमता सम्वन्धि अध्ययन गर्नुनै आर्थिक अवस्थाको अध्ययन गर्नु हो । व्यापारिक क्रियाकलाप तथा समाजिक तौर तारिका वारेमा यसले राम्रो ज्ञान दिन्छ । यि क्षेत्रमा

उत्पादन व्यवस्था, वजार व्यवस्था, उपभोग, यातायात, ओसार पसार आदि संगको सम्वन्ध निकट रहेको छ । अर्थ व्यवस्थाले नै मानिसको विभिन्न कोणवाट प्रत्यक्ष, अप्रत्यक्ष सम्वन्ध राखेको हुन्छ । प्राकृतिक श्रोत साधान तथा जनसशक्तिको प्रभावले पनि आर्थिक अवस्थालाई माथि उठाउन सकिन्छ ।

आर्थिक अवस्थालाई प्रष्ट्याउन मजदरुहरुको दिनचर्यालाई थाहा पाउनु पर्दछ । यसका लागि गलैचा उद्योगमा श्रमिकहरुको आम्दानी स्पष्ट पार्दछ । श्रमिकहरु विशिष्ट, सीपयुक्त, दक्ष, शिक्षित छन् भने उनिहरु स्पष्टत : चनाखो हुन्छन् र केही लाभ प्राप्त गर्न सक्दछन् तर गलैचा उद्योगका श्रमिकहरु भने गरिवीको रेखामुनीवाट थिचिएका, निराक्षर यात विभिन्न कारणले थोरै पढ्न पाएका र शोषित पिडीत छन् भनेर “नेपाल मानविय विकास १९९८ को पेज नं. १५ मा भनिएको छ ।” सन् ५० दशकको अन्त्यतिर विकासवारे एउटा अवधारणा जन्मियो । यस अवधारणाले मूल रुपमा आर्थिक विकासको अवधारणालाई स्वीकाऱ्यो तर यसले पुंजी र प्रविधीको साथसाथै स्वास्थ्य, शिक्षा र “श्रमिक पूंजी” समेत आर्थिक विकाश अपरीहार्य तत्व हुन्छ भन्ने कुरा अगाडी साऱ्यो । उत्पादन र वितरणको प्रक्रिया र प्रविधिमा भविष्यको जटिलता, विविद्यता, निरन्तरता र विशिष्टताले गर्दा श्रमिकहरुको स्वास्थ्य, शिक्षा र विशेषज्ञता माथि जोडदिने उदेश्यले यस अवधारणाको जन्म स्वभाविक थियो ।

यसरी कुनै पनि श्रमिकको आर्थिक अवस्था विश्लेषण गर्दा उनिहरुको समाजिक, शैक्षिक, स्वास्थ्यको स्थिति हेर्नु जरुरी हुन्छ । जव मानिस आर्थिक दृष्टिकोणले मजवुत हुन्छ , उ मानिसिक स्थितीमा पनि राम्रो हुन्छ । आर्थिक अवस्था दरिलो भएको अवस्थामा श्रमिकहरु पनि सचेत  हुन्छन् । कुनै पनि निकायको आर्थिक अवस्था भन्नुनै त्यहांको साधन श्रोत परिचालन तथा सुविधा हो । आर्थिक अवस्थाको विश्लेषण भन्नुनै सामाजिक महत्वका वस्तुहरुको प्रयाप्तता तथा सेवा सुविधाको अध्ययन विश्लेशण हो । उत्पादन, अर्थ, वजार व्यवस्था, यातायात जनशक्ति आदिको आधारमा नमुना क्षेत्रमा परेका गलैचा उद्योगमा काम गर्ने मजदुरहरुको आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गरिएको छ ।

यसमा खासगरी गलैचा उद्योगको कामको अतिरिक्त उनिहरुको अन्य कामको विवरण, व्यवसायवाट हुने आम्दानी, भौतिक सामंग्री, मजदुहरुको अन्य पेशा आदि सम्वन्धि उल्लेख गरिएकोछ ।

### ५.२.१ श्रमिकहरुले गर्नु पर्ने कामको विवरण

### उन मिलाई तथा धुलाई

साधारणतया तिव्वतवाट आयात गरिएका उन मिलाउनु पर्ने हुन्छ । उक्त उन कच्चा पर्दाथको रुपमै नेपाल प्रवेश गर्ने भएकाले त्यसलाई रम्रो संग मिलाउनु पर्दछ । जुन उनको धुलाई पनि गरिन्छ । त्यस्तो उन धुलाई गरिसके पछि सुर्यको प्रकाशमा दुई तिन दिन लगातर सुकाउनु पनि पर्दछ । तिव्वतियन उन राम्रो भएकोले मंहगो पनि छ। त्यस्तै उन आयात गर्ने देशहरुमा न्यूजील्याण्ड तथा व्रिटिश पनि हुन् ।

### उन कताई

आयातित उनलाई धूलाई गरिसकेपछि त्यसलाई डोरीका रुपमा वदल्न कात्ने काम गरिन्छ । कात्नु पर्दा साधारणतया हातले कातिन्छ । कताई काम हातको साथ-साथै मेसिशनले पनि गर्न सक्दछन् । यसलाई राम्रोसंग मिलाउन चर्खाको आवस्यकता पर्दछ । हातले कातिएको उन श्रेष्ठ र राम्रो सौन्दर्य दिने हुदा पनि, हातले कात्ने वा चर्खाको प्रयोग गर्ने काम पनि हुन्छ ।

### रंगाई

गलैचा उत्पादनमा रंगाईको एकदम महत्वपूर्ण स्थान रहेको हुन्छ । धागो रंगाउदा सावधानी पनि उत्तिकै अपनाउनु पर्दछ भने विभिन्न रशायनहरु पनि प्रयोग गरिन्छन् । पहिले परम्परागत तरिकाले रंगाईन्थ्यो भने हाल आएर आधुकि प्राविधिक तरिकावाट पनि रंगाउने गरिन्छ । त्यसपछि भिभिन्न रंगको धागोलाई अलग-अलग सुकाईन्छ ।

### वुनाई

गलैचा वुन्दा एउटा फ्रेममा ठाडो तरिकाले वुनिन्छ । कुनै पनि उद्योगले उत्पादन गर्ने गलैचाको आकार अनुसार तानहरुको आकार निधारण गरिएको हुन्छ । एउटा सानो तानमा एकजना श्रमिकले काम गर्दछन भने ठूलो गलैचाको तानहरुमा दुई वा सो भन्दा माथी तिन, चार जना पनि संलग्न भएको पाईन्छ । ठूलो वा एउटा तानमा काम गर्दा सकभर एउटै परिवारको सदस्यहरु संलग्न भएमा मजदुरहरुलाई सजिलो लाग्ने गरको पाईन्छ । तानमा वुन्ने काम भने सवै हातवाटै हुन्छ ।

**सुकाई**

गलैचाको रुप तयार भईसके पछि धुने गरिन्छ । गलैचा धुन केमिकल पानि चाहिन्छ । नेपालमा तिव्वतियन उनको कार्पेट हरुलाई धुदा सोप वास अर्थात सावुन पानिले धुने गरिन्छ भने न्यूजिल्याण्डको उनवाट कार्पेट धुदा भने केमिकल वाट गरिन्छ । यसरी धुनेकाम गरिसकेपछि कम्तिमा ४-५ दिनसम्म सूर्यको प्रकाशमा सुकाईन्छ ।

**प्याकिङ्ग**

गलैचा खपतका लागि प्याकीङ्ग पनि एउटा महत्वपूर्ण कार्य हो । सफा राम्रो प्याकिङ्गले पनि गलैचा निकाशीमा महत्वपुर्ण कार्य गर्दछ । यसमा श्रमिकहरुको प्रभावकारी भुमिका रहन्छ । गलैचा प्याकिङ्गका सवै समानहरु आयातित छन् जुन जापान तथा भारत वाट आयात गरिन्छन् । यि सामानहरुमा गलैचा सुरक्षित तरिकाले प्याकिङ्ग गर्नु पर्दछ । यि माथिका गलैचा उद्योगका गलैचा उत्पादन गर्नेहरुले महत्वपूर्ण भुमिका खेल्ने कार्य गर्दछन् । जुन सवै जसो कार्यमा मजदुरहरुले महत्वपुर्ण भुमिका खेल्दछन् । जुन आधारमा श्रमिकहरुले आर्थोपार्जन गर्ने कार्य गर्दछन् ।

**५.२.२ पारिश्रमिक विवरण**

जुनसुकै गलैचा उद्योगमा पनि प्राय: कामहरु हातैवाट गरिन्छन् भने ति कार्यका लागि विभिन्न किसिमको श्रमिक ज्याला तोकिएको हुन्छ । श्रमिकहरुलाई गलैचा उद्योगमा अस्थाई, स्थायी भनी नियूक्ति नगरेर केवल ज्यालादारीमा मात्र नियूक्ति गरिएको पाईन्छ । उनिहरुको रोजगारको कुनै निश्चित समय, मापदण्ड हुदैन उद्योगपतिको व्यक्तिगत ईच्छाको आधारमा श्रम गरिहेका हुन्छन् । कुनै पनि व्यक्तिलाई उद्योगवाट वाहिर गर्न चाहेमा त्यसले तुरुन्त गर्न सकिन्छ ।

गलैचा उद्योगमा धागो रंगाइने काम आधुनिक मेसिन वाट गरिएतापनि अन्य सवै कामहरु भने हात वाटै गरिन्छन् । उन धुलाउने, धागो कात्ने, धागो रंगाई सकेपछि सुकाउन, डल्ला पर्ने, तानमा वुन्ने, वुट्टा कटिङ्ग गर्ने, फेरी धुलाई गर्ने, सुकाउने, प्याकिङ्ग गर्ने आदी सवै काम श्रकिको हातवाट नै हुन्छ । सवै कार्यमा श्रमिकहरु एकरुपताका साथ लागेकै हुन्छन् । तापनि यत्रो सवै काम श्रमिकवाट हुने भएतापनि उनिहरुको राम्रो मूल्याङ्कन गर्न नसकिएको देखिन्छ । श्रमिकहरु खासगरि तालिम प्राप्त नभएर साथीसंग अनुभव वटुलेर काममा लागेको

पाईन्छ । एक दिनमा आठ घष्टा भन्दा वढी पनि काम गर्ने मजदुरहरुको परिश्रमिक विवरण निम्न प्रकारको पाईन्छन् ।

| | | |
|---|---|---|
| धागो कताई | प्र.के.जी. | रु १५/- |
| वुनाई प्र. वर्ग मि. | | |
| साधारण डिजाईन | " " " | रु ७७५/- |
| मिडियम " | " " " | रु ११००/- |
| राम्रो " | " " " | रु १५००/- |
| वुनाई | प्रति नट | |
| | ६० नट | रु ७७५/- |
| | ८० नट | रु ११००/- |
| | १०० नट | रु १५००/- |
| कटिङ्ग ज्याला | प्र.वर्ग मि. | रु ५०/- |
| धुलाई ज्याला | प्र.वर्ग मि. | रु ११०/- |

यसरी खासगरी श्रमिकहरु ज्याला बढी पाउन बढी ज्याला पाउने कार्य रोज्दछन् । त्यही आधारमा काम गर्न सजिलो छैन । उद्योगमा खासगरी श्रमिकहरुले काम सके पछि मात्र भुक्तान पाउछन् तर धेरै जसो कित हप्ता हप्तामा, कित पन्ध्र-पन्ध्र दिनमा नत्र एक महिनामा उनिहरुको ज्याला दिने चलन उद्योगहरुमा पाईन्छ । जुन निम्न प्रकारको छ ।

१. लक्ष्मी कार्पेट ईण्डष्ट्रिज महिना दिनमा
२. जु.जु. कार्पेट उद्योग हप्ता-हप्तामा
३. जगत कार्पेट उद्योग हप्ता-हप्तामा
४. आर.के. कार्पेट उद्योग हप्ता-हप्तामा
५. खुसी कार्पेट फ्याक्ट्री पन्ध्र दिनमा

यी विभिन्न उद्योगमा श्रमिकले थरि-थरि काम गर्ने गर्दछन् जसमा उन धुलाई गर्ने, धागो कात्ने, गलैचा वुन्ने, डिजाइन गने, वासिङ्ग आदि कार्यहरु गर्दछन् । कुनै श्रमिक धेरै समय काममा लाग्ने तथा कुनै अलि कम समय काममा लाग्ने भएकाले श्रमिकहरुको आय पनि भिन्न-भिन्न पाईन्छ । कामको आधारमा श्रमिकहरुको आय विवरण निम्न तालिका वमोजीम पाईन्छ ।

**तालिका नं. १४**

गलैचा कारखानामा पारिश्रमिक विवरण

| क.स. | कामको प्रकार | मासिक आय | कैफियत |
|---|---|---|---|
| १ | धागो कात्नेले कमाउने | २५००-३००० | महिनामा १६६ के.जी. रु १५/- का दरले |
| २ | धुलाई गर्नेले कमाउने | ३०००-३५०० | महिनामा २९ वर्ग मी. ११० प्रति वर्ग मी. |
| ३ | गलैचा बुन्नेले कमाउने | ३०००-३५०० | महिनामा ..... वर्ग मी. ....... प्रति वर्ग मी. |
| ३.१ | साधारण डिजाईन (६०) नट | | महिनामा ४.५ वर्ग मि. ७७५ वर्ग मी. |
| ३.२ | मध्यस्त डिजाईन (८०) नट | | महिनामा ३ वर्ग मी. ११ प्रति वर्ग मी. |
| ३.३ | राम्रो डिजाईन (१००) नट | | महिनामा २.१० वर्ग मी. १५०० प्रति वर्ग मि. |
| ४ | कटिङ्ग गर्नेले कामाउने | ३०००-३५०० | महिनामा ६६ वर्ग मिटर ५० प्रति वर्ग मिटर |
| ५ | अन्यले कमाउने | २५००-३००० | चौकीदार, हेल्पर र अन्य |

स्थलगत अध्ययन -२०६६- गङ्गाघर

उपरोक्त माथिको तालिकालाई हेर्दा सवै भन्दा वढी कटिङ्ग गर्नेले तथा सवै भन्दा कम हेल्पर तथा अन्यको रहेको छ । गलैचा उद्योगमा यि सवै कार्यहरु वर्षैभरी गरिरहन सक्दैनन् । उद्योगको आर्थिक अवस्था, गलैंचा खरिदकर्ताको माग अनुसार फरक पर्न सक्छ । कहिले उन खरिद नभएर काम रोकिन्छ कहिले खरिद कर्ताले खरिदगर्न नचाहेर कहिले हड्ताल जस्ता पक्षले प्रत्यक्ष श्रमिकहरुलाई प्रभाव पार्दछन् । सरदर हेर्ने हो भने प्रति व्यक्ति आय ३०००/- पर्न आउछ ।

### ५.२.३ कामको आधारमा उत्तरदाता विवरण

गलैचा उद्योगमा श्रम गर्ने श्रमिकहरु विभिन्न आर्थिक अवस्थाका हुन्छन् । उनीहरु कोही कमजोर र कोही सुधारीएका हुन्छन् । उनीहरुको परिवारिक स्थिति भन्दा वाहिर आएर विश्लेषण गर्नु पर्दा सम्वन्धित उद्योगमा काम गरेवापत पाउने ज्यालानै उनीहरुको आर्थिक स्थिती हो । कामको आधारमा श्रमिकहरुको अध्ययन, अनुसन्धान गर्दा धागो कात्ने, गलैचा वुन्ने, कटिङ्ग गर्ने जस्ता कामहरु गरेको देखिन्छ । जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

कामको आधारमा उत्तरदाताको विवरण

| क.स. | कामको आधार | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धागो कात्ने | ६ जना | १२ % |
| २ | गलैचा वुन्ने | | |
| a | साधारण डिजाईन (६० नट्स) | २२ जना | ४४ % |
| b | मिडियम डिजाईन (८० नट्स) | १० जना | २० % |
| c | राम्रो डिजाईन (१०० नट्स) | ७ जना | १४ % |
| ६ | कटिङ्ग गर्ने | ५ जना | १० % |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर, भक्तपुर

प्रस्तुत तालिका अनुसार धागो कात्ने जम्मा ६ जनाले गरेका छन् भने उनीहरुको आम्दानी पनि थारे रहेको पाइन्छ । गलैचा वुन्ने काम तिर हेर्ने हो भने उद्योगमा तिन प्रकारको गलैचाहरु उत्पादन गरिएका पाइन्छन् । जसमा साधारण डिजाइन अथवा ६० नट्समा धेरै श्रमिकहरु संलग्न रहेको पाइन्छन् । यो डिजाइनमा वुन्न सजिलो पर्ने र ज्याला पनि त्यही अनुसार कम हुने देखिन्छ, त्यस्तै ८० नट्स अथवा राम्रो डिजायनमा काम गर्ने जम्मा १० जना श्रमिकहरु छन् । उनीहरुलाई प्रतिवर्गमीटर ११०० का दरले ज्याला दिइन्छ भने गलैचा तयार पार्न धेरै समय लाग्छ । त्यस्तै सवै भन्दा वढी समय राम्रो डिजाईन अथवा १०० नट्सको गलैचा तयार पार्न लाग्दछ । समय कम्तीमा पनि एक वर्गमीटर तयार पार्न ११ देखी १४ दिन सम्म लाग्दछ र ज्याला प्रति वर्गमीटर रु १५००/- उद्योगले तोकेको हुन्छ । आर्थिक स्थितिमा कटिङ्ग ज्याला प्रति वर्गमीटर रु ५० का दरले दिईएको हुन्छ र यो काम श्रमिकले चाडो गर्न सक्ने हुनाले मासिक ३००० देखि ३५०० सम्म कमाउछन् ।

### ५.२.४ गलैचा वजारको अवस्था र मजदुरको सम्वन्ध

वजार व्यवस्था तथा यसको स्थाइत्वले आर्थिक श्रोतलाई दरिलो वनाउँदछ । राम्रो वजार व्यवस्था पाउनलाई कुनै पनि उत्पादनको गुणात्मकता लाई ध्यान दिनु पर्दछ । अझ गलैचा त नेपालको विदेशी मुद्रा आर्जन गर्ने प्रमुख निर्यातित वस्तु हो जसलाई गुणत्मक तथा परिणात्मक रुपमा दरीलो वनाउनु अनिवार्य छ । अनि मात्र निर्यातित प्रर्वदन यसले महत्वपूर्ण कार्य गर्न

सक्छ । गलैचालाई गुणात्मक वनाउदा उद्योगमा काम गर्ने श्रमिकहरुलाई राम्रो शिप यूक्त तालिम दिन पर्दछ । जसले गर्दा राम्रो स्तरयूक्त गलैचा तयार गरेर निकशी गर्न सकियोस् ।

अहिले नेपाली गलैचा वजारले भने राम्रो वजार पाएको देखिदैन २०५०/०५१ सम्म ३३ लाख २५ हजार वर्गमिटर गलैचा निकाशी करिव १० अरव रुपैया वरावरको वैदेशीक मुद्रा भित्रयाउन सक्षम रहको यस उद्योग विद्यमानमा विभिन्न समस्याहरुले क्रमशः गलैचाको निकाशि ह्रासन्मुखि रहि आ.व. २०५८/५९ मा १६ लाख ९३ हजार १९६ वर्ग मीटर मात्र निकाशी गर्न सकेको र चालु आ.व. २०५९/०६० को पहिलो ६ महिनामा पनि गत वर्षको सोही अवधिको तुलनामा करीव १८% ले घटी ७ लाख ३९ हजार ४०६ वर्ग मिटर मात्र गलैचा निकाशी हुन सकेको वास्तवीकता वाट यस क्षेत्रमा संलग्न सवै अन्तर माध्यमिक उद्योगहरु समेतले उपलव्ध गराएको १० लाख भन्दा वढी रोजगारी वर्तमान अवस्थामा २ लाख पनि नरहेको कारण वाट देशको अन्य आर्थिक परिसुचकले पनि देखाएको छ ।(कार्पेट वुलेटीन, २०६०, वेशाख पेज नं. ३)

कार्पेट वुलेटीन अझ अगाडी थप्दछ - उद्योगलाई पुर्नजिवन प्रदान गर्न ठोस तथा उपलव्धिमूलक कार्यक्रमहरुको आवश्यकता छ । यस्ता कार्यक्रममा औद्योगिक शान्ति शुरक्षाको प्रत्याभुती, गलैचा व्यवसाय तथा श्रम ऐनको छुट्टा-छुट्टै व्यवस्था, सतही मूल्य निर्धारण गर्ने व्यवस्थाको सरलीकरण, तथा शुल्कको भारलाई न्युनतम गर्ने व्यवस्था, शिशु स्याहार तथा शिक्षा केन्द्रलाई नियमित प्रदान गर्ने व्यवस्था आदीलाई तत्कालै व्यवस्थित गरिनु पर्ने देखिन्छ ।

यसरी कमसल खालको उन, धागोको कारण्ले गर्दा गलैचाहरुको निर्यातमा कमि आएको जसले गर्दा श्रमिकहरुमा नराम्रो असर परेको दखिन्छ । देशको अर्थव्यवस्थाका साथै मजदुरहरुको आर्थिक अवस्थामा नराम्रो असर परेको देखिन्छ ।

कच्चा पर्दाथ आयात सम्वन्धमा पनि कुनै पनि सिमाको निर्धारण गरिएको पाईदैन । स्थानिय उन भने राम्रो संग धुलाई नभएको कारण धेरै जसो खेर जान्छ भने तिव्वत तथा न्यूजिल्याण्ड वाट उन आयात गरिन्छ । उन आयातको सिमा नहुदा पनि असर गरेको छ । त्यस्तै देश भित्र उत्पादित गलैचा मध्य धेरै जसो विदेश निकाशि हुने र केहि मात्रामा १५% स्वदेशी वजारमा विक्रि हुने गरेको पाइन्छ । स्वदेशी वजारमा विक्रि गर्दा विशेषत वेरोजगारीले सताईएका तथा दुर्गम पहाड वाट झरेर विशेषत : पश्चिम तिरका मानिसहरुनै गल्ली गल्लीमा हिड्दै गलैचा वेच्ने गरेकाछन् । जुन अवस्थामा त्यो पनि एउटा रोजगारी मान्न सकीन्छ । तापनि


त्यो सिधै वरोजगारीको पराकाष्टा हो उनीहरुसंग नाफा अथवा नोक्सानीको पनि कुनै नीति नियम हुदैन । यसरी गलैचा उत्पादनमा राम्रो गुणस्तर कायम गर्न सके विदेशी वजारमा राम्रो मूल्यमा निर्यात गर्न सके मात्र गलैचा उत्पादनमा श्रम गर्ने मजदरुहरुले स्थायित्व पाउन सक्दछन् । तालिम सम्म राम्रो दिएमा पनि गुणस्तरको गलैचा उत्पादन हुन गई वेरोजगारी घट्न सक्छ । यस सम्वन्धमा उनिहरुसंग जानकारी लिदा काम सिकेको निकायका सम्वन्धमा निम्न प्रकार जानकारी दिए ।

**तालिका नं. १६**

विभिन्न निकायवाट काम सिकेका सख्यागत विवरण

| क.स. | काम सिकेको निकाय | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | साथिभाई वाट | ३५ जना | ७०% | |
| २ | उद्योगवाट | १० जना | २०% | |
| ३ | परिवारवाट | ५ जना | १०% | |
| | जम्मा | ५० जना | १००% | |

स्थलगत अध्ययन -२०६६- गङ्गाघर




उपरोक्त माथिको तालिका तथा चार्ट हेर्ने हो भने नमुना छनोटमा परेका ५० जना श्रमिकहरुमा काम सिकेको निकायको आधारमा साथिभाई वाट ५३ जनाले, उद्योगवाट १०

जनाले र आफ्नै परिवारवाट ५ जनाले सिकेको छ जसवाट स्पष्ट हुन्छकि सरकारी तथा गैह्र सरकारी निकाय वाट गलैचा उद्योगमा श्रमिकहरु संग कुनै सम्वन्ध राखिएको छैन र उनिहरुलाई दक्षा वनाउन कामको स्थायित्व प्रदान गर्ने कुनै निकाय पनि गम्भिर छैन । यस अवस्थाले देखाएको अनुसार गलैचा उद्योगका मजदुहरुको आर्थिक अवस्था कमजोर तथा दयानिय छ ।

### ५.२.५ उत्तरदाताहरुको गलैचा उद्योगको कामको अतिरिक्त अन्य पेशा


जव मान्छे आर्थिक स्थितीमा कमजोर वन्छ अथावा जव मानिसलाई रोग भोकले सताउन थाल्छ तव उ वाँच्नको विकल्प खोज्ने क्रममा धेरै गरिवहरु अरुको श्रम गरेर ज्यालादारी गरेर जीवन गुजारा गर्छन् भने उनिहरु मालिकको अशिम निगाहमा आश गरेर वाचेका हुन्छन् । कुनै कनै व्यक्ति अथवा श्रमिक संग सानोतिनो घरधन्दा गर्न खेतिपाती पनि हुन्छ भने कुनै श्रमिक एउटा छाप्रो तथा एक मुठी मकै छर्ने टालो सिवाय अन्य केहि हुदैन जस संग छाप्रो तथा एकमुट्ठी मकै छर्ने जग्गा सिवाय अन्य छैन उनिहरुको परिवारनै धेरै जसो गलैचा उद्योगमा नै काम गर्न पुग्दछन् भने कोही घरको एक्लै हुन्छन् जसको सानोतिनो एक-दुई महिना वा त्यो भन्दा वढी महिना सम्म खानलाई खेति वाट अन्न उव्जाउन सक्छन् । यही कुरा मध्यनजर गरेर तालिका नं. १६ मा गलैचा उद्योगमा कामगर्ने श्रमिकहरुको पारिवारीक विवरण दिइएको छ ।

**तालिका नं. १७**

उत्तरदाताको परिवार वाट अन्य सदस्य काम गर्न आउने नआउने

| क्र.स. | श्रमिकको परिवार सदस्य विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एक्लै | २७ जना | ५४% |
| २ | दुई जना | १५ जना | ३०% |
| ३ | तिन जना | ४ जना | ८% |
| ४ | चार जना | ३ जना | ६% |
| ५ | पाँच जना वा सो भन्दा माथी | १ जना | २% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर




माथिको तालिका तथा चार्ट अनुसार जुन घरको सदस्यहरु वा एउटै घरको सदस्य गलैचा उद्योगमा धेरै भएकाहरुको आम्दानी वढी हुने तथा जुन व्यक्ति एक्लै काममा छ उसको अम्दानी थोरै भएको पाईन्छ ।

अर्कोतिर हेर्ने हो भने श्रमिकहरुले पारिवारीक कारणले खेतीको समयमा र अन्य त्यस्तै महत्वपूर्ण समयमा आफ्नो घर जाने खेतीपातीको काम सकेर फेरी गलैचा उद्योगमा आउने गर्दछन् । एउटा, दुईवटाले गलैचा उद्योगमा काम गरेतापनि अन्य आश्रित परिवारका लागि खेतीपाती गर्नुपर्ने हुन्छ । खासगरी निर्वाह गर्ने तथा अन्य आम्दानीको श्रोत वढाउन पनि श्रमिकहरुले निश्चित समय खेतीपातीको लागी काम गर्दछन् ।

कृषि प्रधान देशमा श्रमिकहरुले कृषि कार्य गर्नु धेरै फरक होईन तर नेपालको खेती योग्य जमिनवाट पानीको अभाव, आधुनीक प्रविधीको अभाव, कृषकहरुको अज्ञानताका कारण राम्रो फईदा लिन सकेका छैनन् भने उनिहरु वाह्रैमास खेतीमै नलागेर केहि समय मात्र खेतिमा खर्च गर्नु पनि हो । घरको सवै समस्या खेतिले मात्र नर्टने भएकाले गलैचा उद्योगमा श्रम गर्नु परेको श्रमिकहरु स्विकार्दछन् ।

कृषि अन्तरगत लगाइने विभीन्न खाद्यान्न वाली, नगदेवाली तथा तरकारी खेती छन् । जुन धान, मकै, कोदो, आलु, गोलभेडा, लौका, खुर्सानी आदी छन् भने फलफूल तिर केरा, अम्वा, आँप, लिचि, आलुवखडा, नासपाति आदि पर्दछन् । यी विभिन्न वाली तथा कुनै आर्थिक अन्य पेशामा पनि लागेको वताउछन् जुन निम्न प्रकार छन् ।

**<u>तालिका नं. १८</u>**

पहिले अन्य पेशामा लगेका श्रमिकहरुको विवरण

| क.स. | पेशा | श्रमिक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २२ जना | ४४% |
| २ | सानो व्यापार | ६ जना | १२% |
| ३ | उद्योग | ११ जना | २२% |
| ४ | भारतको चौकीदारमा | ६ जना | १२% |
| ५ | कुनैमा पनि नलागेको | ५ जना | १०% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गड्डाघर

उपरोक्त तालिका वमोजिम हेर्दा कारखानामा काम गर्न आउनु भन्दा पहिले ४४% श्रमिकहरु खेति कार्यमा संलग्न थिए भने अन्य उद्योगमा २२% अन्य खाले उद्योगहरुमा आफ्नो श्रम वेच्दथे ।

## ५.२.६ काम गर्ने समयको विवरण

गलैचा उद्योगको क्षेत्रमा श्रमिकहरुको काम गर्ने शैली र समयमा धेरै जसो एकनाश पाईएको छ । उनीहरु कम्तीमा आठ घण्टा र वढीमा दश घण्टा काममा खटिएका हुन्छन् । उद्योगले समय तोकेर भन्दा उनिहरु आफ्नो मर्जीले काम गरेको पाईयो किनभने उद्योग मालिकले ठेक्का जस्तै गरिदएको हुन्छ । त्यसैले यती समयमा गर्नु पर्छ भन्दैनन् । वढी काम गरे वढी आम्दानी हुने र थोरै काम गरे थोरै आम्दानी हुने हुनाले नै काममा वढी तल्लीन हुन्छन् । विशेषत काम गरेको वेला थकाई कम होस् भनेर एउटा डेग (एफ.एम. रेडीयो) राखेर ठूलो साउण्डमा गित सुन्दै काममा लागिपरेका श्रमिक देख्न सकिन्छन् । उनीहरुको फुसर्दको समय भनेको नै खाना खाने तथा लुगा सफा गर्ने हो जुन समय धागो, डोरी आदि सकिएको वेला भने उनिहरु रुगेर वस्नु परेको गुनासो पनि गर्दछन् ।

यसरी हेर्ने हो भने श्रमिकहरुको पसिना धेरै चुहिएको हुन्छ र अन्य कार्यालय भन्दा यहाँको मालिकले श्रमिकको श्रमवाट फाईदा लुटेको हुन्छ ।

### ५.२.७ मजदुहरुको आश्रित परिवारको विवरण

नेपाल पितृसतात्मक परिवारवाट मुख्य रुपले अगाडी देश हो, भने हिन्दु संस्कार अनुसार भुमि, शिक्षा, सम्पतिका अभावको कारण तथा एकआपसको माया प्रेमको कारण पनि धेरै जस्तो मानिसहरु संयूक्त परिवारमा वस्न रुचाउछन् । एकल परिवार भन्दा पनि संयूक्त परिवारलाई वांच्न सजिलो हुने, वृद्ध-वृद्धा आमा वावुलाई पनि सजिलै जीवन गुजार गर्न सकीने भएकोले पनि मानिसहरु संयूक्त परिवारमा वस्न रुचाउछन् । गलैचा उद्योगमा काम गर्ने श्रमिकहरु पनि केहि एकात्मक परिवारमा तथा केही संयूक्त परिवारमा वस्ने गरेका छन् । जुन व्यक्तिको संयूक्त परिवार छ, उनिहरुको घरको मानिस अन्यतिर पनि जागिर वा ज्यालादारी गरेको पाईन्छ । हाम्रो जस्तो मूलुकमा धेरै ठाँउ शिक्षा, प्रविधिवाट विकट रहेको छ , जसको कारण मानिसहरु राम्रो रोजगारीमा जान सक्दैनन् । श्रमिकहरुले पालन पोषण गर्नु पर्ने एकात्मक वा संयूक्त परिवारवारे निम्न तथ्याङ्क पाईएका छन ।

**तालिका नं. १९**

पालनपोषण गुर्नपर्ने परिवारको किसिम

| क्र.स. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | संयूक्त परिवार | १९ जना | ३८% | |
| २ | एकल परिवार | ३१ जना | ६२% | |
| ३ | जम्मा | ५० जना | १००% | |

स्थलगत अध्ययन -२०६६- गट्टाघर

उपरोक्त तालिका अुनसार संयूक्त परिवार भन्दा एकल परिवार धेरै देखिन्छ । वास्तवमा श्रमिकहरु घरवाट टाढा वस्नु पर्ने हुदा कुनै-कुनै परिवार जस्तै भएर वसेका देखिन्छन् । एकल परिवार वस्दा आफ्ना छोरा छोरीको हेरविचारमा राम्रो अवसर मिल्ने तथा आफ्नो आयमा आश्रित जनसंख्या कम हुने हुनाले पनि आज सोही एकल परिवारको चलन चल्ती वढेको पाइन्छ ।

### ५.२.८ उत्तरदाताहरुको पारिवारिक खाद्यान्न प्रयाप्तता

हाम्रो देश कृषि प्रधान भएता पनि यहाँका सवै जनताहरुलाई वार्षिक खान लगाउन अपुग हुन्छ । विशेषत : नेपाललाई पहाडी भू-भागले घेरेको हुँदा तथा सिंचाई मल जलको अभावले र श्रमिकवर्गहरुमा जमिनकै अभावले उनीहरु गलैचा उद्योग जस्ता क्षेत्रको काममा जुटेका हुन्छन् । आफ्नो घर आश्रित परिवार संख्या धरै हुने र थोरै जग्गा जमिनको खेतीवारीले

खान नपुग्ने स्थितिमा हुन्छन् । स्थलगत अध्ययन अनुसार उनीहरुको पारिवारिक खाद्यान्न प्रयाप्तता निम्न तालिका वमोजीम छ ।

**तालिका नं. २०**

उत्तरदातको परिवारिक खाद्यान्न प्रयाप्तता

| क.स. | विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-२ महिनासम्मको खाद्यान्न प्रयाप्तता | २५ जना | ५०% |
| २ | ३-४ महिनासम्मको खाद्यान्न प्रयाप्तता | ११ जना | २२% |
| ३ | ५-६ महिनासम्मको खाद्यान्न प्रयाप्तता | ७ जना | १४% |
| ४ | ७-९ महिनासम्को खाद्यान्न प्रयाप्तता | ५ जना | १०% |
| ५ | १०-१२ हिनासम्मको खाद्यान्न प्रयाप्तता | २ जना | ४% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर

उपरोक्त माथिको तालिका अनुसार ५० प्रतिशत श्रमिकहरुको पारिवारिक खाद्यान्न प्रयापतता केवल दुई महिना सम्म मात्र छ, भने तीन देखि चार महिनासम्मको खाद्यान्न प्रयाप्तता श्रमिक २२ प्रतिशत रहेका छन् । त्यस्तै ५ देखि ६ महिनासम्मका १४% रहेका छन् । जसवाट थाहा पाउन सकिन्छ कि गलैचा उद्योगमा काम गर्ने श्रमिकहरु गरिवीको रेखामुनी रहेका छन् भने पारिवारीक खाद्यान्न प्रयाप्तता नाजुक स्थितिमा रहेको छ । श्रमिकहरुका आर्थिक स्थीति यस शिर्षकवाट केलाउन सकिन्छ ।

### ५.२.९ प्रयोग गरिने इन्धन शक्ति

गलैचा कारखानामा काम गर्ने श्रमिकहरु निम्न आय हुने तथा आफ्नो आयले घरको सवै कार्य गर्नुपर्ने हुदा उनिहरु विशेषत सस्तो मूल्य पर्ने इन्धन शक्ति नै प्रयोग गर्दछन् । उपत्यका भित्र जंगल अभावका कारण दाउराको पनि अभाव हुने हुनाले दाउराको प्रयोग गरिएको भने पाइदैन । खासगरि उनिहरुले मट्टीतेलनै प्रयोग गरेका हुन्छन् । एक त गरिवी पछौटेपन त्यस्मा पनि आयस्तर निम्न भएका कारण ग्याँस चुल्हो भने १-२ प्रतिशतले प्रयोग गर्दछन् । आफ्नो समय अभाव तथा एक्लै झ्याउँ लाग्ने हुदा श्रमिकहरुमा केही यूवा भने आफूले सस्तो खाना पाउने होटलमा खाने गरेको वताउछन् । जुन तथ्याङ्क निम्नाअनुसार देखाउन सकिन्छ ।

**तालिका नं. २१**

उत्तरदाताहरुले प्रयोग गर्ने इन्धन शक्ति

| क्र.स. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | मट्टीतेल प्रयोग | ४५ जना | ९०% | |
| २ | ग्याँस प्रयोग | १ जना | २% | |
| ३ | होटलमा खाने | ४ जना | ८% | |
| | जम्मा | ५० जना | १००% | |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर

यो तालिका अनुसार इन्धन शक्तिमा मट्टीतेल प्रयोग गर्ने श्रमिकहरुनै धेरै देखिएका छन् जुन प्रतिशतमा ९० प्रतिशत छन् भने ग्यास चुल्हो केवल एक जनाले प्रयोग गरेका छन् भने ४ जना वाहिर खान खानेमा परेका छन् ।

### ५.२.१० भौतिक सामग्री विवरण


भौतिक सामग्रीहरु कुनै अति आवश्यकीय हुन्छन् कुनै विलाशिताका सामग्रीहरु हुन्छन् तापनि गलैचा उद्योगमा काम गर्ने श्रमिकहरु अति आवश्यकीय आवश्यकताका सामग्री पनि जुटाउन सकेका हुँदैनन् भने विलाशिताका सामाग्रीहरुको त कुरै नगरौं । श्रमिकहरुलाई शोधिएको भौतिक सामाग्री सम्बन्धी विवरणमा उत्तर निम्न तथ्याङ्कको आधारमा पाइएको छ ।

**तालिका नं. २२**

भौतिक सामाग्री विवरण

| क्र.स. | भौतिक सामाग्री | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | रेडियो | २१ जना | ५६% | रेडियो, साईकल भएका मजदुर चार |
| २ | टि.भी. | ११ जना | २०% | टि.भी., साईकल भएका मजदुर दुई |
| ३ | साईकल | ६ जना | ११% | |
| ४ | कुनै छैन | १८ जना | ३६% | |
| | जम्मा | ५० जना | १००% | |

स्थलगत अध्ययन- २०६६ गट्ठाघर




प्रस्तुत माथिको तालिका तथा वृतचित्र हेर्ने हो भने संख्या र प्रतिशत नमिलेको लाग्छ तर कुनै श्रमिक संग रेडियो तथा साइकल दुइटै छन् भने कुनै संग टि.भी. तथा साईकल छन् कुनै संग साईकल वा टि.भी. वा रेडियो मात्र छ भने अन्य १८ जनासंग भने केहि पनि छैन । गलैचा उद्योगमा काममा निरन्तरता नहुने हुनाले श्रमिहरुको गरिबीको चपेटामा भाँसिएका छन् जसको कारण यस्ता रेडियो टि.भी. साईकल जस्ता सामाग्री समेत जोड्न सकेका छैनन् ।

### ५.२.११ श्रमिकहरुको मासिक आम्दानी विवरण

श्रमिकहरुको आयश्रोतलाई हेर्ने क्रममा उनीहरुको जिवन स्तर अनुसार मासिक आम्दानी सम्वन्धमा जिज्ञासा राख्दा उनीहरुले आफ्नो सालाखालामा मासिक आम्दानी वताएका छन् । जुन क्रममा उनीहरुको मासिक आम्दानी निम्न प्रकारको रहेको वताएका छन् । जसलाई तालिका द्धारा निम्न रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २३**

| क्र. स. | विवरण | नमुना सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २५०० - ३००० सम्म मासिक आम्दानी गर्ने | ६ जना | १२% |
| २ | ३००० - ३५०० सम्म मासिक आम्दानी गर्ने | २७ जना | ४४% |
| ३ | ३५०० - ४००० सम्म मासिक आम्दानी गर्ने | ७ जना | १४% |
| ४ | ३२०० - ३६०० सम्म मासिक आम्दानी गर्ने | १० जना | २०% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन - २०६६ - गट्ठाघर, भक्तपुर

यसरी माथिको तालिकालाई हेर्दा सवैभन्दा वढी २७ जना जसले मासिक आम्दानी ३००० देखी ३५०० सम्म गर्दछन्, त्यसपछि १० जनाले मासिक आम्दानी ३२०० देखी ३६०० सम्म गर्दछन् भने ७ जनाले ३५०० देखी ४००० सम्म मासिक आम्दानी गर्दछन् । सवैभन्दा कम आम्दानी गर्ने ६ जना श्रमिकहरु रहेका छन् । अव यसरी हेर्दा श्रमिकहरुको मासिक आम्दानी लगभग खान लाउन पुग्ने हिसावको भए पनि धेरै जसो श्रमिकहरुलाई सवैकुरा टार्नु पर्ने हुदा मासिक आम्दानी धेरै कम हुने वताउछन् ।

### ५.२.१२ आम्दनीको बाँकी खर्च विवरण


श्रमिकहरुको आफ्नो पसिना चुहाएर आय आर्जन गर्न तल्लीन छन् । उनिहरुले गर्मी र चिसोलाई छिचोलेर आय आर्जन गर्छन् भने उक्त आम्दनीको लगानी पनि सिमित ठाउमा गर्दछन् अर्थात घर परिवारको सहयोगको लागि नै लगानी गर्दछन् । जुन विवरण निम्न छ ।

**तालिका नं. २४**

श्रमिकहरुको आम्दनी वाँकी खर्च विवरण

| क्र.स. | आम्दनीको बाँकी खर्च विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवारको गुजार गर्न | २८ जना | ५६% |
| २ | छोरा छोरी पढाउन | १३ जना | २६% |
| ३ | मनोरञ्जन गर्न | ८ जना | १६% |
| ४ | जग्गा किन्न | १ जना | २% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर, भक्तपुर



माथिको तालिका तथा वृतचित्र अनुसार श्रमिकको आम्दानीको बाँकी खर्च विवरण अन्तरगत ५६ प्रतिशतले पारिवारिक गुजारा टार्न लगानी गर्दछन् त्यस्तै २६ प्रतिशतले छोरा-छोरी पढाउन भने १६ प्रतिशतले मनोरञ्जन गर्न प्रयोग गर्दछन् जुन १६ भनेको परिवारको एक्लै काम गर्ने तथा अविवाहित केटा केटीहरु हुन् जसलाई भविष्यको बारेमा खासै सोच्ने अवस्था छैन त्यस्तै जग्गा किन्न भने केवल २ प्रतिशत मात्र बाँकी खर्च जुटाउन थालेका छन् ।

### ५.२.१३ स्वास्थय परिक्षण तथा शिक्षण शुल्कको आर्थिक दायित्व

श्रमिकहरु साधारणतया रुघा, खोकी, ज्वरो आदि विरामी परी रहने हुन्छन् भने कुनै कुनै खर्च धेरै लाग्ने विरामी पनि हुन्छन् । उनीहरु विरामी पर्नुको कारण फोहोर कोठा, फोहोर ट्वाइलेट, दिनभरको थकाई आदि छन् । रुघा, खोकी देखि टि.बी. सम्मका विरामीहरुलाई उद्योगले कुनै पनि विरामीको स्वास्थ्य परिक्षण गराईदिने अथवा उपचार गरिदिने पाईदैन । आफ्नो ज्यालाबाट आएको पुँजीले स्वास्थ्य परिक्षण गराउनु पर्ने हुँदा कुनै कुनै विरामी त औषधी उपचार समेत गर्न नसक्ने बताउँछन् भने साधारण सिटामोल, पेन किलरहरु नै धेरै जस्तै रोगका लागि प्रयोग गर्ने पनि बताउछन् । ठुलो रोगको औषधी उपचार गर्नु परेको अवस्थामा भने घरपरिवारको सहयोगको समेत खाँचो रहने बताउँछन् ।

शिक्षण शुल्कको दायित्व वारेमा प्रश्न गर्दा श्रमिकका छोरा-छोरी पढाई खर्च वापत उद्योगले केहि नदिने सबै कार्य आफैले गर्नु पर्ने बताउँछन् । छोरा छोरीको कलम, कापी देखि स्कूल ड्रेस, स्कूल फी आदि सबै गरिदिनु पर्ने भएकाले खासगरी विद्यार्थी नयाँ भर्नाको समयमा श्रमिकलाई बढी भार पर्ने, पैसा धेरै लाग्ने दुःख हुने कुरा बताउँछन् ।

## ५.३ श्रमिकहरुको काम प्रतिको धारणा

मान्छेहरुले जन्म शिद्ध गरिव तथा धनि वनेर जम्मेर हुदैन तैपनि समय, स्थिती अनुसार उनिहरुलाई दास वनाईदै लगिन्छ । कार्ल माक्सको द्धन्दात्मक भौतिकवादका अनुसार श्रमिकहरु पुँजिपतिहरुवाट शोषित, पिडीत भएका हुन्छन् । उनका अनुसार जव-जव श्रमिकहरु शिक्षित वन्दै जान्छन् उनिहरुले आफ्नो कामको मूल्य थाहा पाउँछन् र आफ्नो कामको शोषण प्रति विद्रोही वन्दै जान्छन् भन्ने छ । जुन स्थिति भक्तपुरको अध्ययनमा परेका गलैचा उद्योगमा पनि देख्न सकिन्छ । श्रमिकहरु आफ्नो मालिक प्रति कडा रुपमा प्रस्तुत हुन नसकेतापनि पहिले देखीनै आफ्नो श्रम, सिप, पसिनाको शोषण भईहेको वताउछन् र भन्छन् साधारणतया सवै श्रमिकले आन्दोलनमा उत्रने हो भने हाम्रो गरिखाने वाटो पनि छेकीन्छ तर के गर्नु मालिकले जुन स्तरमा हाम्रो ज्याला निर्धारण गरे पनि सहनु पर्ने वाध्यता छ ।

श्रमिकहरुका अनुसार उनिहरुले गलैचा उद्योगमा स्थाई जागिरका रुपमा काम दिलाउन नसकेता पनि कम्तीमा अस्थाईका रुपमा स्विकार्नु पर्ने वताउँछन् । देशको आर्थिक स्थितीलाई मजवुत पार्न आफ्नो सहभागिता उद्योगहरुमा अनिवार्य रहेको तथा वेलावेलामा उद्योगले वा अन्य सरकारी, गैह्र सरकारी संस्थाले तालिम आदीको व्यवस्था गर्नु पर्ने वताउछन् ।

गलैचा उद्योगका श्रमिकहरु आफ्नो काम प्रति लगनशिल रहेका देखिन्छन् र उनीहरुको लगाव पनिराम्रो रहेको हुन्छ । समय समयमा देखा पर्ने रुघा, खोकी, पखाल, टाउको दुख्ने देखी लिएर टी.भी, क्यान्सर जस्ता रोगले पनि ग्रस्त भएका हुन्छन् तापनि काम छोड्नु परेको खण्डमा भने आफ्नो काम प्रति चिन्तीत रहेको देखीन्छ । सधैभरी विहान देखी वेलुका एउटैमात्र तानमा वस्नु पर्ने वा धागो कात्नु पर्ने भएकाले कहिलेकाहि न्यास्रो लाग्ने वताउछन् । यही अनुसार गलैचा उद्योगमा काम गर्ने श्रमिकहरुको पनि फरक-फरक धारणा पाईएका छन् ।

### ५.३.१ गलैचा उद्योगमा काम गर्दा श्रमिकहरुको नैराश्यता विवरण

यस सम्वन्धी अध्ययन अनुसन्धान गर्दा गलैचा उद्योगका श्रमिकहरु कत्तिको नैराश्यता अुनभव गर्छन् भन्ने सम्वन्धमा प्रश्न राख्दा सधैभरी एकै खाले काम गर्नु पर्ने मालिकको श्रमिकहरु प्रति गरिने व्यवहार तथा गलैचा उद्योग भन्दा वाहिरको मान्छेले श्रमिकलाई हेर्ने दृष्टिकोण नराम्रो भएको हुदा र पारिश्रमिकका कारण श्रमिकहरु कोही नैराश्यता, कोही सामान्य नैराश्यता, धेरै नैराश्यता रहेको पाईयो जुन सर्न्दभमा आफ्नो अनुभव श्रमिकहरुले यसरी प्रश्तुत गरेका छन् ।

**तालिका नं. २५**

| क्र. स. | विवरण | श्रमिक सख्या | श्रमिक सख्या प्रतिशत |
|---|---|---|---|
| १ | नैराश्यता | २६ जना | ५२% |
| २ | सामान्य नैराश्यता | १८ जना | ३६% |
| ३ | धेरै नैराश्यता | ६ जना | १२% |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर, भक्तपुर

माथिको तालिका अनुसार नैराश्यता व्यक्त गर्ने श्रमिकहरुको सख्या २६ जना, सामान्य नैराश्यता व्यक्त गर्ने १८ जना र धेरै नैराश्यता व्यक्त गर्ने श्रमिकहरुमा ६ जना रहेका छन् ।

### ५.३.२ श्रमिकहरुको आफ्नो वर्तमान कार्य प्रतिको सन्तुष्टि

गलैचा उद्योगका श्रमिकहरु संग विभिन्न समयमा प्राथमिक तथ्याङ्क संकलन गर्ने क्रममा उनीहरुले वर्तमान समयमा गरिरहेको काम जस्तै गलैचा वुनाई, कताई आदी क्षेत्रका सम्वन्धमा मानसिक सन्तुष्टि, असन्तुष्टि के कस्तो छ भन्ने सन्दर्भमा वुझिएको हो । यस सम्वन्धमा श्रमिकहरुले राखेको आफ्नो कार्य प्रतिको विवरण निम्न छ ।

**तालिका नं. २६**

श्रमिकहरुको वर्तमान कार्यप्रतिको विवरण

| क.स | श्रमिकहरुको वर्तमान कार्यप्रतिको विवरण | श्रमिक संख्या | श्रमिक प्रतिशत |
|---|---|---|---|
| १ | सन्तुष्ट | १३ जना | २६ % |
| २ | सामान्य सन्तुष्ट | २२ जना | ४४ % |
| ३ | असन्तुष्ट | १५ जना | ३० % |
| | जम्मा | ५० जना | १००% |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर, भक्तपुर

माथिको तालिका अनुसार, गलैचा उद्योगमा आफ्नो श्रम वेचेर ज्याला लिने श्रमिकहरुको अहिलेको काम गराई र भोगाई प्रतिको सन्तुष्टि सम्वन्धलाई हेर्दा सन्तुष्ट श्रमिकहरु केवल १३ जना रहेका छन्, सामान्य सन्तुष्ट २२ जना र असन्तुष्ट श्रमिकहरु १५ जना रहेका छन् ।

### ५.३.३ श्रमिकहरु आफ्नो हक हितको लागि अन्य संगठन संगको संलग्नता

हरेक मान्छेहरुको आफ्नो पेशाप्रतिको लगाव हुन्छ भने उ कुनै न कुनै अर्थमा आफ्नो हक हितको लागि संगठन संग संलग्न रहेको पाईन्छ । श्रमिकहरु कुनै संगठन संग संलग्न छन् की छैनन् भन्ने सम्वन्धमा प्रश्न राख्दा निम्न तथ्याङ्क संकलन गरिएको छ ।

**तालिका नं. २७**

**संगठन संगको संलग्नता**

| क.स | विवरण | श्रमिक सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संगठन संग संलग्न श्रमिकहरु | ९ जना | १८ % |
| २ | संगठन संग असंलग्न श्रमिकहरु | ४१ जना | ८२ % |
| | जम्मा | ५० जना | १०० % |

स्थलगत अध्ययन -२०६६- गट्ठाघर, भक्तपुर

माथिको तालिका अनुसार, संगठनमा संलग्न श्रमिकहरु केवल ९ जना, संगठन संग असंलग्न श्रमिकहरु ४१ जना रहेका छन् ।

### ५.३.४ श्रमिकहरुका समस्या, माग तथा पछौटेपनका कारण :-

गलैचा उद्योग श्रमिकहरुका लागि कमाई गर्ने रोजगारीको थलो बन्न पुगेको छ । अन्यत्र सबै ठाउमा रोजगारको समस्या उत्पन्न पर्दै जाँदा श्रमिकहरुले आफ्नो श्रम स्थल गलैचा उद्योगलाई नै बनाउँछन् । गलैचा उद्योगमा काम गर्ने श्रमिकहरु अशिक्षित हुन्छन्, उनिहरुले पढ्न पाएका हुँदैनन् गरिबीको रेखामुनिको परिवारबाट आएका हुन्छन् । अझै पनि गलैचा उद्योगमा "पढ्न पाए हुन्थ्यो भन्ने चाहना छ कि छैन" भनेर प्रश्न गर्दा १६-२५ वर्ष उमेरका धेरै जस्तो युवा-युवतिले "छ" भन्ने उत्तर आएबाट थाहा हुन्छ कि उनिहरुको इच्छा र अभिलाषा त छ नी । त्यसैले उनिहरुको भन्दा पनि उनिहरुसंग गरिबी नै श्रमिकहरुको प्रमुख समस्या हो ।

गरिबी यस्तो चिज हो जसले केहि गर्न खोज्दा पनि पछाडीबाट खुट्टा तान्ने कार्य गर्दछ अर्थात प्रगतिको कुनै पनि बाटो गरिबी रहँदासम्म समात्न सकिदैन । गरिबीले आफ्नो तथा आफ्नो परिवारको जीवनस्तरलाई पनि स्थिर राख्न सकिदैन । जब व्यक्तिहरु जीवनका अरु आवश्यकता पुरा गर्न सक्दैनन् भने उनिहरुका आर्थिक, सामाजिक पक्ष पनि धाराशयी बन्दै जान्छन् । जब मान्छे गरिबीको चपेटामा फस्छ उसलाई रोजगारीको जरुरत पर्दछ तर रोजगारी पनि टाढा भाग्दै जान्छ । अनि मानिसमा विद्रोह, अकर्मण्यता, नैराश्यता, रिश उठ्न थाल्छ र मानसिक ज्वार भाटा उठ्न थाल्छ । जसले गर्दा निर्विवाद चली आएका सामाजिक संगठनमा खलल पुग्दछ । त्यसै कारण श्रमिकहरुको समस्या भनेको आर्थिक, सामाजिक समस्याका रुपमा रहेका छन् ति समस्याको निवारण गर्ने तथ्य (जरा) पत्ता लगाउनु पर्ने हुन्छ र श्रमिकहरुको आय श्रोत बढाउने कार्यहरु गरिनु पर्दछ ।

गुणस्तरीय गलैचा उत्पादन गर्न कुनै पनि निकायले तालिमहरु नदिने, घरेलू उद्योग पनि केवल नाम मात्रको रहेको छ । गलैचा उद्योगका श्रमिकहरुको मासिक आयको बारेमा पनि निश्चितता नभएको धेरै वर्ष एउटै उद्योगमा सेवा गरे पनि अशक्त भएर छाड्ने बेलामा रित्तो हात फर्कनु पर्ने । जति र जस्तो सुकै राम्रो काम गरेता पनि कुनै प्रमाण पत्र उद्योगका तर्फबाट नपाइने, कारखानामा बस्दा पानीको अभाव रहिरहने, फोहोर निकाश नभएको ठाउहरु, सानो तथा कोठा-कोठामा धेरै तान राखिने ज्याला सम्बन्धमा निश्चितता नपाइने, औषधी उपचारको व्यवस्था नभएको, मनोरञ्जनको अभाव, आर्थिक श्रोतको अभावको कारण उन किन्ने गलैचा

उद्योग सम्बन्धी घरेलु उद्योग खोल्न नसकेको तर श्री ५को सरकार तथा अन्य निकायले सहयोग गरेमा श्रमिक अल्फिने तथा गलैचा उत्पादन गर्न सकिने गुनासोहरु श्रमिकहरुबाट आएका छन् । यावत कुराहरु नै गलैचा उद्योगका श्रमिकहरुका समस्या हुन भन्ने कुरा श्रमिकहरु भन्दछन् ।

यि कुराहरुलाई लिएर श्रमिकहरुले आवश्यकता पुरा गर्न उद्योग मालिक तथा अन्य सम्बन्धित निकय संग अनुरोध गरेको कुरा उठाएका छन् भने श्रमिकहरुको अन्य मागहरुमा विशेष जडका रुपमा ज्यालादर वृद्धि गरिनु पर्ने, ज्यालादारी कामलाई कम से कम अस्थाई रुपमा लिनुपर्ने, बोनसको व्यवस्था हुनपर्ने, पानीको प्रयाप्तता हुनुपर्ने, स्वास्थ्य उपचार उद्योगका तर्फबाट गरिनु पर्नेमा विशेष जोड दिएका छन् ।

खास नीति नियमको अभावको कारण पनि सम्बन्धित उद्योगहरु श्रमिकको भलाईको लागि विस्तारै सहुलियत दिने पक्षमा देखिन्छन् । तर पूर्ण रुपमा प्रभावकारिता भने कुनै पनि उद्योगमा आउन सकेको छैन ।

गलैचा उद्योगका श्रमिकहरु आर्थिक श्रोतमा पछाडी परेकाहरु साथै सामाजिक संरचनामा पनि पछाडी परेका छन् । यसका पछाडी कुनै न कुनै तत्वहरुले भूमिका खेलेको पाइन्छ । विभिन्न दातृ संस्थाहरुले गरिबीलाई तारोका रुपमा प्रयोग गरे पनि उनीहरुको जीवन चर्या सुधार्न भने कोहि लागेका छैनन् । उनिहरुलाई पछाडी पर्नुको कारणबारेमा थाहा भएता पनि गरिबीका कारण केहि गर्न सक्दैनन् । श्रमिकहरु पछाडी पर्नुमा उनिहरुको जीवन जगत अधोगति तिर धकेलिनुमा आर्थिक गरिबी, रुढीवादी संस्कार, शिक्षामा कमी, जनचेतनाको कमी तथा प्रविधीसम्मको पहुँचमा कमी, प्रकृतिक श्रोतहरुको उपयोग सम्बन्धी ज्ञानको अभाव, मानवीय संशाधनको परिचालन गर्नु नसक्नु आदि पर्दछन् ।

श्रमिकहरुको उन्नतीको लागि अन्य पक्ष जस्तै सरकारी उद्योग, निजी उद्योग मालिक, गैह्र सरकारी संघ संस्थाहरुले अझ चाँसो नदेखाएमा र समाधानका उपायहरु अवलम्बन नगरेमा प्रभावकारी रुपमा श्रमिकहरुको आर्थिक तथा सामाजिक परिवर्तन हुन नसक्ने देखिन्छ । त्यसैले समयमै सबै पक्षबाट ध्यानाकृष्ट गराउनु जरुरी देखिन्छ । जब देशमा गरिबीको संख्या घट्दै जान्छ अनि मात्र देश द्वन्द्व रहित, भाईचारा, सामाजिक, संस्कृतिक, आर्थिक रुपमा सबल बन्दै जान्छ ।

# अध्याय - छ

## ६ सारांश, उपसंहार तथा सुझाव

### ६.१ सारांश

नेपाल जस्तो विकाशोन्मुख देशमा गलैचा उद्योगहरुले महत्पूर्ण योगदान दिएका छन् । ठूला उद्योगहरु संचालनमा आउन नसकेको त्यसमा पनि कोही घाटामा गएका तथा कोही टाट पल्टेका अवस्थामा गलैचा उद्योगले धेरै राहत प्रदान गरेको महसुस हुन्छ । गलैचा उद्योग क्षेत्र सामाजिक, आर्थिक उन्नतिको लागि मेरुदण्ड नै सावित भएका छन् ।

हाम्रो जस्तो विकाशोन्मुख देशमा साधन श्रोतको प्रभाकारी संचालन गर्न नसक्नु नै विकासको वाटामा महत्पूर्ण मानिन्छ । संचालन विस्तारमा आउन नसकेको मानविय संशाधन तथा कच्चा पदार्थले संचालनमा आउन सक्नुनै महत्वपुर्ण हो । गलैचा उद्योगले समाजिक, आर्थिक गतिशिलता, सामुदायिक सेवा, रोजगारीमा वृद्धि गरिवी निवारण एवं साँस्कृतिक परिवर्तनमा महत्वपूर्ण योगदान दिएकै छन् । जव-जव उद्योगहरु देशमा संचालन हुदै जान्छन् त्यहाका जनताहरुका विभिन्न समस्यमहरु हराउदै जान्छन् जसको कारण रोजगार, नयाँ प्रविधि आदी हुन् । जनताहरुको आर्थिक परिवर्तनको लागि रोजगादाता उद्योगहरुको आवश्यकता पर्दछ । उन तथा गलैचा उद्योगले उत्पादन र रोजगारमा नजिकको सम्वन्ध रान्ने हुनाले र आर्थिक वृद्धि, उत्पादन, रोजगारीको आपसि सम्वन्ध हुने हुँदा समाजको गरिवी घटाई सामाजिक परिवर्तन, आर्थिक उन्नतिमा वृद्धि हुदै जान्छ ।

नेपालमा गलैचा उत्पादनको समय धेरै पुरानो मानिन्छ । लिच्छवि, किराँतकाल देखि नै गलैचा वुनाईमा अग्रसरता देखा पर्न थालेको हो । यहाँका घरेलु उद्योगहरुमा यस गलैचा उत्पादनले महत्वपूर्ण योगदान पुऱ्याएको  पाईन्छ । विशेषत : नयाँ रौनक भनेको सन् १९५० मा तिव्वत वाट शरणार्थिका रुपमा नेपाल, भारत, श्रीलंका छिरेका शरणर्थी वाट मनमोहक गलैचा उत्पादन हुन थाले वाट गलैचा उत्पादनको विस्तार भएको हो । त्यसवेला केही आर्थिक लाभ लिन परिवारमा तान राखि गलैचा उत्पादन गरिन्थ्यो भने वर्तमान अवस्थामा भने मूख्य रोजगारदाता उद्योगका रुपमानै गलैचा उद्योग देखा परेका छन् । नेपाल कृषि प्रधान देश हो । यहाका जनता धेरै जासो कृषिमा निर्भर छन् । कृषि क्षेत्र वाटनै नेपालीहरुको गुजार चलेको छ र जुन क्षेत्रवाट उद्योगको लागि चाहिने कच्चा पर्दाथ पनि उपलव्ध गराउन सकिन्छ  तर कृषिमा आधुनिकरण, नयाँ प्रविधिको प्रयोग गर्न नसकिरहेको  अवस्थामा नेपाली-तिवतियन डिजाईनको

गलैचाले विश्व वजारमा ध्यान आकृष्ट गराउन सफल हुन सकेको छ । यसले आर्थिक क्षेत्रमा मूख्य भुमिका निर्वाह गरेका छ जसले १०० प्रतिशत समुन्द्र पारको निकाशिमा ५८ प्रतिशत ओगटेको यो उद्योगले रोजगारिका क्षेत्रमा महत्वपूर्ण योगदान दिएको छ । साना ठूला सवै खाले उद्योगहरु माझ साना उद्योगले ६६ प्रतिशत रोजगारी दिएको अवस्थामा नेपाली गलैचा उद्योग क्षेत्रले अझ अग्रणी स्थान हासिल गरेको छ ।

यस कारण हाम्रो देशमा गलैचा उद्योगको स्थापना तथा उत्पादित गलैचाको विकाश र विस्तारले यस क्षेत्रमा काम गर्ने श्रमिकहरुको जिवन शैली रहने, वस्ने स्थितीमा परिवर्तन आएको छ र केही ज्ञान सीप विकाश पनि वृद्धि भएको पाईन्छ ।

यसरी गलैचा उद्योगको श्रमिकहरुमा ज्ञान, सिप, क्षमताको वृद्धि भएको, समाजिक, आर्थिक अवस्थमा परिवर्तन भएको हुँदा उनिहरुको पहिले भन्दा वढी अहिलेको स्थितीका वारेमा राम्रो संग वुझ्न विभिन्न, अवलोकन, अन्तवार्ता, प्रश्नावलीहरु तयार पारि, अनुसन्धान कर्ता स्वयंम गएर अध्ययन गरिएको छ ।

गलैचा कारखानामा काम गर्ने श्रमिकहरुको आर्थिक अवस्थामा सुधार ल्याउन प्रत्यक्ष भुमिका खेल्ने गलैचााको निकाशीमा केही ह्रास आएको पाइन्छ जुन ह्रास आउनुको कारण कमसल उन,  कच्चा पर्दाथको उपलव्धतामा कमी, धुलाई कटाई, प्याकीङ्गमा परम्मरागत काम आदी भएको कारण पनि हो । सामाजिक, आर्थिक अवस्थाका वारेमा मजदुर तथा उद्योग मालिक संग श्रमिकहरुको वस्ने व्यवस्थाको वारेमा राखिएको प्रश्नमा उद्योग भित्र नै वस्ने व्यवस्था मिलाईएको तथा खाद्यान्नको आपूर्ति सम्वन्धमा श्रमिकहरु लाई सस्तोमा पर्ने गरी ठेक्कामा उपलव्ध गराइने गरेको पाईन्छ ।

श्रकिहरुमा कामको खोजीमा गलैचा उद्योगमा आएका सवभन्दा वढी ४८ प्रतिशत पहाडका पाइएका छन् भने हिमाली क्षेत्रवाट त्यो भन्दा कम अनि तराई क्षेत्र वाट कम र सवैभन्दा कम केवल २ प्रतिशत उपत्यका भित्र वाट रहेका छन् । जिल्लागत आधारमा हेर्दा वढी जस्तो श्रमिकहरु सिन्धुपाल्चोक, मकवानपुर, काभ्रे, सर्लाही, महोत्तरी, सिन्धुलि, ललितपुर, इलाम आदी जिल्ला वाट पाईयो भने जातीको आधारमा तथ्याङ्क संकलन गर्दा सवैभन्दा वढी लामा त्यसपछी तामाङ्ग सवैभन्दा कम भनेको व्राम्हण २ प्रतिशत मात्र रहेको तथा क्षेत्री पनि २ प्रतिशत मात्र रहेको पाईएको छ । यसरी हेर्ने हो भने, वुन्ने कार्यमा अझ वढी पनि लामा तामाङ्गहरुनै अगाडी देखिन्छन् ।

धर्मालम्वीका अनुसार श्रमिकहरुमा सवैभन्दा वढी वुद्ध धर्म जुन ६४ प्रतिशत त्यस्तै हिन्दु २० प्रतिशत क्रिश्चियन १० प्रतिशत र किरात धर्म ६ प्रतिशत देखिएका छन् । भाषाहरुमा नेपाली, नेवारी, लामा, गुरुङ्ग मगर, लिम्वु, तामाङ्ग आदि वोल्नहरु छन् । गलैचा उद्योगमा श्रमिकहरु विभिन्न भाषा, जाति, संस्कृति अनुसार भएकाले आ-आफ्नो संस्कार गर्दछन् र पुजा पाठ, दान, धर्म, जस्ता कार्यहरु पनि आ-आफ्नो संस्कार अनुसार गर्दछन् । उद्योगमा काम गर्नुका अतिरिक्त घरमा गएर खेतिपाति पनि गर्ने श्रकिहरुमा महिलाहरुको सख्या पनि त्यत्तिकै धेरै छ, जुन आधारमा महिला र पुरुष श्रमिकहरुलाई वरावरी नमुना २५-२५ का दरले लिइएका छन् । काम गर्ने श्रमिकहरुको उमेर सम्वन्धमा हेर्न खोज्दा वढी श्रमिकहरु २०-२५ वर्ष उमेर भित्रको छन्, भने त्यसपछि २६-३५ उमेर भित्रको अनी १६-१९ वर्ष उमेर भित्रको छन् , तर ५५ वर्ष उमेर भन्दा माथीको श्रमिक पाईएको छैनन् । उनीहरुको मासिक आयको वारेमा वुभ्mने क्रममा कुनै-कुनै उद्योगमा हप्तै पिच्छे ज्याला भुक्तानि दिन गरिएको पाईन्छ, तापनी विशेषत कडा काम गर्नेले रु ३०००/- देखी रु ३५००/- सम्म कमाउने र अलि कमसल काम गर्नेले रु २५००/- देखी रु ३०००/- विचको हाराहारीमा कमाउने गरेको पाइन्छ ।

गलैचा उद्योगमा काम गर्दा श्रमिकहरु दैनिक ८-१० घण्टा काम गर्दछन् । यति धेरै परिश्रम गरेतापनि थोरै ज्यालाका कारण तथा रोजारीको कुनै निश्चित ग्यारेण्टि नभएका कारण यस्ता खाले प्रश्नमा जटील अनुहार भित्रवाट खिन्नता यूक्त उत्तर प्रश्तुत गर्दछन् । गरिवीनै गरिवीको चपेटामा परेका श्रमिकहरुमा धेरै जस्तो केही समय मात्र खान पुग्ने छन् ।

शिक्षा क्षेत्रमा हेर्ने हो भने ० देदी ३ कक्षा सम्म मात्र पढेकाहरु धेरै देखिन्छन् भने असाक्षहरु पनि त्यतिकै उपस्थित छन् । जुन तथ्याङ्क आधारमा असाक्षर धेरै जस्तो महिलाहरु नै छन् भने १० कक्षा सम्म पढ्नेहरुको संख्या अतिन्युन अर्थात केवल ४ प्रतिशत मात्र छ । श्रमिकहरु विभिन्न अभावका कारण धेरै जस्तो तल्लो स्तरको कक्षमानै पढाई छोड्ने र माथी पढ्न नपाउने पाइयो जसको कारण कुनै सिप नसिकोको र रोजगार हुने तथा जिवन धान्ने क्रममा गलैचा उद्योगमा कामगर्न आउने गरेको पाईयो ।

ग्यास चुलो प्रयोग गर्ने श्रमिक एक जना तथा मट्टीतेल प्रयोग गर्ने ४५ जना रहेकोमा होटेलमा खाना खाने ४ जना रहेका छन् । नमुना छनोटमा परेका ५० जना श्रमिकहरु लाई भौतिक सामाग्री सम्वन्धि प्रश्न गर्दा रेडियो ४२ प्रतिशत, टि.भि. २२ प्रतिशत संग छ भने कुनै

संग रेडीयो साईकल दुवैओटा पनि रहेका छन् । भौतिक सामाग्री कुनै पनि नहुने ३६ प्रतिशत छन् । परिश्रमिक वाट वचेको रकम के काममा लगाउन हुन्छ भन्ने सन्दर्भमा धेरै जस्तो परिवारीक गुजारा टार्न तथा कुनै-कुनै उत्तरदाताहरुले छोराछोरी पढाउन खर्च गर्ने वताए भने केहि संख्याले मनोञ्जन गर्न प्रयोग गरेको पनि वताए ।

समाजिक अवस्थामा उनहिरुको व्यवहार तपाई लाई कस्तो लाग्छ भन्ने सनर्दभमा आडम्वर भित्र रहेको नराम्रो लाग्छ भन्ने उत्तर अधिकांश वाट आएको छ भने अन्य वर्गको मानिसको सम्वन्धमा कस्तो छ भन्ने सर्न्दभमा चाँसो नराख्ने वताउछन् ।

उपरोक्त सवै सपस्याहरु वाट पारपाउँन व्यवहारिक तथा अन्य सिपमुलक तालिम वैकल्पीक रोजगारीको व्यवस्था व्यवसायिक शिक्षा आदि दिलाउन सके गलैचा उद्योगमा श्रमिकहरुको रोजगारीको ग्यारेन्टी गर्नसके उनिहरुको भविष्य उज्वल हुने देखिन्छ ।

## ६.२ उपसंहार

हाम्रो जस्तो गरिवी रुढिगत संस्कार, सामाजीक भिन्नता, कुपोषण, पछौटेपन भएको मुलुक राष्ट्रिय आय वितरण प्रणालीमा भिन्नता, राष्ट्रिय उत्पादन भन्दा वढि जनसंख्या वृद्धि आदि असमान अवस्था भएको सर्न्दभमा उत्पादन तथा आय वृद्धि गर्न गलैचा उद्योगमा श्रम प्रदान गर्ने श्रमिकहरु पनि आर्थिक सामाजीक दुरावस्थाका कारण धेरै पछाडी परेका छन् । देशमा उत्पादन क्षमता वढाउने ठूला उद्योगहरुको हैषियत खस्कदै गएको भएतापनि साना उद्योग अन्तर्गत पर्ने गलैचा उद्योगहरुले वाहिर वाट पर्दाथ भित्र्याउँदै हातले वुनेको गलैचा विदेश निकासि गर्दै स्वदेशी श्रमिकहरुलाई रोजगारी उपलव्ध गराउदै आएको वा उक्त सवै अवस्थालाई हृदयगंम गर्दा उलैचा उद्योगमा काम गर्ने श्रमिक महिला तथा पुरुषको आर्थिक, सामाजिक अवस्थाको अध्ययन, विश्लेषण गर्दा यस अध्ययनको अन्तमा निम्न लिखित निष्कर्शमा पुगेको छु ।

१. गलैचा उत्पादन गर्ने श्रमिकहरु आर्थिक अवस्थामा गरिवीको रेखामुनी छन् । श्रमिकहरु विभिन्न पहुचवाट पनी तलनै छन् । जसमा शैक्षिक अवस्था पनि एक हो ।
२. गलैचा उत्पादन गर्ने श्रमिकहरु नेपालको विभिन्न क्षेत्रवाट उपत्यका भित्र प्रवेश गरेका छन् । उनीहरुको आय ज्यालादारीमा भर पर्ने हुदा मासिक आय थोरै हुने

तथा त्यसमा पनि चुलिदै गएको महंगिले आफ्नो ज्यान पाल्न धौधौ पर्ने अवस्था छ ।

३. गलैचा उत्पादन संलग्न श्रमिकहरुको परिवार पनि उनिहरुिको आयमानै भर पर्ने भएकोले विभिन्न खालका रोगले समाती सक्दा पनि आर्थिक अभावका कारण औषधी उपचार गर्न नसकेको अवस्था छन् ।

४. गलैचा उद्योगमा एउटै कोठामा वसि काम गर्नु पर्ने भएका कारण फोहोर हुने, श्वास प्रश्वास पनि दुर्गन्धित हुने र समय अभावका कारण श्रमिक वस्ने कोठाहरु पनि त्यस्तै हुने, जसको कारण श्रमिकहरु साधारणतया रुघा खोकी, ज्वरो, पखाला, आउँ जस्ता रोगहरु वाट समय समयमा ग्रसित भई रहन्छन् ।

५. गलैचा उद्योगमा काम गर्ने श्रमिकहरु विशेष : गरिवीको अवस्था वाट मूक्ति पाउन काममा आउने हुँदा उनिहरुको शिक्षा क्षेत्र लाई हेर्ने हो भने धेरै कम शिक्षा प्राप्त गरेका छन् ।

६. नेपालको प्रशाशन, सरकारी गैह्र सरकारी संस्थाले गरिवीमा भासिएका जनतालई माथि उठाउन जती सुकै कार्यक्रम गऱ्यौ भने कुराहरु उठाएता पनि श्रमिकहरुको स्थिति यथावत छ जुन हामिले काम सिकेको निकाय कुन हो भनेर सोध्दा घरेलु उद्योगवाट सिकेका श्रमिकहरु फेला परेका छैनन् ।

७. श्रमिकहरु नेपालको विभिन्न जिल्ला वाट, क्षेत्रवाट आएका तथा उनिहरुको धर्म, भाषा, रहन सहन, रिति रिवाज, संस्कृति फरक-फरक भएता पनि आखिर श्रमिकहरु एकआपसमा मिलेर वस्ने मिलनसार देखिन्छन् ।

८. श्रमिकहरु काम गर्ने उद्योगहरुमा कामको स्थायित्व नभएको, सुरक्षाको कमी, सरसफाई शौचालय आदीको प्रवन्ध राम्रो नहुनु, काम गर्ने ठाउ विशेषत : छिडी हुने हुनाले अध्यारो चिसो, भुईमका वसि काम गर्नु पर्ने हुँदा गर्मिमा धेरै गर्मि चिसोमा धेरै चिसो हुने हुनाले श्रमिकहरु समस्यानै समस्यामा अल्झिएका छन् ।

९. काम गरेवापत ज्याला र कोठा भन्दा अरु कुनै सुविधा नपाईने भएका कारण उनिहरु हतोत्साही तथा निराश छन् ।

१०. श्रमिकहरुले शिप सिके पनि उनिहरुलाई ऋण दिएर उत्पादन गर्न कसैले सहयोग नगर्ने तथा श्रमिकहले एउटा उद्योगमा जति समय गरेतापनि

उनिहरुलाई काम गरेको अनुभवको प्रमाण पत्र दिईदैन त्यसैले अन्य उद्योगमा काम गर्न चाहेमा समस्या पर्दछ ।

११. श्रमिकहरु एकातिर गलैचा उद्योगमा आठ घण्टा भन्दा वढी समय काममा खटिन्छन् भने अर्कोतिर घरको परिवारिक अवस्था सम्हान्नुपर्ने पनि छ । उनीहरु खेतीपातीको समयमा घर र अन्य समय काममा लाग्ने पनि हुन्छन् ।

१२. गलैचा उद्योगका श्रमिकहरु विशेषत धर्म, धामि झाक्रिमा विश्वासगर्ने हुन्छन् जुनकुरा विरामी पर्दा धेरै जस्तो अस्पताल नगएर धामि झाक्रि कहा विरामी जाँच गर्नु वाट प्रष्ट हुन्छ ।

१३. गलैचा उत्पादनको सवै काम हातलेनै गर्नु पर्ने भएका कारण नयाँ प्रविधी नभएकाले विदेश निकाशीमा ह्रास आएको छ । जसको कारण श्रमिकहरुले पाउनु पर्ने जती रोजगारी पाएका छैनन् ।

१४. गलैचा उत्पादन गर्ने श्रमिकहरु काठमाण्डौको आधुनिक नयाँ फेसन वाट प्रभावित हुने भएतापनि उमेर छिपिएका श्रमिकहरुको परम्मरागत पहिरनमानै सजिएका हुन्छन् ।

१५. गलैचा उत्पादन पढाई विदेश निकाशिमा वृदि गर्न स्वदेशी वजार वृदिगर्न गलैचा गुणात्मक वनाउनु पर्ने तथा त्यसमा राम्रा डिजाईन गर्नु पर्ने हुन्छ । जसमा श्रमिकहरुले अन्य वढि काम पाउन सक्षम हुन्छन् भने देशको पनि राष्ट्रिय आयमा वृद्धि हुन गई प्रति व्यक्ति आय वढ्ने र नेपाली समाजीक, संस्कृति विदेश तिर पनि प्रवाह हुदै जान्छ ।

## ६.३ सुझावहरु

गलैचा उद्योग, यसको महत्व, गलैचा उद्योगका समस्या निवारण र त्यसका लागि अवलम्वन गर्नुपर्ने कदम तथा गलैचा उद्योगमा काम गर्ने श्रमिकहरुको आर्थिक, समाजिक स्थिति माथि उठाउनको लागि केही सुझावहरु दिइएका छन् । यि सुझावहरु सम्वन्धित निकायले प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा गलैचा उद्योग तथा त्यसमा काम गर्ने श्रमिकहरु लाई फाईदा पुग्ने छ ।

१. गलैचा उद्योग क्षेत्रमा काम गर्ने पुरुष तथा महिलाहरु लाई विभिन्न तालिमहरु दिनु पर्ने जसले गर्दा उनिहरुको व्यवसायिक दक्षता होस् र गलैचा उद्योग क्षेत्रमा राम्रो डिजाईनको गलैचा उत्पादन गर्न सकीयोस् ।

२. सधैभरी गलैचा उत्पादन (वषैभरी) मा काम नपाईने भएकाले वाकी रहेको समय अन्य ठाउमा काम गर्नसकुन् भनी अन्य विषयमा पनि तालिम दिनुपर्ने देखिन्छ जसवाट श्रमिकहरुले वर्ष भरिको आर्थिक दायित्व पूरा गर्न सकुन् ।

३. श्रमिकहरु शैक्षिक परस्थितिमा पछाडी परेका छन् त्यस्तै कारणले उनिहरुलाई अन्य प्रविधिक शिक्षा पाउनु पर्दछ ।

४. श्रमिकहरु विरामी पर्दा सानोतीनो रुघा, खाकी, ज्वरो आएपनि अस्पताल वा धामी भाक्रि कहाँ जानु पर्ने हुन्छ र समय अनि पैशा खर्च हुन्छ उनीहरुको समय तथा पैशा वचत गराउन उद्योग क्षेत्र भित्रनै ओषधोपचारको व्यवस्था गर्नु पर्ने ।

५. गलैचा उद्योगमा श्रमिकहरुका लागि पुरुष तथा महिला ट्वाईलेट छुट्टाछुट्टै हुनुपर्ने तथा काम गर्ने कोठा सफा हुनुपर्ने अनि काम गर्दा वस्नको लागि राम्रो व्यवस्था गरिदीनु पर्ने ।

६. श्रमिकहरुलाई स्पिनिङ्ग, रंगाई, कटिङ्ग, धुलाई सम्वन्धि राम्रो तालिम, प्रशिक्षण गराई त्यस क्षेत्रमा उनिहरु लाई दक्ष वनाउनु पर्ने तथा श्रम विभाजन हुनुपर्ने ।

७. श्रमिका छोरा छारीको भविष्य उज्वल वनाउन तथा उनिहरु लाई देशको दक्ष जनशक्तिका रुपमा उभ्याउन उद्योग मालिकले पढाउनको जिम्मा लिनुपर्ने ।

८. श्रमिकहरु संग लगानी गर्न पूंजि हुदैन त्यसैले उनिहरुको कडा परिश्रम तथा गलैचा वुन्ने सिप लाई प्रोत्साहनगरि श्री ५ को सरकाले श्रमिकहरुलाई ऋण सुविधा उपलव्ध गराई गलैचा उत्पादन गर्न लगाउने जसको कारण श्रमिकहरुको आर्थिक स्थिति सुध्रियोस् तथा उनिहरु आत्म निर्भर वन्न सकुन्

९. श्रमिकहरुले काम गरेवापत ज्याला वाहेक अन्य सुविधा नपाउने तर दिनको ८-१० घण्टा सम्म काममा जोतिनु पर्ने भएकाले कम्तिमा उनिहरुको ज्याला वृद्धि गराउनु पर्ने ।

१०. गलैचा उद्योगमा काम गरिसकेपछि उनीहरुलाई अनुभवको प्रमाणपत्र दिनुपर्ने जरुरी हुन्छ जसले गर्दा पछी अन्य काममा लाग्न सजिलो होस् ।

११. नेपालमा कार्यरत ट्रेड यूनियनले विभिन्न गोष्टि सेमिनाहरुमा श्रमिकहरुको हितका वारेमा जानकारी गराउनुका साथै उनिहरुलाई अग्रसर गराउनु पर्दछ ।

१२. सामाजिक संस्कृति, परम्परा, धर्म भेष-भुषा वचाई राख्न विभिन्न उद्योगले अन्तर उद्योग कार्यक्रम गर्नु पर्ने जसले गर्दा उनीहरु आफ्नो संस्कृति वचाउन प्रोत्साहित होउन् ।

१३. गलैचा उद्योगलाई प्रोत्साहन गर्न विभिन्न कर, भन्सारमा  पनि समसामायिक छुट दिनुको साथै सवै भन्दा वढि विदेशी मुद्रा आर्जन गर्न विभिन्न देश संग व्यापारिक संझौता गरिनुपर्ने देखिन्छ ।

१४. वर्तमान अवस्थमा तिव्वतीयन संस्कृतिको गलैचा भन्दा नेपाली आफ्नै मौलिक परम्पराको गलैचा उत्पादन गनै सक्यो भने अन्तराष्ट्रिय स्तरको व्यापार वृद्धि गराउन सकिनेछ ।

१५. गलैचा उद्योग क्षेत्रमा अझै आठ हजार जति वालश्रमिक देखिन्छन् (वलराम सापकोटा, सदस्य, केन्द्रीय गलैचा उद्योग संघ) यसरी हेर्दा अझ पनि वालश्रमिक लाई काममा लगाएको देखिन्छ । वाश्रमिक हटाउन श्री ५ को सरकार, विभिन्न वालवालिका सम्वन्धि काम गर्ने अन्तराष्ट्रिय, राष्ट्रिय गैर सरकारी संस्थाहरुले गलैचा उद्योगको अध्ययन, अनुसन्धान, अनुगमन गर्नु जरुरी देखिन्छ ।

१६. श्रमिकहरु आफैले गलैचा उत्पादन गर्न सकुन गर्न सकुन् भनि सामुहिक रुपमा विना धितो र निर्व्याजी ऋण उपलव्ध गराउनु पर्दछ र परिमाणत्मक क्षमता पनि अभिवृद्धि गराउनुपर्दछ ।

# सन्दर्भग्रन्थ सुची


- Agrawal S. Nath, (1999). Carpet & Wood vol-3 published in Calculta
- Carpet Bulleting, 20060, CCIA
- Das P.L. 1990 fundamental theoratical approse in Sociology & Anthropology, published in animis offset pres, Ktm.
- Human Development Report- 1998
- Lashon Fredic, 1990 Hugs &Carpet of the Owent kint, New York
- Member directory, 2060, CCIA
- Nepal Programmes & Strategies for employment promotion, 1996, UNDP
- Nepalese Overseas Trade Statistics, 1993/1994 Trade promotion center, Kathmandu
- New Letter (May/June 2002), FNCCI
- Raj Bhandari Ananda Krishna, 2042 Cottage Industry in Nepalese Economy, HMG press, Singhadurbar, Kathmandu
- Rawal Tapta Bdr. 2052 & anthropological study of woman carpet Industry, Nepal
- Shrestha Sharan Hari, economic & human geography of Nepal, offset press, Kathmandu
- The Constitution of Nepal, 2047 Low Book Management, Babarmahal, Nepal
- The Nepalese Tibetian Carpet, 1992, of Presentation Issue CCIA, Nepal
- Workcast Ted, 1992, History of Tibetian Carpet in Nepal
- वलराम आचार्य २०५९, नेपाली समाज र संस्कृतिको विश्लेषण
- स्टुडेन्ट वुक्स एण्ड स्टेशनरी
- वलराम आचार्य २०५९, विकास समाज सास्त्र
- आर्चाय प्रकाशन
- डोर व. विस्ट, सवै जातको फूलवारी २०५१ नेपाल
- नेपाल राजपत्र भाग -३, २०५०
- परिश्रम र परिश्रमिक निर्धारण तथा श्रम अदातलको गठन, २०५३ Institute For Legal Research and Resources Asian American Free Labour Institute
- श्रम कानुन संक्षित जानकारी - नेपाल ट्रेड यूनियन कांग्रेस २०५३
- सामुहिक सौदावाजी तथा श्रम विवाद समाधानको कानूनी प्रक्रिया - नारायण भट्टराई Asian American Free Labour Institure काठमाण्डौ, २०५३
- हरिवहादुर के.सी., २०६०, जोरपाटी स्थित गलैचा उद्योगमा काम गर्ने मजदूरहरुको सामाजिक, आर्थिक स्थिति एक अध्ययन
- ट्रेड यूनियन सम्वन्धि साक्षारता पुस्तिका इन्स्टिच्यूट कर लिगल रिसर्च एण्ड रिसोसेसिज एसियन अमेरीकन फ्री लेवर इन्स्टिच्यूट २०५३
- डोर व. विष्ट

# अनुसुची

## प्रश्नावली-१

**श्रमिकहरु लाई गरिने प्रश्नवलि निम्न प्रकारकाको छ।**

**१. उद्योगको परिचय**

क. उद्योगको नाम

ख. ठेगाना

ग. स्थापना भएको मिति

घ. पुँजि

ङ. शेयर होल्डर वा व्यक्तिगत

च. जम्मा कामदार संख्या

पुरुष महिला वालवालिका

**२. श्रमिकको व्यक्तिगत विवराण**

क. नाम :-

ख. थर :-

ग. उमेर :-

घ. लिङ्ग :-

ङ. धर्म :-

च. जिल्ला :-

छ. वैवाहिक स्थिती :-

**३. अहिलेको आम्दानिले जीवन यापन गर्न पुग्छ पुग्दैन ?**

क. पुग्छ ख. पुग्दैन

**४. कहिले देखि यस उद्योगमा काम गर्न थाल्नु भयो ?**

साल महिना

**५. तपाँई को घरमा यी सामान के कति छ ?**

टि.भि  साईकल

रेडियो  कुनै छन्

मोटरसाईकल

ग्याँस चुल्हो

**६. तपाईको परिवार वाट अन्य सदस्य यस उद्योगमा काम गर्छन की गर्दैनन् ?**

छन्    छैनन्

**अ. गर्छन् भने कति जना**

१ जना    २ जना    ३ जना    ४ जना

**७. आम्दानी वाट वचेको रकम केमा खर्च गर्नु हुन्छ ?**

क. परीवारिक गुजार टार्न

ख. छोरा छारी पढाउन

ग. मनोरञ्जन गर्न

घ. जग्गा किन्न

ङ. वैङ्कमा जम्मा गर्न

**८. तपाई काम गरेवापत ज्याला कसरी लिनु हुन्छ ?**

क. ज्यालादरीमा

ख. वुनेको वर्गमिटरको आधारमा

ग. मासिक तववमा

**९. तपाईले काम गरेवापत ज्याला कहिले लिनु हुन्छ ?**

क. हप्ता-हप्तामा

ख. पन्ध्र दिनमा

ग. महिना दिनमा

**१०. तपाई एक हप्तामा कति वर्ग मिटर तयार पर्नु हुन्छ ?**

क. एक वर्गमिटर

ख. दुई वर्गमिटर

ग. तिन वर्गमिटर

घ. चार वर्गमिटर

११. **तपाई एक दिनमा कति घण्टा काम गर्नु हुन्छ ?**

क. पाँच घण्टा

ख. छ घण्टा

ग. सात घण्टा

घ. आठ घण्टा

१२. **तपाई ज्याला अतिरिक्त अन्य सुविधा पाउनु भएको छ वा छैन ?**

क. छ ख. छैन

१३. **तपाईले कति कक्षा सम्म अध्ययन गर्नुभएको छ ?**

क. तिन कक्षा

ख. पाँच कक्षा

ग. सात कक्षा

घ. दस कक्षा वा वढी

१३. **यस भन्दा पहिले अन्य उद्योग धन्दामा काम गर्नु भएको थियो या थिएन ?**

क. थियो ख. थिएन

१४. **अन्य कुनै सिप छ कि छैन ?**

क. छ ख. छैन

१५. **तपाँईलाई पाएँ भने पढ्ने चासो छ वा छैन ?**

क. छ ख. छैन

१६. **तपाँई यस गलैंचा उद्योगमा परीवारिक कारणले गर्न आउनु भयो कि व्यक्तिगत ?**

क. पारिवारिक ख. व्यक्तिगत

१७. **तपाँईलाई धनी व्यक्तिको व्यवहार कस्तो लाग्छ ?**

क. राम्रो ख. नराम्रो

**१८. तपाँईलाई अन्य वर्गको व्यक्तिहरुले कस्तो व्यवहार गर्दछन् ?**

क. राम्रो

ख. नराम्रो

ग. चासो राख्दैनन्

**१९. तपाँई विरामी परेमा स्वाथ्य परिक्षण कहाँ गराउनु हुन्छ ?**

क. धामी झाँक्री ख. आफ्नो घरमा

ग. अस्पतालमा

**२०. गलैंचा तयार पार्ने काम कहाँ सिक्नु भयो ?**

क. परिवारवाट ख. घरेलु तालिम वाट ग. साथी भाई वाट

घ. उद्योगवाट

**२१. तपाँईको जागीरको स्थिती कस्तो छ ?**

क. स्थायी ख. अस्थायी ग. ज्यालादारी

**२२. तपाँईको छोरा-छोरीको पढाई शुल्क कसले दिन्छ ?**

क. तपाँई आफैंले ख. उद्योगले

**२३. के तपाँई यस कार्यवाट सुन्तुष्ट हुनुहुन्छ ?**

क. छ ख. छैन

**२४. तपाँई आफ्नो हक हितको लागी कुनै युनियनमा संलग्न हुनुहुन्छ कि ?**

क. छ ख. छैन

**२५. तपाँईले आफ्नो भविष्यको वारेमा सोच्नु भएको छ ? सोचेको भए के छ ? साथै श्रमिक भएकाले आफ्नो केही माग छ ?**

**२६. तपाईले आफ्नो भविश्यको वारेमा के सोच्नु भएको छ ? सोचेको भए के छ ? साथै श्रमिक भएकोले आफ्नो केहि माग छ ?**

## प्रश्नावली-२

# उद्योग मालिकलाई सोधिने प्रश्नावलीहरु

१. तपाईको कारखानाको क्षेत्रफल कति छ ?

२. तपाईको कारखानाको उत्पादन क्षमता कति छ ?

३. उत्पादित गलैचा कहाँ विक्रि गर्नुहुन्छ ?

४. वासिङ्ग तथा रंगाई प्लान्ट आफ्नै छ वा छैन ?

५. तपाईका कारखानामा कति जना श्रमिक छ ?

६. वालवालीकाहरु लाई श्रमिकको रुपमा लगाउनु भएको छ वा छैन ?

७. कुन कुन जिल्ला वाट काममा आएका छन् ?

८. जम्मा कति वटा तान राख्नु भएको छ ?

९. कुनै वित्तिय संस्था वाट ऋण लिनुभएको छ वा छैन ?

१०. यसलाई विकाश विस्तारका लागी के कस्ता सरकारी गैर सरकारी संथा लगेका छन् कुन प्रविधि दिएका छन् ?

११. यस उद्योग वाट मासिक आय कति हुन्छ ?

१२. जम्मा मुल्याङ्कन कति हुन्छ ?

१३. कच्चा पदार्थ कहावाट ल्याउनु भएको छ ?

१४. जम्मा आम्दानी कुन-कुन क्षेत्रमा खर्च गनुहुन्छ ?

| | | |
|---|---|---|
| तलव | सुविधा | कच्चा पदार्थ |
| ईन्धन | घरभाडा | यातायात |

१५. तपाई यस उद्योगको अन्य केही भए वताई दिनुहुन्छकी ?

## प्रश्नावली-३

**गलैचा उद्योगको सम्वन्धमा शिषेश जानकारी हासिल गरेका व्यक्तिहरु लाई सोधिने प्रश्नावली**

नेपालमा गलैचा उद्योको के महत्व छ ?

➢

गलैचा उद्योगलाई प्रभाकारी वनाउन के गनुपर्ला ?

➢

गलैचा उद्योगका श्रमिकका दक्ष वनाउन के गर्ने ?

➢

के श्रमिक वर्गलाई ऋण सुविधा दिएर गलैचा उत्पादन गर्न सकिदैन ?

➢

यस उद्योगको भविष्य कस्तो छ ?

➢

के गलैचा उद्योगमा काम गर्ने महिला तथा पुरुष श्रमिकहरुका वारेमा केही भन्न सक्नुहुन्छ?

➢